मङ्सिर - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १६ | **२०७९ मङ्सिर १६-२९** | पूर्णाङ्क ७३०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १० |
| इजलास नं. २ | १० |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ३ |
| **जम्मा** | **४२** |

| | |
|---|---|
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | ५ |
| **जम्मा** | **८** |

**कूल जम्मा ४२ + ८ = ५०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, मङ्सिर – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं.१ | | | १ - १३ |
| १. | जालसाजी | अभयकुमार दाससमेत वि. दिनेशचन्द्रप्रसाद सोनार सर्राफ | १ |
| २. | निषेधाज्ञा | लता भट्टराई वि. आशिष जोशीसमेत | १ |
| ३. | उत्प्रेषण, परमादेश | चन्द्रमान मलेकु वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत | २ |
| ४. | अपहरण, जबरजस्ती करणी, कर्तव्य ज्यान | नेपाल सरकार वि. योगेन्द्र घिमिरसमेत | ३ |
| ५. | उत्प्रेषण, परमादेश | चन्द्रमान मलेकु वि. श्री काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ४ |
| ६. | उत्प्रेषणयुक्त परमादेश | श्याम सिंह धामीसमेत वि. उदे कामी | ७ |
| ७. | मानव बेचबिखन तथा ओसारपसार | अहमद अन्सारी वि. नेपाल सरकार | ६ |
| ८. | जबरजस्ती करणी | दुर्गाबहादुर श्रेष्ठ वि. नेपाल सरकार | ७ |
| ९. | उत्प्रेषण, परमादेशसमेत | ममता वनिया वि. निर्वाचन आयोग कान्तिपथ, काठमाडौंसमेत | ८ |
| १०. | झुट्टा विवरण पेस गरी नागरिकता लिएकोसमेत | नेपाल सरकार वि. अलि असरफ अन्सारीसमेत | १० |
| इजलास नं. २ | | | १३ – १८ |
| ११. | उत्प्रेषणसमेत | सुचिताकुमारी यादवसमेत वि. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | १३ |
| १२. | चेक अनादर | प्रमोद अधिकारी वि. सुनिल बस्नेत | १३ |
| १३. | भन्सार चोरी पैठारी | खुमराज पुञ्जाली वि. प्रो.उमेश गर्ग | १४ |
| १४. | जबरजस्ती करणी | नेपाल सरकार वि. ज बहादुर | १४ |
| १५. | बन्दी प्रत्यक्षीकरण | वीरबहादुर वि.क. समेत वि. श्री पर्वत जिल्ला अदालत तहसिल शाखा, कुश्मा पर्वतसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १६. | बन्दी प्रत्यक्षीकरण | रशबहादुर घर्तिमगर वि. श्री पर्वत जिल्ला अदालत तहसिल शाखा, कुश्मा पर्वतसमेत | १५ |
| १७. | कर्तव्य ज्यान | राधेश्याम चौधरी वि. नेपाल सरकार | १६ |
| १८. | लागु औषध (अफिम) | करनाल सिंह वि. नेपाल सरकार | १६ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमला परियार दर्जी | १७ |
| २०. | उत्प्रेषणसमेत | उच्च माध्यमिक विद्यालय बस्तिपुरसमेत वि. चन्द्रेश्वर साह | १७ |
| **इजलास नं. ३** | | | १८ – २२ |
| २१. | फैसला बदर अंश | रामचन्द्र चौधरी वि. गोवरधन चौधरीसमेत | १८ |
| २२. | लागु औषध (हिरोइन) | नेपाल सरकार वि. किरण पोख्रेलसमेत | १९ |
| २३. | उत्प्रेषणयुक्त परमादेश | आदेश जोशी वि. सुखाडी महतो खुलवटसमेत | २० |
| २४. | फैसला बमोजिम फैसला बदर मुद्दा दर्ता गरी कारबाही चलाइपाउँ | निर्मला जोशी वि. वसकलियादेवी खुलवटीनसमेत | २० |
| २५. | मोही नामसारी गरिपाऊँ | आदेश जोशी वि. सुखाडी महतो खुलवट | २१ |
| **इजलास नं. ४** | | | २२ – २८ |
| २६. | मानव बेचबिखन तथा ओसारपसार | मंगल सिंह थिङ वि. नेपाल सरकार, विमलामाँया भोम्जन वि. नेपाल सरकारसमेत | २२ |
| २७. | कर्तव्य ज्यान | भुगोल माझी वि. नेपाल सरकार, धनबहादुर माझी वि. नेपाल सरकार, रमिला माझी वि. नेपाल सरकार | २६ |
| २८. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | भानबहादुर विष्ट वि. नेपाल सरकार | २७ |
| **इजलास नं.५** | | | २८ – ३४ |
| २९. | जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन | नेपाल सरकार वि. जगदिश अग्रवाल | २८ |
| ३०. | घुस / रिसवत लिई भ्रष्टाचार गरेको | नेपाल सरकार वि. सञ्जयकुमार यादव | ३० |
| ३१. | किर्ते जालसाज | सुभाषकुमार यादव वि. सुर्जिदेवी सुतिहारसमेत | ३० |
| ३२. | उत्प्रेषणयुक्त परमादेशसमेत | डा. खेमनाथ कोइराला वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, भक्तपुरसमेत | ३१ |

| | | | |
|---|---|---|---|
| ३३. | बन्दी प्रत्यक्षीकरण | शिशिर कुमार भुषाल वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ३३ |
| ३४. | डाँका | नेपाल सरकार वि. बलप्रसाद वि.क. समेत | ३४ |
| इजलास नं.६ | | | ३४ – ३९ |
| ३५. | उत्प्रेषणयुक्त परमादेश | अध्यक्ष शैलेन्द्रकुमार चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३४ |
| ३६. | हातहतियार खरखजाना | नेपाल सरकार वि. अशोककुमार ठाकुरसमेत | ३५ |
| ३७. | बैंकिङ कसुर | नेपाल सरकार वि. भिमबहादुर खत्री | ३६ |
| ३८. | बैंकिङ कसुर | कृष्णचन्द्र ठकुरी वि. नेपाल सरकार | ३७ |
| ३९. | सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. भरतकुमार यादवसमेत, भरतकुमार यादव वि. नेपाल सरकार, ब्रम्हदेव यादव वि. नेपाल सरकार | ३७ |
| इजलास नं.७ | | | ३९ – ४२ |
| ४०. | गैंडा मारी खाग बिक्री व्यवसाय | तिलकराम चौधरी वि. नेपाल सरकार, ऋषिकान्त बस्ताकोटी वि. नेपाल सरकार, नेपाल सरकार वि. अर्जुन पंगेनीसमेत | ३९ |
| ४१. | उत्प्रेषणयुक्त परमादेश | बटुकृष्ण कार्कीसमेत वि. श्रम अदालत अनामनगर काठमाडौंसमेत | ४० |
| ४२. | बन्दी प्रत्यक्षीकरण | नमुना राना ठकुरी वि. उच्च अदालत पोखरासमेत | ४१ |
| इजलास नं.९ | | | ४२ – ४६ |
| ४३. | कर्तव्य ज्यान | धनराज खत्री वि. नेपाल सरकार | ४२ |
| ४४. | बाल यौन दुराचार (जबरजस्ती कारणी) | नवराज पाण्डे वि. नेपाल सरकार | ४४ |
| ४५. | कारागारबाट थुनुवा भागेको | नेपाल सरकार वि. धनराज खत्री | ४५ |
| इजलास नं.१० | | | ४६ – ५२ |
| ४६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. मुकेस कुमार शर्मा (लोहार) समेत | ४६ |
| ४७. | लिलाम दर्ता बदर दर्ता | शिवनाथ राउत अहिर वि. धर्मनाथ राउत अहिरसमेत | ४७ |
| ४८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. केदार कटुवालसमेत | ४८ |
| ४९. | परमादेशसमेत | नमराज अधिकारीसमेत वि. संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४९ |
| ५०. | उत्प्रेषणसमेत | लाइफ केयर प्रिन्स डाइग्नोष्टिक सेन्टर प्रा.लि. वि. नेपाल ट्रष्टको कार्यालयसमेत | ५१ |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-०८७२, जालसाजी, अभयकुमार दाससमेत वि. दिनेशचन्द्रप्रसाद सोनार सर्राफ

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले यो यस किसिमबाट हामीलाई नोक्सान पारे वा नगरे नभएको झुट्ठा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाए भन्ने फिराद दाबी रहेको पाइँदैन । विवादित कि.नं. ३९७ र ३९८ को जग्गाको मोही आफूहरू भएको भनी आ-आफ्नो दाबी र जिकिर लिई विवादको उठान भएपछि सम्बन्धित निकायबाट सोको प्रमाणको मूल्याङ्कन तथा विवेचना गरी न्यायिक निरूपण हुने विषयलाई ऐनमा उल्लिखित परिभाषाले जालसाजी ठहर गर्न मिल्दैन । साथै यिनै वादी प्रतिवादीहरू पक्ष विपक्ष भई चलेको लगाउका फैसला बदरसमेतका मुद्दामा मन्तुरीदेवीको लोग्ने शंकर साह सोनार विवादित कि.नं. ३९७ र ३९८ को जग्गाको मोही कायम हुने भनी भूमि सुधार कार्यालय पर्साले मिति २०६४।४।१३ मा गरेको निर्णयलाई सदर हुने ठहराई पुनरावेदन अदालत हेटौंडाले गरेको मिति २०६७।१२।१३ को फैसला सदर हुने ठहरी आजै यसै इजलासबाट फैसलासमेत भएको अवस्थामा उक्त विवादित कि.नं. ३९७ र ३९८ को जग्गाको मोही आफूहरू भएको भनी विपक्षी वादीहरूले भूमिसुधार कार्यालय पर्सामा फैसला बदर, मोही नामसारी, मोही लगत कट्टासमेतका मुद्दाहरू दिएको भन्ने आधारमा मात्र हामीलाई मुद्दा दिई सम्पत्ति खाने दुराशय राखे भन्ने वादीहरूको फिराद दाबी मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. मा उल्लेख गरिएको परिभाषाभित्रको नदेखिँदा मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम फिराद खारेज गरेको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ, वादीहरूको फिराद दाबी मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहराएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६४।६।६ को फैसलालाई सदर हुने ठहराई पुनरावेदन अदालत हेटौँडाबाट मिति २०६७।१२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल कार्तिक १९ गते रोज ३ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७१-CR-०८७३, जालसाजी, अभयकुमार दाससमेत वि. मन्तुरी देवी सोनारनीसमेत
- ०७१-CR-०८७४, जालसाजी, अभयकुमार दाससमेत वि. मन्तुरी देवी सोनारनीसमेत

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CI-१४९८, निषेधाज्ञा, लता भट्टराई वि. आशिष जोशीसमेत

विपक्षीले भवन निर्माणसम्बन्धी मापदण्ड, २०६४ को पालना नगरी तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ बमोजिम नक्सा पास नगराई संरचना निर्माण गरेको भन्ने दाबीको सम्बन्धमा हेर्दा विपक्षीले मापदण्डविपरीत संरचना निर्माण गर्न लागेको भनी ललितपुर उपमहानगरपालिकामा निवेदिकाले मिति २०७३।४।१६ मा नै निवेदन दिइसकेको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम कुनै घर नक्सा पास नगरी बनाएमा वा

नक्साबमोजिम नबनाएमा सो घर पूरै वा कुनै भाग नगरपालिकाले भत्काउन सक्ने तथा जरिवाना गर्न सक्ने कानूनी व्यवस्था रहेको र त्यसैबमोजिम ललितपुर उपमहानगरपालिकाले प्राविधिक खटाई मापदण्डबमोजिम विपक्षीको घर निर्माण भए नभएको भन्ने कुराको जाँचबुझ गर्दागर्दैको अवस्थामा यी निवेदिका अदालत प्रवेश गरेको भन्ने उपमहानगरपालिकाको लिखित जवाफ रहेको छ । यस अर्थमा निवेदिकाको निवेदनउपर आवश्यक कारबाही नगरी उपमहानगरपालिकाले बेवास्ता गरेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन आउँदैन । साथै यदि विपक्षीले बनाएको संरचना नक्सा वा मापदण्डविपरीत भएको अवस्थामा त्यसलाई भत्काउने वा निर्माण कर्तालाई जरिवाना गर्ने विकल्प उपमहानगरपालिकासँग प्रशस्त रहिरहेकै अवस्थामा निवेदिकाले दाबी लिए जस्तो उपमहानगरपालिकाले निवेदनउपरको कारबाहीमा बेवास्ता गरेको तथा मापदण्डसम्बन्धी जाँचबुझको कार्य नै नसकिएको अवस्थामा निवेदन दाबीबमोजिम निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था नदेखिने ।

विपक्षी लिखित जवाफ प्रस्तुतकर्ताले आफ्नो निर्विवाद हकभोगको जग्गामा नगरपालिकाबाट नक्सा पास गरी पाले बस्ने एक तले घर टहरा बनाउन लागेकोमा सो घर टहरा हाल निर्माण भई कार्य सम्पन्न गरिसकेको, उक्त संरचनाको नक्सा पार गर्ने प्रक्रियामा रहेको र घर निर्माण भएको जग्गामा निवेदिकाको कुनै हक नभई विपक्षीकै निर्विवाद हक भोग रहेको देखिँदा विपक्षीको घर निर्माण कार्यले निवेदिकाको हक अधिकारमा कुनै असर वा आघात पुऱ्याएको भन्ने नदेखिने ।

निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने भनी उच्च अदालत पाटनबाट मिति २०७३।१०।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम् ।**

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CI-१०१८, उत्प्रेषण, परमादेश, चन्द्रमान मलेकु वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत

पुनरावेदकले विपक्षी फाइनान्ससँग करार गर्दा खुलाएको ठेगानामा नै म्याद जारी भएको हो भनी विपक्षी फाइनान्सले लिखित जवाफमा खुलाएको देखिन्छ । त्यसैगरी कम्पनीको प्रबन्ध पत्रमा समेत सेयरधनी यी पुनरावेदकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. ३५ कोटेश्वर भनी उल्लेख भएको पाइयो । यस सम्बन्धमा निवेदकले समेत उक्त ठेगाना मनकामना मनी एक्सप्रेस नामक कम्पनी दर्ता गर्ने सिलसिलामा अस्थायी बसोबास गर्दाका बखतको ठेगाना भएको भनी निवेदनमा उल्लेख गरेको देखियो । उक्त ठेगानामा बसोबास गरेको र कम्पनी दर्ता गर्दा सोही ठेगाना उल्लेख गरेको भनी निवेदकले स्वीकार नै गरेको देखिन्छ । पुनरावेदकले उक्त ठेगानामा आफ्नो बसोबास नरहेको हुँदा सो ठेगाना राखी जारी भएको सूचना म्याद रीतपूर्वकको होइन भनी लिएको जिकिरका सम्बन्धमा निवेदकले कम्पनी दर्ता गर्दा तथा विपक्षी बैंकसँग करार गर्दा देखाएको ठेगाना उल्लेख गरी फिराद दिनु र सोही ठेगानामा म्याद जारी गर्नु अन्यथा देखिएन । रीतपूर्वक म्याद तामेल भएको होइन भन्ने जिकिरका सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क. मा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रूपमा पाउन सक्ने मनासिब आधार र कारण छ भनी इजलासबाट आदेश

भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेर म्याद तामेल गर्न सकिने भन्ने व्यवस्था रहेको देखिन्छ । यस व्यवस्थाअनुसार निवेदकले आफैँले उपलब्ध गराएको ठेगाना उल्लेख गरी म्याद सूचना राष्ट्रिय दैनिक पत्रिका राजधानीमा प्रकाशित गरी तामेल गरिएको म्याद रीतपूर्वक नै तामेल भएको भनी मान्नुपर्ने देखिन आउने।

पुनरावेदकले का.जि.का.म.न.पा. ३५, कोटेश्वर ठेगाना राखी म्याद सूचना प्रकाशित हुँदा बाबु बाजेको नाम नखुलेको र नाम मात्र भएको सूचनाबाट उक्त व्यक्ति म नै हो भनी यकिन हुन नसक्ने भनी लिएको निवेदन जिकिरका सम्बन्धमा हेर्दा उक्त सूचनामा रहेको बेहोरा, वादी एभरेष्ट फाइनान्सले दायर गरेको रकम दिलाइपाउँ विषयको मुद्दा रहेको, का.जि.का.म.न.पा. वडा नं. ३५ कोटेश्वर बस्ने अ. वर्ष ५३ को चन्द्रमान मलेकु भनी उल्लेख भएको, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ स्थित कान्तीपथमा रहेको मनकामना मनी एक्सप्रेस प्रा.लि. लाई समेत विपक्षी बनाई उक्त कम्पनी तथा ठेगाना उल्लेख भएको, काठमाडौं जिल्ला अदालतबाट जारी गरिएको म्याद बेपत्ते भएको भन्ने बेहोरासमेतबाट उक्त सूचनामा उल्लिखित व्यक्ति पुनरावेदक नै रहेको यकिन गर्न सकिने देखिन्छ । त्यसैगरी फिरादी एभरेष्ट फाइनान्ससँग यी पुनरावेदकको संस्थागत रूपमा कारोबार वा करारसमेत भएको अवस्थामा समेत उक्त सूचना म्यादमा उल्लेख गरिएको व्यक्ति निवेदक नै हुन् भनी यकिन गर्न सकिने अवस्थालाई समेत नकार्न नसकिने हुँदा पुनरावेदकको जिकिर तर्कसङ्गत नदेखिने।

काठमाडौं जिल्ला अदालतमा यी पुनरावेदकसमेतका विरूद्धमा फिराद परेपछि फिरादमा उल्लेख भएको वतन काठमाडौं जिल्ला का.जि.का.म.न.पा. वडा नं. ३५ कोटेश्वरमा म्याद जारी गरिएको र उक्त ठेगानामा म्याद तामेल नभई सोही ठेगाना राखी राष्ट्रिय दैनिक पत्रिकामा म्याद सूचना जारी भएको र पुनरावेदक संलग्न रहेको कम्पनीमा निज पुनरावेदकले सोही ठेगाना राखि कार्य गरेको तथा विपक्षी फाइनान्ससँग करार गर्दासमेत सोही ठेगाना उल्लेख गरेको देखिएको हुँदा सोही ठेगाना देखाई सूचना म्याद प्रकाशन गरेको विषयलाई कानूनबमोजिम रीतपूर्वक म्याद तामेल भएको भन्ने देखियो । म्याद तामेली रीतपूर्वक भएको अवस्थामा उक्त म्याद तामेली र सोही म्याद तामेलीका आधारमा भएको काठमाडौं जिल्ला अदालतको फैसला बदर नहुने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने।

विपक्षी एभरेष्ट फाइनान्स कम्पनी लि.ले पुनरावेदकसमेतका विरूद्धमा रकम दिलाइपाउँ भनी दिएको फिरादको म्याद तामेली रीतपूर्वक नभएकोले प्रतिवादको मौकासमेत नपाई फैसला भएको भन्ने पुनरावेदन जिकिर रहेकोमा उक्त मुद्दाको म्याद तामेली र सोही आधारमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०७१।३।२३ को फैसला बदर गर्नुपर्ने अवस्था नदेखिएको हुँदा रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): महेन्द्र प्रसाद पौड्याल

कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)

**इति सवंत् २०७७ साल फागुन २ गते रोज १ शुभम्।**

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७०-CR-१४१२, अपहरण, जबरजस्ती करणी, कर्तव्य ज्यान, नेपाल सरकार वि. योगेन्द्र घिमिरसमेत

"परिस्थितिजन्य प्रमाणको लागि तथ्यका प्रत्येक कडी एकआपसमा आबद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नुपर्ने" भनी रमेश मण्डल गनगाईसमेत विरूद्ध नेपाल सरकार

(ने.का.प.२०७६, अङ्क-७, नि.नं.१०३०२) भएको कर्तव्य ज्यान मुद्दामा उक्त सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दाको सम्बन्धमा पनि प्रहरी प्रतिवेदन, सोही आधारमा दिइएको जाहेरी दरखास्त, जाहेरवालाको प्रतिवादीहरूउपर शङ्का लाग्छ भनी गरेको बकपत्रबाहेक अरू कुनै पनि प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाण एक आपसमा आबद्ध भएको देखिएन । साथै यिनै प्रतिवादी योगेन्द्र घिमिरेले मृतक मन्दिरा कटुवाललाई अपहरण गरी जबरजस्ती करणी गरी मारेको भए निजको शरीरमा केही चोटपटक वा चिह्नहरू देखिनुपर्ने थियो तर निज प्रतिवादी काजी भाइ भन्ने योगेन्द्र घिमिरेको शारीरिक परीक्षणबाट पनि निजको अवस्था सामान्य रहेको देखिँदा यिनै प्रतिवादीले मृतक मन्दिरा कटुवाललाई कर्तव्य गरी मारेको हो भनी अनुमान गर्न मिल्ने नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यस परिप्रेक्ष्यमा वादी नेपाल सरकारले प्रतिवादीहरू काजीभाइ भन्ने योगेन्द्र घिमिरे, पहलमान घिमिरे तथा लक्ष्मी घिमिरेको मृतक मन्दिरा घिमिरेको अपहरण, जबरजस्ती करणी तथा कर्तव्य ज्यान जस्तो जघन्य अपराधमा निजहरूको संलग्नता रहेको तथ्य वस्तुनिष्ठ तवरबाट पुष्टि गर्न सकेको देखिएन । यस अवस्थामा निज प्रतिवादीहरूलाई केवल शङ्का र अनुमानका आधारमा सजाय गर्नु न्यायसङ्गत नहुने ।

प्रस्तुत मुद्दामा मृतक मन्दिरा कटुवालको मृत्यु प्रतिवादीहरू काजीभाइ भन्ने योगेन्द्र घिमिरे, पहलमान घिमिरे तथा लक्ष्मी भन्ने डम्बरकुमारी घिमिरेको कर्तव्यबाट भएको भन्ने कुनै ठोस एवं निर्विवाद प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । यसका साथै कुनै प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणले प्रतिवादी काजी भाइ भन्ने योगेन्द्र घिमिरेले मृतक मन्दिरा कटुवाललाई अपहरण गरी लक्ष्मी घिमिरेको गोठमा जबरजस्ती गरी प्रतिवादीहरू लक्ष्मी घिमिरे र पहलमान घिमिरेसमेतको संलग्नतामा उक्त घटना लुकाउन मृतक मन्दिरा कटुवाललाई मारेको तथ्य कुनै प्रमाणले स्थापित नगरेको तथा परिस्थितजन्य प्रमाणहरू पनि मालाकार रूपमा नभएको हुँदा केवल अनुमानका आधारमा कर्तव्य ज्यान जस्तो जघन्य अपराधमा सजाय गर्न नमिल्ने हुँदा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी लक्ष्मी भन्ने डम्बरकुमारी घिमिरे र पहलमान घिमिरेले अभियोग दाबीबाट सफाइ पाउने गरी धनकुटा जिल्ला अदालतबाट भएको फैसलालाई सदर तथा अर्को प्रतिवादी काजीभाइ भन्ने योगेन्द्र घिमिरेलाई ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद तथा रू.१,००,०००।- क्षतिपूर्ति भराइदिने गरी धनकुटा जिल्ला अदालतबाट मिति २०७०।१।९ मा भएको फैसलालाई उल्टी गरी अभियोग मागदाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७०।७।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन १७ गते रोज २ शुभम् ।**

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-WO-०५३४, उत्प्रेषण, परमादेश, चन्द्रमान मलेकु वि. श्री काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

निवेदकले विपक्षी बैंकसँग उल्लिखित करार गर्दा खुलाएको ठेगानामा नै म्याद जारी भएको हो भनी विपक्षी बैंकले लिखित जवाफमा खुलाएको देखिन्छ । त्यसैगरी कम्पनीको प्रबन्ध पत्रमा समेत सेयरधनी यी निवेदकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. ३५ कोटेश्वर भनी उल्लेख भएको पाइयो ।

यस सम्बन्धमा निवेदकले समेत उक्त ठेगाना मनकामना मनी एक्सप्रेस नामक कम्पनी दर्ता गर्ने सिलसिलामा अस्थायी बसोबास गर्दाका बखतको ठेगाना भएको भनी निवेदनमा उल्लेख गरेको देखियो। उक्त ठेगानामा बसोबास गरेको र कम्पनी दर्ता गर्दा सोही ठेगाना उल्लेख गरेको भनी निवेदकले स्वीकार नै गरेको देखिन्छ। निवेदकले उक्त ठेगानामा आफ्नो बसोबास नरहेको हुँदा सो ठेगाना राखी जारी भएको सूचना म्याद रीतपूर्वकको होइन भनी लिएको जिकिरका सम्बन्धमा निवेदकले कम्पनी दर्ता गर्दा तथा विपक्षी बैंकसँग करार गर्दा देखाएको ठेगाना उल्लेख गरी फिराद दिनु र सोही ठेगानामा म्याद जारी गर्नु अन्यथा देखिएन। रीतपूर्वक म्याद तामेल भएको होइन भन्ने जिकिरका सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क. मा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रूपमा पाउन सक्ने मनासिब आधार र कारण छ भनी इजलासबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेर म्याद तामेल गर्न सकिने भन्ने व्यवस्था रहेको देखिन्छ। यस व्यवस्थाअनुसार निवेदकले आफैँले उपलब्ध गराएको ठेगाना उल्लेख गरी म्याद सूचना राष्ट्रिय दैनिक पत्रिका राजधानीमा प्रकाशित गरी तामेल गरिएको म्याद रीतपूर्वक नै तामेल भएको भनी मान्नुपर्ने।

निवेदकले का.म.न.पा. ३५, कोटेश्वर ठेगाना राखी म्याद सूचना प्रकाशित हुँदा उक्त व्यक्ति म निवेदक नै हो भनी यकिन हुन नसक्ने भनी लिएको निवेदन जिकिरका सम्बन्धमा हेर्दा उक्त सूचनामा रहेको बेहोरा, वादी कर्णाली विकास बैंकले दायर गरेको करारबमोजिमको रकम भराइपाउँ विषयको मुद्दा रहेको, का.जि. का.म.न.पा. वडा नं. ३५ कोटेश्वर बस्ने अ. वर्ष ५३ को चन्द्रमान मलेकु भनी उल्लेख भएको काठमाडौं जिल्ला अदालतबाट जारी गरिएको म्याद बेपत्ते भएको भन्ने बेहोरासमेतबाट उक्त सूचनामा उल्लिखित व्यक्ति निवेदक नै रहेको यकिन गर्न सकिने देखिन्छ। त्यसैगरी फिरादी कर्णाली विकास बैंकसँग यी निवेदकको संस्थागत रूपमा कारोबार वा करारसमेत भएको अवस्थामा समेत उक्त सूचना म्यादमा उल्लेख गरिएको व्यक्ति निवेदक नै हुन् भनी यकिन गर्न सकिने अवस्थालाई समेत नकार्न नसकिने हुँदा निवेदकको जिकिर तर्कसङ्गत नदेखिने।

काठमाडौं जिल्ला अदालतमा यी निवेदकसमेतका विरूद्धमा फिराद परेपछि फिरादमा उल्लेख भएको वतन काठमाडौं जिल्ला का.जि. का.म.न.पा. वडा नं. ३५ कोटेश्वरमा म्याद जारी गरिएको र उक्त ठेगानामा म्याद तामेल नभई सोही ठेगाना राखी राष्ट्रिय दैनिक पत्रिकामा म्याद सूचना जारी भएको र निवेदक संलग्न रहेको कम्पनीमा निज निवेदकले सोही ठेगाना राखी कार्य गरेको तथा विपक्षी बैंकसँग करार गर्दासमेत सोही ठेगाना उल्लेख गरेको देखिएको हुँदा सोही ठेगाना देखाई सूचना म्याद प्रकाशन गरेको विषयलाई कानूनबमोजिम रीतपूर्वक म्याद तामेल भएको भन्ने देखियो। म्याद तामेली रीतपूर्वक भएको अवस्थामा उक्त म्याद तामेली र सोही म्याद तामेलीका आधारमा भएको काठमाडौं जिल्ला अदालतको फैसला बदर गर्नुपर्ने देखिन नआउने।

विपक्षी कर्णाली विकास बैंकले निवेदकसमेतका विरूद्धमा करारबमोजिमको रकम भराइपाउँ भनी दिएको फिरादको म्याद तामेली रीतपूर्वक नभएकोले प्रतिवादको मौकासमेत नपाई फैसला भएको भन्ने निवेदन जिकिर रहेकोमा उक्त मुद्दाको म्याद तामेली र सोही आधारमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।७ को फैसला कानूनबमोजिम नै भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी

गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम् ।**

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७१-CI-०१६४, उत्प्रेषणयुक्त परमादेश, श्याम सिंह धामीसमेत वि. उदे कामी

पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ६५ बमोजिम भएको आदेश त्रुटिपूर्ण रहेको भनी पुनरावेदकले लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा निवेदक उदे कामीले दर्ता गरेको रिट निवेदन खारेज भएको छ । पुनरावेदकहरूले यो र यस्तो कार्य गरी अख्तियारको दुरूपयोग गरेको भन्ने देखिएको छैन । शिक्षा विभागको परीपत्र तथा जिल्ला शिक्षा समितिको निर्णयबमोजिम शिक्षक दरबन्दी मिलान कार्य भएको देखिन्छ । गणपथ प्रा.वि. ले जिल्ला शिक्षा कार्यालयको अनुमतिबाट शिक्षक भर्ना गरेको देखिन्छ भने भर्ना भएकी शिक्षक निमाकोशा शाही कनिष्ठ शिक्षक भएको मापदण्डबमोजिम दरबन्दी मिलान भएको विद्यालयमा सरूवा गरिएको भन्ने देखिन्छ । यसरी गणपथ प्रा.वि. लाई शिक्षक भर्ना रोक्का गरेपश्चात् पुनः नियुक्तिको अनुमति दिएको सम्बन्धमा मनसायपूर्वक अख्तियारको दुरूपयोग गरेको भन्ने नदेखिएको हुँदा पुनरावेदन अदालत दिपायलबाट न्याय प्रशासन नियमावली, २०४८ को नियम ६५ बमोजिमको आदेश जारी गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत लाई कारबाहीका लागि पठाउनुपर्नेसम्मको अवस्था नदेखिने ।

पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ६५ बमोजिम कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाउने भन्ने पुनरावेदन अदालत दिपायलको मिति २०७१।१।२९ गतेको फैसला केही उल्टी भई पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ६५ बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने भनी भएको आदेशसम्मको अंश बदर हुने ।

इजलास अधिकृत (उपसचिव): महेन्द्र प्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति सवंत् २०७७ साल फागुन २ गते रोज १ शुभम् ।**

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-CR-१०९६, मानव बेचबिखन तथा ओसारपसार, अहमद अन्सारी वि. नेपाल सरकार, ०७५-CR-०८०३, नेपाल सरकार वि. अहमद अन्सारी

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १५ को उपदफा (१) को देहाय खण्ड (छ) मा "खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद" हुने व्यवस्था रहेको पाइन्छ । बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले वा शोषण गर्ने उद्देश्यले मानिसलाई विदेशमा लगेको अवस्थामा बाहेक पनि उपर्युक्त लेखिएअनुसारको कार्य गरी मानिसलाई विदेशमा लगेको अवस्थामा उक्त दफा १५ (१) (छ) अनुसारको सजाय गर्न मिल्ने देखिन्छ । अगाडि नै विवाहित रहेका यी प्रतिवादीले प्युठान ५२ (क) लाई विवाहको प्रलोभनमा पारी भालुवाङदेखि चन्द्रौटा हुदै नेपाल भारतको सीमा नाका कृष्णनगरसम्म पुर्‍याएको समग्र कार्य प्रकृतिको आधारमा प्रतिवादीलाई दफा १५ (१) (छ) अनुसारको सजाय गर्न यथार्थपरक, कानून तथा न्यायसङ्गत हुने देखिन आयो । यस आधारमा कुनै पनि कसुर नगरेको र अभियोग दाबीबाट पूरै सफाइ पाउँ भन्ने प्रतिवादी समिर अहमद अन्सारीको पुनरावेदन जिकिरलाई स्वीकार गर्न मिल्ने नदेखिने ।

वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न प्रमाण

कागजातबाट प्रतिवादीले पीडितलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन निजलाई अपहरण गरी, बेहोस पारी, नाजुक स्थितिको फाइदा उठाई लगेको भन्ने अवस्था देखिँदैन। साथै, निज प्रतिवादीले चन्द्रौटाको होटलमा बस्दा यौन सम्पर्क गर्न मागे पनि मन्जुरी नदिई अलग अलग सुतेको कुरा (स.ज.७) अदालतबाट प्रमाणित पीडितको मौकाको बयानमा उल्लेख भएबाट पीडितलाई प्रतिवादीले किन्न, बेच्न वा वेश्यावृत्तिमा नै लगाउने उद्देश्यका लागि लगेको भन्ने तथ्य स्थापित हुन सकेको देखिँदैन । यद्यपि पीडितलाई भारत जाने भनी कृष्णनगरसम्म पुऱ्याएको कार्य गरेकोमा विवाद नदेखिने र पीडितलाई विवाह गर्न भनी हिँडेको भन्ने पनि विश्वास लाग्न सक्ने अवस्था नहुने स्थितिसमेतबाट पीडितलाई ओसारपसार गर्नेसम्मको कार्यमा प्रतिवादीको संलग्नता रहेको भन्ने देखिने।

"अपराधशास्त्रमा अभियुक्तउपर लिइएको अभियोग दाबीबमोजिमको कसुर आधार, प्रमाणबाट पुष्टि भएमा मात्र कसुरको मात्रा, कसुरमा अभियुक्तको संलग्नतालगायतका समग्र पक्षहरूको विश्लेषणपश्चात् अभियुक्तलाई सो कसुर गरेउपर मौजुद रहे भएको कानूनी व्यवस्थाबमोजिम मात्र सजाय गर्नुपर्ने मान्यता स्थापित छ, जुन कानूनी शासनको मकसदसमेत हो। कुनै अभियुक्तउपरको कसुर स्थापित भइसकेपछि सो कसुर गरेउपर रहेको कानूनी व्यवस्थाबमोजिम सजाय नगरी आफूखुसी सजाय निर्धारण गर्नु मान्य न्यायका सिद्धान्तविपरीत समेत हुन जाने" भनी नेपाल सरकार विरूद्ध मिठे भन्ने ठगबहादुर सुनार (ने.का.प. २०७५, अङ्क ९, नि.नं. १००९०) को मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको देखिन्छ । प्रस्तुत सिद्धान्तको रोहमा समेत हेर्दा, यस मुद्दामा प्रतिवादीबाट पीडितलाई ओसारपसार गर्नेसम्मको कार्य भएको देखिई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला अन्यथा देखिन आएन । यसबाट अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोराको विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी अर्जुन भन्ने समिर अहमद अन्सारीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) (ङ) बमोजिम १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना तथा पीडितले रू.५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति पाउने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) को कसुरमा दफा १५ (१) (छ) बमोजिम ७ (सात) वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू.५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।४।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा
कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७७ मङ्सिर १६ गते रोज ३ शुभम्।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CR-२३७५, जबरजस्ती करणी, दुर्गाबहादुर श्रेष्ठ वि. नेपाल सरकार

पीडित बालिकाको जन्ममितिका सम्बन्धमा यसरी साधिकार निकायबाट प्रमाणितसमेत भएको अवस्थामा वारदातको समय मिति २०७३।१०।२९ मा यी पीडित बालिकाको उमेर ९ वर्ष १० महिना भएको देखिन्छ। कुनै पनि बालबालिकाले जबरजस्ती करणीजस्तो गम्भीर आपराधिक कार्यका बारेमा पर्याप्त मात्रामा बुझ्न नसकेको अवस्था रहेकाले उमेरको आधारमा समेत कानूनले संरक्षण गरेको हुन्छ। यसरी

पीडितको उमेर १६ वर्षभन्दा कम रहेको अवस्थामा पीडितउपर भएको करणी नै उल्लिखित कानूनी व्यवस्थासमेतबाट निषेधित कार्य हुने देखिन्छ। यसमा पीडित बालिकाको सहमति वा मन्जुरीको भए वा नभएको अवस्थाले कुनै स्थान पाउने गरी कानूनले व्यवस्था गरेको देखिँदैन । साथै, जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसुरमा प्रतिवादीले कसुर गरेपश्चात् विवाह गर्ने वा करणीको परिणामबाट गर्भ रहेकोमा सो स्वीकार गरेको अवस्थाबाट जबरजस्ती करणीको कसुरबाट छुट दिने कानूनी व्यवस्था रहेको छैन। यस किसिमको आपराधिक कार्यबाट प्रतिवादीले उन्मुक्ति खोज्ने अवस्था सिर्जना गरिनु पनि नहुने।

"बालिकाको शारीरिक अवस्था, अविकसित यौनाङ्ग, अपरिपक्व मानसिक अवस्था र प्रतिरोध गर्ने क्षमता नहुने र सजिलैसँग जुलुमीको अनुचित बहकाउ एवं फन्दामा पर्न सक्ने स्वभावको हुनाले बालिकाको सहमति एवं स्वीकृति लिए पनि करणी गरेकोमा जबरस्ती करणी ठहर्ने" भनी वादी नेपाल सरकार विरूद्ध दिपक वि.क. भएको जबरजस्ती करणी मुद्दा (ने.का.प. २०७६, अङ्क ६, नि.नं. १०२९२) मा यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको देखिन्छ। यस सिद्धान्तको रोहमा समेत हेर्दा प्रतिवादी दुर्गाबहादुर श्रेष्ठले ९ वर्ष रहेकी पीडित बालिकासँग करणी भएको कुरा स्वीकार गरिसकेको र पीडित बालिकाको जाहेरी दरखास्त एवम् बकपत्रसमेतको आधारमा निज प्रतिवादीले पीडित बालिकाउपर गरेको कार्य जबरजस्ती करणीको कसुरअन्तर्गत देखिन आएको हुँदा सुरू भोजपुर जिल्ला अदालतबाट प्रतिवादीलाई कसुरदार ठहर गरी भएको फैसलालाई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट सदर गरी भएको फैसला अन्यथा देखिन आएन । यसबाट अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवं विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी दुर्गाबहादुर श्रेष्ठउपर १० (दश) वर्षभन्दा कम उमेरकी साङ्केतिक नाम भोजपुर क (७) लाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबीबमोजिम सुरू भोजपुर जिल्ला अदालतले प्रतिवादीलाई जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुरमा सोही ऐनको ३ (१) नं. बमोजिम १२ (बाह्र) वर्ष कैद र सोही महलको १० नं. र १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.१५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने गरी मिति २०७४।११।१५ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर धनकुटा इजलासबाट मिति २०७५।८।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७७ मङ्सिर १६ गते रोज ३ शुभम्।**

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७३-WO-१३४७, उत्प्रेषण, परमादेशसमेत, ममता वनिया वि. निर्वाचन आयोग कान्तिपथ, काठमाडौंसमेत

स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा १८ को उपदफा (१) बमोजिम - मनोनयनपत्र प्रमाणित गर्ने अधिकारीसम्बन्धी व्यवस्था - " दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको पदाधिकारीको नाम, थर,पद र निजको दस्तखतको नमुना त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सोसरहको समितिले तोकेको सो समिति वा प्रदेश समितिको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको लागि मनोनयनपत्र दाखिला गर्ने अन्तिम मितिअगावै आयोगले तोकेको अवधिभित्र आयोगलाई उपलब्ध गराउनुपर्ने छ र आयोगले त्यस्तो विवरण मनोनयनपत्र दर्ता गरेन तोकिएको मितिअगावै सम्बन्धित निर्वाचन अधिकृतसमक्ष पठाइसक्नुपर्ने

छ ।" र उपदफा (२) बमोजिम – "उपदफा (१) बमोजिमको रीत नपुऱ्याई मनोनयनपत्र दाखिला भएको अवस्थामा त्यस्तो उम्मेदवारलाई सो दलको उम्मेदवारको रूपमा मान्यता दिइने छैन" भनी रहेको कानूनी व्यवस्थाबमोजिम बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिकाको उपप्रमुख पदका लागि यी निवेदिकाले प्राप्त गरेको मनोनयन पत्र दुई दलहरूबिचमा भएको सम्झौताअनुसार तथा कानूनको रीतपूर्वक मनोनयनपत्र दर्ता हुन नआएको हुँदा निवेदिकाले पेस गरेको मनोनयनपत्रले मान्यता प्राप्त गर्न सक्ने नदेखिने।

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिकाको उपप्रमुख पदका लागि एउटै राजनीतिक दलबाट एउटै पदमा दुई उम्मेदवारहरूको मनोनयन पत्र दर्ता हुन आएकोले उम्मेदवारको विषयमा उजुरी निर्वाचन आयोगमा परेको हुँदा प.सं.२०७३/७४, च.नं.कानून ३.१.२३७२/७४ पत्रद्वारा मुख्य निर्वाचन अधिकृतको कार्यालय नेपालगन्ज बाँकेमा उजुरीका सम्बन्धमा पत्राचार भएको देखिन्छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २३ को उपदफा (५) बमोजिम - "कुनै दलको तर्फबाट उम्मेदवारी दिएको कुनै उम्मेदवारको सम्बन्धमा त्यस्तो दलको दफा १८ को उपदफा (१) बमोजिम तोकिएको पदाधिकारीले निजको नाम फिर्ता लिने गरी निर्वाचन अधिकृतलाई दफा ५ को उपदफा (२) बमोजिम तोकिएको समयभित्र लेखी पठाएमा निजलाई उम्मेदवारको रूपमा कायम राखिने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सङ्घीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति पार्टी नेपाल बिचमा निर्वाचनमा सहभागी हुने सम्बन्धमा भएको सम्झौताअनुसार नेपालगन्ज उपमहानगरपालिकाको उपप्रमुख पदका लागि यी निवेदिका ममता वनियाले दुई राजनीतिक दलको तर्फबाट औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको पदाधिकारीबाट प्रमाणित मनोनयन पत्र पेस गरेको नदेखिने।

स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ४७ को (घ) र (च) को आधारमा दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्ने प्रयोजनको लागि त्यस्तो दलले औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो दलको केन्द्रीय कार्यकारिणी समिति वा सोसरहको समिति वा प्रदेश समितिको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमुना सो दलको केन्द्रीय कार्यकारिणी समितिको प्रमुख पदाधिकारी वा निजले तोकेको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको मनोनयन पत्र दाखिला गर्ने मितिभन्दा कम्तीमा पन्ध्र दिनअगावै आयोगलाई उपलब्ध गराउनुपर्ने हुन्छ। निवेदिका ममता वनियालाई मिति २०७४/०३/०५ गते मनोनयनपत्र जाँच हुने भनी जानकारी पाएको अवस्थामा निजले दुई दलको तर्फबाट मलाई आधिकारिक रूपमा उम्मेदवार मनोनयन प्रदान गरेको हो भनी औपचारिक पत्रका साथ मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निवेदिका उपस्थित हुन सकेको देखिँदैन । यस अवस्थामा निज शोभाकुमारी लखेर नै आधिकारिक उम्मेदवारका रूपमा मनोनयन भएको देखिने।

निवेदिका ममता वनियाले आफू सम्बद्ध रहेको राजनीतिक दलबाट उपप्रमुख पदका लागि म मात्र आधिकारिक उम्मेदवार मनोनीत भएको हुँ भन्ने सत्य तथ्य प्रमाण पेस गरेको पाइएन। दुवै राजनीतिक दलहरूका तर्फबाट औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको पदाधिकारीहरूको दस्तखतसहित निवेदिकालाई आधिकारिक रूपमा उम्मेदवार मनोनयन गरिएको भन्ने प्रमाण पेस हुन नसकेको अवस्थामा विपक्षी शोभाकुमारी लखेरलाई उपप्रमुख पदमा आधिकारिक रूपमा उम्मेदवार मनोनयन कायम गरी निवेदिका ममता वनियाको उजुरी खारेज भई मनोनयनपत्र बदर गरी उम्मेदवारको सूचीबाट हटाइदिने ठहर्छ भन्ने बेहोराको मुख्य निर्वाचन अधिकृतको कार्यालय नेपालगन्ज बाँकेबाट भएको निर्णय कानूनसङ्गत नै भएको देखिने।

सङ्घीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति पार्टी नेपाल दुवै राजनीतिक दलहरूले एक आपसमा गरेको सम्झौता तथा आयोगमा पेस गरेको मनोनयनपत्रसमेतका आधारमा नेपालगन्ज उपमहानगरपालिकाको उपप्रमुख पदमा शोभा कुमारी लखेरलाई उम्मेदवार कायम गर्ने गरी गरेको कामकारबाहीबाट यी निवेदिकाको कुनै प्रकारको संवैधानिक र कानूनी हक अधिकार हनन भएको देखिएन । विपक्षी शोभाकुमारी लखेरले प्राप्त गरेको आधिकारिक मनोनयनपत्रलाई निवेदिका ममता वनियाले अन्यथा हो भनी पुष्टि गर्न सकेको छैन । साथै स्थानीय तहको निर्वाचन सम्पन्न भई लामो समय व्यतीत भइसकेको साथै निवेदन जिकिरलाई पुस्ट्याइँ गर्ने प्रमाणको अभाव रहेको देखिँदा निवेदिकाको रिट निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

हाल निर्वाचन सम्पन्न भई निर्वाचनको परिणामसमेत घोषणा भई निर्वाचित उम्मेदवारहरूले आफ्नो पदीय दायित्वसमेत सम्हाली सकेको अवस्थामा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल पौष २६ गते रोज १ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७३-WO-१३५३, उत्प्रेषण / परमादेश, जयकुमारी खड्का वि. निर्वाचन आयोग कान्तिपथ, काठमाडौंसमेत
- ०७३-WO-१३४९, उत्प्रेषण / परमादेश, जगदम्बाप्रसाद पाठक वि. निर्वाचन आयोग कान्तिपथ, काठमाडौंसमेत
- ०७३-WO-१३४८, उत्प्रेषण / परमादेश, जगदीशबहादुर सिंह वि. निर्वाचन आयोग कान्तिपथ, काठमाडौंसमेत

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६९-CR-०५५७, झुट्टा विवरण पेस गरी नागरिकता लिएकोसमेत, नेपाल सरकार वि. अलि असरफ अन्सारीसमेत

प्रतिवादी अलि असरफ अन्सारीलाई झुट्टा विवरण पेस गरी नागरिकता लिएको कसुरमा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (१) बमोजिम ४ वर्ष कैद र रू.५०,०००|- जरिवानाको सजाय भएकोमा निज प्रतिवादी अलि असरफ अन्सारीले चित्त बुझाइ बसेको देखियो । नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (१) बमोजिम निज प्रतिवादीले प्राप्त गरेको नागरिकता र सोही नागरिकताका आधारमा लिएको राहदानीसमेत स्वतः रद्द भइसकेको देखिन्छ । निज प्रतिवादीलाई राहदानी ऐन, २०२४ को दफा ५ र मुलुकी ऐन, किर्ते कागजको ९ र ११ नं. बमोजिम सजाय हुन र ऐ. महलको १२ नं. बमोजिम थप सजाय हुन लिइएको अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने भनी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिन्छ । निज प्रतिवादीलाई सजाय गरिएको नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (१) को कानूनी व्यवस्था हेर्दा, "कुनै विदेशीले नेपाली नागरिक भएको दाबी गरी झुट्टो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ । झुट्टो विवरण दिई नागरिकता प्राप्त गरेबापत यस उपदफाबमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुने छ" भन्ने रहेको देखिन्छ । निज प्रतिवादीले झुट्टा विवरण पेस गरी नागरिकता लिएको तथ्य स्थापित भएकोले सो कसुरबापत निजलाई कानूनले तोकेको अधिकतम सजाय भएको अवस्था छ । झुट्टा विवरण पेस गरी

नागरिकता लिएकोले सोतर्फ कारबाही गरिसकेको अवस्थामा सोही नागरिकताको प्रमाणपत्रका आधारमा राहदानी लिने काम गरेकोले झुट्टा विवरण पेस गरी नागरिकता लिएउपर कानूनले तोकेको अधिकतम कारबाही भइसकेको र झुट्टा विवरण पेस गरी लिएको नागरिकताको आधारमा लिएको राहदानी स्वतः खारेज भइसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम थप सजाय हुने अवस्था नदेखिने।

प्रतिवादी सगिर मिया प्रतिवादी अलि असरफ अन्सारीको बाबु बनी झुट्टा विवरण पेस गरी प्रतिवादी अलि असरफ अन्सारीको नागरिकता बनाएको भन्ने आरोप रहेको पाइन्छ । निज प्रतिवादीले आरोपित कसुर आफूले नगरेको, आफ्नो नागरिकता पुरानो भएकोले प्रतिलिपि बनाउँदा आफूलाई थाहा जानकारी नदिई झुक्याएर आफ्नो नागरिकताको प्रतिलिपिको दुरूपयोग गरी निज प्रतिवादीको नागरिकता बनाएको हुन सक्छ । निज अलि असरफ अन्सारीलाई मैले चिन्दिन, मेरो छोरा होइन भनी अनुसन्धान तथा अदालतसमक्ष बयान गरेको देखिन्छ । सगिर मियाको वतन दुहवी गा.वि.स. वडा नं. १ भनी नागरिकतामा देखिन्छ भने प्रतिवादी अलि असरफ अन्सारीले सिमरिया गा.वि.स. वडा नं. ५ भनी नागरिकता लिएको देखिन्छ । केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला औंठाछाप शाखाको च. नं. १०८ मिति २०६६।७।९ गते तथा डकुमेन्ट शाखाको च.नं. ९३२ मिति २०६६।७।९ गतेको पत्रद्वारा खुली आएको परीक्षण रिपोर्ट अनुसार जिल्ला प्रशासन कार्यालय, सुनसरीमा अलि असरफ अन्सारीले नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी दिएको निवेदनमा निवेदकको पछाडिपट्टि अलि असरफ अन्सारी मेरो छोरा हो भनी सनाखत सहीछाप गर्नेको महलमा लगाएको विवादास्पद औंठाछाप र जिल्ला प्रहरी कार्यालय, सुनसरीका अनुसन्धान अधिकृतसमक्ष प्रतिवादी सगिर मियासँग लिएको दायाँ बायाँ हातको बुढी औंलाको नभई फरक व्यक्तिको औंठाछाप भएको प्रमाणित गरिएको छ भनी लेखिएको देखिन्छ जसबाट पनि उक्त सनाखतमा भएको सहीछाप निज सगिर मियाको नभएको भन्ने नै प्रमाणित हुन्छ । वस्तुस्थिति मुचुल्काका मो. जलिन रैन, आपाराम माझीसमेतले गरिदिएको घटना विवरण कागजमा निज प्रतिवादी सगिर मिया गलत काम गर्ने व्यक्ति होइनन् । निजलाई झुक्याई ल्याप्चे लगाएको हुनुपर्छ भनी कागज गरिदिएको पाइन्छ । जिल्ला प्रशासन कार्यालय, सुनसरीको नागरिकता फाँटमा कार्यरत नायब सुब्बा गायत्री अधिकारीले नागरिकता प्राप्त गर्ने व्यक्ति उपस्थित हुने र सोधपुछ गर्ने गरिए पनि कहिलेकाहीँ भिडभाडको अवस्था हुन्छ निज सगिर मियालाई सोधियो सोधिएन थाहा भएन भनी बयान बेहोरा उल्लेख गरिदिएको पाइन्छ । यसरी सनाखत गराउने कार्यमा संलग्न कर्मचारीले नै पनि निज प्रतिवादी सगिर मिया सनाखत अवस्थामा उपस्थित भएको तथ्य स्थापित गर्न सकेको देखिँदैन । यसरी अशिक्षित व्यक्तिलाई झुक्यानमा पारी ल्याप्चे लगाएको अवस्था मिसिल संलग्न कागजातका सहीछापबाट स्थापित भएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा १८ ले "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ ।" भन्ने व्यवस्था रहेको देखिन्छ । विवेचित कानूनी व्यवस्थाअनुसार कुनै लिखतमा व्यक्त भएका भनाइलाई प्रमाणमा ग्रहण गर्नका लागि निजहरूले अदालतसमक्ष उपस्थित भई उक्त लिखतको बेहोरालाई पुष्टि गर्नुपर्ने देखिन आउँछ । निज प्रतिवादी सगिर मियाले आरोपित दाबीबमोजिम कसुर नगरेको भनी अनुसन्धान तथा अदालतसमक्ष उपस्थित भई गरेको इन्कारी बयानलाई औंठाछाप विशेषज्ञको रायलगायतबाट समेत समर्थित

भइरहेको देखिन्छ। फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर शङ्कारहित तथा स्वतन्त्र प्रमाणद्वारा प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने भनी प्रमाण ऐन, २०३१ को दफा २५ ले व्यवस्था गरेको पाइन्छ। यस अवस्थामा प्रतिवादी सगिर मियाले झुट्टा विवरण पेस गरी प्रतिवादी अलि असरफ अन्सारीको नागरिकता लिने क्रममा सनाखतमा बसी नागरिकताको प्रमाणपत्र लिन सहयोग गरेको भन्ने निजउपरको अभियोग स्थापित हुन नसक्ने भनी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू अभिराम मण्डल र कुमोदकुमार चौधरीका हकमा हेर्दा, निज प्रतिवादीद्वयले आरोपित कसुर आफूले नगरेको भनी बयान गरेको देखिन्छ । सगिर मियाले समेत निज प्रतिवादीहरू अभिराम मण्डल र कुमोदकुमार चौधरीले जोगनारायण चौधरीलाई काम लगाएमा छिट्टै काम हुने भनी भनेकाले नागरिकता बनाउनका लागि काम लगाएको भनी भनेको पाइयो । प्रतिवादी अलि असरफ अन्सारीले समेत अदालतसमक्ष बयान गर्दा प्रतिवादीहरू अभिराम मण्डल र कुमोदकुमार चौधरीलाई नचिनेको भनी बयान गरेको देखिन्छ। प्रतिवादी अभिराम मण्डलको ठेगाना आरोपपत्रमा सत्तेरझोरा गा.वि.स. वडा नं. १ बस्ने भनी उल्लेख भएको देखिन्छ तर निजको नागरिकताको ठेगानामा दुहवी गा.वि.स. वडा नं. ८ भन्ने स्थापित भएको पाइन्छ। त्यस्तै कुमोदकुमार चौधरीको बसोबास दुहवी गा.वि.स. वडा नं. ९ मा रहेको पाइन्छ। अभियोग पत्रमा निजको वतन दुहवी गा.वि.स. वडा नं. ६ भन्ने रहेको पाइन्छ। यसरी यी प्रतिवादीहरूको वतन नै फरक परेको अवस्था एकातिर छ भने निज प्रतिवादीहरूको उक्त कसुरमा के कस्तो संलग्नता थियो भन्ने अवस्था कुनै ठोस प्रमाणबाट पुष्टि हुन सकेको पनि नदेखिने।

प्रतिवादी जोगनारायण चौधरीका सम्बन्धमा हेर्दा, निज जिल्ला प्रशासन कार्यालयमा लेखापढीसम्बन्धी काम गर्ने गरेको देखिन्छ । आफूले पक्षले भने बमोजिम दरखास्त फाराम भर्ने र सम्बन्धित फाराम फाँटमा पुऱ्याइदिनेसम्मको काम गरेको भनी अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादी अलि असरफ अन्सारीले अदालतसमक्ष निज जोगनारायण चौधरीलाई आफूले चिन्दिन भनी बयान गरेको देखिन्छ । लेखापढी काम गर्ने व्यक्तिले सम्बन्धित व्यक्तिले भनेबमोजिम दरखास्त फाराममा विवरण उल्लेख गरिदिनु स्वाभाविक र सामान्य मान्नुपर्छ। अन्य ठोस प्रमाणबाट स्थापित नभएको अवस्थामा लेखापढी गर्ने व्यक्तिले दरखास्त फाराममा विवरण भरी दिएको वा सम्बन्धित फाँटमा पुऱ्याइदिएको भन्ने आधारमा मात्र कसुरदार कायम गर्न मिल्ने देखिँदैन। यसरी वादी पक्षले आरोपदाबीलाई शङ्कारहित तवरले प्रत्यक्ष एवं ठोस प्रमाणद्वारा प्रमाणित गर्न नसकेकोले प्रतिवादीहरू सगिर मिया, अभिराम मण्डल, कुमोदकुमार चौधरी कलवार, जोगनारायण चौधरीले आरोपित कसुरबाट सफाइ पाउने गरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मनासिब नै देखिन आयो । वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणहरूसँग समेत सहमत हुन नसकिने।

प्रतिवादी अलि असरफ अन्सारीको हकमा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (१) बमोजिम कसुर गरेको देखिँदा ४ (चार) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर हुने साथै प्रतिवादीहरू सगिर मिया, कुमोदकुमार चौधरी कलवार, जोगनारायण चौधरी र अभिराम मण्डलले आरोपित कसुर गरेको पुष्टि गर्ने ठोस प्रमाणको अभावमा

अभियोग दाबीको कसुरमा सजाय गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला निजहरूको हकमा मिलेको नदेखिँदा सो फैसला उल्टी गरी निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०६९।३।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल पुस १२ गते रोज १ शुभम्।**

## इजलास नं.२

११

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७६-WO-०५०९, उत्प्रेषणसमेत, सुचिताकुमारी यादवसमेत वि. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ८४ (४) मा निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा काम गर्न खटाउने छ भन्ने उल्लेख भएको हुँदा प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटिएर जाने अधिकृत स्तरको कर्मचारी सङ्घीय अर्थात् स्थानीय जुनसुकै सेवाको पनि हुन सक्ने।

रिट निवेदकले उठाएको विषयवस्तु स्थानीय तहको प्रशासनिक कार्य सञ्चालन गर्ने कर्मचारीको योग्यतासँग जोडिएको महत्त्वपूर्ण विषय भएको कुरामा अन्यथा देखिएन। अत: स्थानीय अधिकारसम्बन्धी व्यवस्था तथा कार्यान्वयन गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको कानूनी व्यवस्थाको अधीनमा रही गरिएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।८।४ तथा मिति २०७६।८।१७ को पत्र कानूनबमोजिम रहेको देखिँदा मागबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।**

१२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१३८०, चेक अनादर, प्रमोद अधिकारी वि. सुनिल बस्नेत

पुनरावेदक प्रतिवादी प्रमोद अधिकारीले आफ्नो खाता रहेको हिमालयन बैंकमा पर्याप्त रकम नभएको अवस्थामा चेक काटी प्रत्यर्थी वादीलाई दिएको कुरा निर्विवाद रूपमा स्थापित भई पुनरावेदक प्रतिवादीले चेक अनादर गरेको देखिएकाले पुनरावेदन जिकिर एवं जुन बैंकको चेक हो सोही बैंकमा धारकले चेक प्रस्तुत नगरी अर्को बैंकबाट अनादर भएको अवस्था देखाई मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीका नाउँमा काटिदिएको चेकहरूको रकम पुनरावेदक प्रतिवादीको खातामा पर्याप्त रकम नरहेको कारण भुक्तान हुन नसकेको र आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जानी जानी नखाम्ने रकमको चेक प्रत्यर्थी वादीलाई दिई चेक अनादर गरेको देखिई प्रतिवादीबाट वादीले रू.१२,७८,०००।- (बाह्र लाख अठहत्तर हजार रूपैयाँ) र सोको ब्याजसमेत भरिपाउने ठहराई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७१।३।२९ को फैसला सदर हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७३।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल पौष १० गते रोज ६ शुभम्।**

१३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-RB-००४०, भन्सार चोरी पैठारी, खुमराज पुञ्जाली वि. प्रो.उमेश गर्ग

राजस्व अनुसन्धान विभागले अनुसन्धानको लागि कब्जामा लिएको बा.४ च ९५२ नं. को भ्यानसँगै फेला परेका चलानहरूमा उल्लेख भएको सामानहरू र उक्त भ्यानको भौतिक परीक्षण गर्दा फेला परेका सामानहरू भिडान भएको अवस्था छैन भने गर्ग रोड लाइन्सले स्रोतको रूपमा पेस गरेका प्रज्ञापनपत्रहरू र बरामद भएका चलानहरूसमेत कहीँकतै भिडान भएको अवस्था छैन। विवादित सामानहरू बरामद हुँदा रीतपूर्वकको भन्सार महसुल तिरेको प्रमाण पेस गर्न नसकेको साथै सम्बन्धित मालधनी उपस्थित गराउँछु भनी विपक्षीले कबुल गरेर पनि उपस्थित गराउन नसकी कानूनबमोजिमको जिम्मेवारी पूरा नगरेको अवस्थामा बा.४ च ९५२ नं. को भ्यानबाट बरामद भएको सामानहरू भन्सार चोरी पैठारी गरी ल्याएको हो भन्ने स्पष्ट हुन आउने।

प्रज्ञापनपत्रअनुसार सामान नभिडेको, बिलबिजक पनि नभएको, मालधनीसमेत उपस्थित गराउन सकेको नदेखिँदा भन्सार चोरी गरेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादी उमेश गर्गले भन्सार ऐन, २०६४ को दफा ७६ को उपदफा (२) बमोजिम प्रमाण पेस नगरी जिम्मेवारी पूरा नगरेकोले सोही ऐनको दफा ३८ बमोजिम चोरी पैठारी गरेको ठहर्नाले सो सामान जफत गरी निज प्रतिवादी उमेश गर्गलाई बिगोबमोजिम रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई राजस्व अनुसन्धान विभागबाट मिति २०६८।५।२ मा भएको निर्णय मिलेकै देखिन्छ । अत: उक्त निर्णयलाई बदर गर्ने गरी भएको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।१२।०८ को निर्णय फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला उल्टी भई राजस्व अनुसन्धान विभागबाट मिति २०६८।०५।०२ मा भएको निर्णय सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल साउन १९ गते रोज २ शुभम्।**

१४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-CR-०२४९, जबरजस्ती करणी, नेपाल सरकार वि. ज बहादुर

पीडितको शारीरिक जाँचमा जबरजस्ती करणी उद्योग गर्दाका अवस्थामा घटित कुनै पनि शारीरिक चोटपटक बल प्रयोग भएको नदेखिएको, पीडित, जाहेरवाला र घटना विवरण कागज गर्ने व्यक्तिहरूको भनाइ एकआपसमा फरक परी परस्पर बाझिएको तथा प्रतिवादीको इन्कारी बयान, पीडितको भनाइ र वारदातको प्रकृतिबाट नै प्रतिवादीले पीडितलाई जबरजस्ती करणी उद्योग गरेको हो भनी भन्न सक्ने अवस्था रहेको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारणहरूबाट प्रतिवादी सुरू स्याङ्जा जिल्ला अदालतले प्रतिवादीलाई जबरजस्ती करणी महलको ३ (१) र ५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याई गरेको फैसला उल्टी गरी प्रतिवादी परिवर्तित नाम ज बहादुरलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गर्दै गरेको उच्च अदालत पोखराको मिति २०७४।१२।०४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम्।**

१५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७७-WH-०३१०, बन्दीप्रत्यक्षीकरण,

वीरबहादुर वि.क. समेत वि. श्री पर्वत जिल्ला अदालत तहसिल शाखा, कुश्मा पर्वतसमेत

रिट निवेदक मिति २०६९।०६।२४ मा पक्राउ परी आजसम्म निरन्तर थुनामा रहेको भन्ने देखिन आएको छ । निवेदक थुनामा बसेको अवधिलाई गणना गर्दा आजको मितिसम्म ८ (आठ) वर्ष ८ (आठ) महिना ६ (छ) दिन भएको, हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (३) (क) मा भएको व्यवस्था र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था हुनुको साथै मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ (२) (ख) मा "कैद वा जरिवानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसुर जरिवाना मात्रको सजाय भई त्यस्तो जरिवाना नतिरेबापतको कैद निर्धारण गर्दा त्यस्तो कसुरमा हुन सक्ने कैदको उपल्लो हदभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ" भन्ने व्यवस्था भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (३) (क) को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको चोरीको कसुरमा जरिवानाको हकमा रू.७०,०००। (सत्तरी हजार रूपैयाँ) देखि रू.१,४०,०००।- (एक लाख चालिस हजार रूपैयाँ) हुने छ भनी उल्लेख भए अनुसार हुने जरिवाना रू.१,४०,०००।- बापत कैद गर्दा र कानूनको यो व्यवस्थाले दिनको रू. ३००।- का दरले हुने जम्मा कैद १ (एक) वर्ष ३ (तीन) महिना १७ (सत्र) दिन हुनेमा हुने कैद मिति २०७६।१०।११ मा नै भुक्तान भइसकेको मिसिलबाट देखिँदा निवेदकको हालको कैदलाई कानूनसङ्गत भन्न मिलेन । अत: निवेदकहरूको हकमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

तसर्थ, माथि प्रकरण प्रकरणमा विवेचना र विश्लेषण भएको आधार एवं कारणसमेतबाट निवेदकहरूको थुना कानूनसङ्गत नदेखिएको र कानूनबमोजिम बाहेक कसैलाई पनि थुनामा राख्न नमिल्ने हुँदा निवेदकहरूलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको ।

इजलास अधिकृत : शारदा फुयल (उपसचिव)

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७८ साल जेठ ३० गते रोज १ शुभम् ।**

१६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७७-WH-०३०९, बन्दीप्रत्यक्षीकरण, रशबहादुर घर्तिमगर वि. श्री पर्वत जिल्ला अदालत तहसिल शाखा, कुश्मा पर्वतसमेत

रिट निवेदक मिति २०६९।०६।२४ मा पक्राउ परी आजसम्म निरन्तर थुनामा रहेको भन्ने देखिन आएको छ । निवेदक थुनामा बसेको अवधिलाई गणना गर्दा आजको मितिसम्म ८ (आठ) वर्ष ८ (आठ) महिना ६ (छ) दिन भएको, हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (३) (क) मा भएको व्यवस्था र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था हुनुको साथै मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ (२) (ख) मा "कैद वा जरिवानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसुर जरिवाना मात्रको सजाय भई त्यस्तो जरिवाना नतिरेबापतको कैद निर्धारण गर्दा त्यस्तो कसुरमा हुन सक्ने कैदको उपल्लो हदभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ" भन्ने व्यवस्था भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (३) (क) को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको चोरीको कसुरमा जरिवानाको हकमा रू.७०,०००। (सत्तरी हजार रूपैयाँ) देखि रू.१,४०,०००।- (एक

लाख चालिस हजार रूपैयाँ) हुने छ भनी उल्लेख भए अनुसार हुने जरिवाना रू.१,४०,०००।- बापत कैद गर्दा र कानूनको यो व्यवस्थाले दिनको रू. ३००।- का दरले हुने जम्मा कैद १ (एक) वर्ष ३ (तीन) महिना १७ (सत्र) दिन हुनेमा हुने कैद मिति २०७६।१०।११ मा नै भुक्तान भइसकेको मिसिलबाट देखिँदा निवेदकको हालको कैदलाई कानूनसङ्गत भन्न मिलेन। अत: निवेदकको हकमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : शारदा फुयल (उपसचिव)

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७८ साल जेठ ३० गते रोज १ शुभम्।**

१७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-०९१६, कर्तव्य ज्यान, राधेश्याम चौधरी वि. नेपाल सरकार

मुद्दा विचाराधीन रहेको अवस्थामा प्रतिवादीको मृत्यु भएमा के हुने भन्ने सम्बन्धमा भएको कानूनी व्यवस्था अध्ययन गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को १३३ (१) मा "यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाको अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा अदालतले त्यस्तो मुद्दा खारेज गरिदिनुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको।

उक्त कानूनी प्रावधानले अपराधीको मृत्युपछि अपराधको पनि मृत्यु हुन्छ भन्ने फौजदारी न्यायको सिद्धान्तलाई आत्मसात् गरेको देखिन्छ। अपराध गर्ने व्यक्तिको मृत्यु भएपछि निजलाई कसुर र सजायबाट समेत उन्मुक्ति दिनुपर्ने फौजदारी विधिशास्त्रको मान्यता रहेको।

प्रस्तुत मुद्दाको फैसला हुनुअघि नै पुनरावेदक प्रतिवादी राधेश्याम चौधरीको मिति २०७५।०७।०८ मा मृत्यु भइसकेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को १३३ (१) को कानूनी व्यवस्थाबमोजिम प्रस्तुत मुद्दा खारेज हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम्।**

१८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-१६०१, लागु औषध (अफिम), करनाल सिंह वि. नेपाल सरकार

प्रतिवादीको साथबाट बरामद भएको लागु औषधहरू प्रतिवादीले आफैँले सेवन गर्न ल्याएको भनी अदालतसमक्ष बयान गरेको भए तापनि यसतर्फ विचार गर्दा यी प्रतिवादी करनाल सिंहले औषधी प्रयोजनका लागि उक्त औषधी सेवन गरेको भनी जिकिर लिएको देखिए पनि चिकित्सकले रोग निदान गरी उपचारको लागि प्रयोग गर्न मिल्ने औषधीमा मनोद्वीपक पदार्थहरूको प्रभाव तुलनात्मक रूपमा कम हुने तर यी प्रतिवादीबाट बरामद भएको अफिम खैरो धुलोमा दिमागलाई शिथिल गराउने मनोद्वीपक पद्धार्थको मात्रा बढी देखिएको तथा उक्त औषधी नेपालमा निषेधित एवं प्रतिबन्धित रहेको अवस्थामा उक्त औषधी डाक्टरको सल्लाहबमोजिम सेवन गरेको भन्ने विश्वसनीय नदेखिनुका साथै डाक्टरले रोग पहिचान गरी आधिकारिक रूपमा लेखेको प्रेस्क्रिप्सनसमेत नभएको तथा सो कुरालाई कुनै वस्तुनिष्ठ प्रमाणद्धारा पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादी करनाल सिंहको पुनरावेदन जिकिरसँग सहमत हुन नसक्ने।

मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, लागु औषध परीक्षण प्रतिवेदन, बुझिएका र वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइसमेतका आधार प्रमाणबाट यी प्रतिवादी करनाल सिंह अभियोगदाबीबमोजिमको कसुरदार हुन् भन्ने मनासिब आधार देखिन आएकोले निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ) र (च) बमोजिमको कसुरमा निजलाई

लागुऔषध स्पास्मो प्रोक्सिभान प्लसतर्फ ऐ. ऐनको दफा १४ (१) को देहाय (झ) बमोजिम र लागु औषध ब्राउन सुगरतर्फ ऐ. ऐनको दफा १४ (१) को देहाय (छ) (२) बमोजिम सजाय हुनेमा मुलुकी ऐन दण्डसजायको महलको ३८ नं. ले ठुलो कैदमा सानो कैद खापिने हुँदा यी प्रतिवादीलाई १५ (पन्ध्र) वर्ष कैद र रू. ३,००,०००।– (तीन लाख) जरिवाना ठहऱ्याई सुरू नवलपुर जिल्ला अदालतबाट मिति २०७४।१२।०४ मा भएको फैसलालाई सदर कायम हुने ठहर गरेको उच्च अदालत पोखराको मिति २०७५।०७।१० को फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

सुरू नवलपुर जिल्ला अदालतबाट मिति २०७४।१२।०४ मा प्रतिवादी करनाल सिंहलाई लागुऔषध ब्राउन सुगरतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (छ) (२) बमोजिम १५ (पन्ध्र) वर्ष र रू. २,००,०००।– (दुई लाख) जरिवाना हुने साथै निषेधित स्पास्मो प्रोक्सिभान प्लस तर्फ ऐ. ऐनको दफा १४ (१) (झ) बमोजिम न्यूनतम २ (दुई) वर्ष कैद र रू. १,००,०००।– (एक लाख) जरिवाना ठहर गरेको उक्त फैसलालाई सदर कायम हुने ठहर गरी यी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ) र (च) बमोजिमको कसुरमा निजलाई लागुऔषध स्पास्मो प्रोक्सिभान प्लसतर्फ ऐ. ऐनको दफा १४ (१) को देहाय (झ) बमोजिम र लागु औषध ब्राउन सुगरतर्फ ऐ. ऐनको दफा १४ (१) को देहाय (छ) (२) बमोजिम सजाय हुनेमा मुलुकी ऐन दण्डसजायको महलको ३८ नं. ले ठुलो कैदमा सानो कैद खापिने हुँदा यी प्रतिवादीलाई १५ (पन्ध्र) वर्ष कैद र रू. ३,००,०००।- (तीन लाख) जरिवाना ठहर गरेको उच्च अदालत पोखराको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर : हर्कमाया राई

**इति संवत् २०७७ साल असार १६ गते रोज ३ शुभम्।**

१९

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७७-RC-००२९, कर्तव्य ज्यान, नेपाल सरकार वि. कमला परियार दर्जी

प्रतिवादी कमला परियार दर्जीले अवैध गर्भधारण गरेको र जिउँदै बच्चा जन्मेकोमा समाजको लाजले बच्चालाई प्लास्टिक, पेटीकोट र बोरामा बेरी बारीको ढिकमा गाडेको भनी गरेको मौकाको साबिती बयान घटनास्थल तथा लासजाँच मुचुल्का, घटना विवरण कागज गर्ने खडकबहादुर परियारसमेतले गरेको घटना विवरण तथा निजले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट समर्थित भएको देखिँदा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (१) बमोजिम कसुरदार ठहर गरी मिति २०७५।०८।१८ मा भएको फैसला मिलेकै देखिएको।

प्रतिवादी कमला परियार दर्जीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं. १८८ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ (१क) अनुसार ५ (पाँच) वर्ष कैदको सजाय हुने राय व्यक्त गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।०८।१८ को फैसला मिलेकै देखिँदा रायसहित साधक सदर हुने।

इजलास अधिकृत : शारदा फुयल (उपसचिव)

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल फागुन २१ गते रोज ६ शुभम्।**

२०

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CI-१०४९, उत्प्रेषणसमेत, उच्च माध्यमिक विद्यालय बस्तिपुरसमेत वि. चन्द्रेश्वर साह

निवेदकले आफ्नो नाम अभिभावकको सूचीमा समावेश नभएको कारण असन्तुष्टि जनाई सम्बन्धित विद्यालयमा मौखिक जानकारी गराएको र जिल्ला शिक्षा कार्यालय सिराहामा निवेदन दिएको भन्ने मिसिल संलग्न मिति २०७१।११।०६ को निवेदन बेहोराबाट देखिन आएकोमा उक्त निवेदनको टुङ्गो नलाग्दै मिति २०७१।११।०९ मा निर्वाचनसम्बन्धी कार्य सञ्चालन गरेको देखिन्छ । निवेदनसम्बन्धी कारबाही टुङ्गो नलाग्दै हतारमा निर्वाचन तथा मनोनयन गर्नुपर्ने औचित्य पुष्टि गराउन सकेको नदेखिने ।

निवेदक विद्यालयको अभिभावक रहेको पुष्टि हुँदाहुँदै पनि निजको नाम अभिभावकको सूचीमा नराखेको मिति २०७१।११।०४ को नामावली उत्प्रेषणको आदेशले बदर हुने तथा जिल्ला शिक्षा कार्यालय सिराहामा निवेदकले दिएको मिति २०७१।११।०६ को निवेदनलाई अविलम्ब टुङ्ग्याउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर गरी सुरू पुनरावेदन अदालत राजविराजले गरेको मिति २०७२।०३।०६ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : उषा श्रेष्ठ

**इति संवत् २०७६ साल फाल्गुण १६ गते रोज ६ शुभम् ।**

**इजलास नं.३**

२१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** ०७२-CI-१७९५, फैसला बदर अंश, रामचन्द्र चौधरी वि. गोवरधन चौधरीसमेत

पुनरावेदक वादीले नै भनेको निजले यिनै प्रत्यर्थी प्रतिवादीमध्येका गोवर्धन चौधरीलाई प्रतिवादी बनाई दायर गरेको द.नं. ३१-०६३-००६१३ को अंश दर्ता मुद्दामा प्रतिउत्तरपत्रसाथ प्रतिवादीबाट पेस भएको र.नं.३८२२ मिति २०४५।२।१७ को बन्डापत्रको बेहोरा हेर्दा हामी २ भाइभन्दा अरू अंशियारसमेत कोही नभएको बेहोरा लेखाई यी वादीले आफ्ना दाजु अकलु चौधरी मात्र आफ्नो तत्कालीन अंशियार हो भनी लिखितरूपमा स्वीकार गरेको र सो कागज मालपोत कार्यालयबाट प्रमाणितसमेत भएको अवस्था देखिन्छ । त्यस्तै गरी यी वादी मुनिलालले आफ्नो छोरा रामचन्द्र चौधरीलाई र.नं.१२२६/ख मिति २०६३।९।३० बाट अंश भरपाई पारित गरिदिँदा आफूहरू जम्मा ७ जना अंशियार भएको र सोबाहेक अन्य अंशियारहरू छैन भनी उल्लेख गरेको र सो ७ जनामा यी प्रतिवादीको नाम समावेश गरेका छैनन् साथै प्रतिवादी गोवर्धन चौधरीले विभिन्न जग्गा र.नं.२८४/ख मिति २०६३।५।१९, र.नं.३०४४ मिति २०५९।१।१५ बाट यिनै वादीका छोरा रामचन्द्र चौधरीलाई राजीनामा पारित गरिदिएको देखिएबाट समेत प्रतिउत्तर बेहोरालाई समर्थन गरिरहेको देखिन आयो । यसरी कानूनीरूपमा मालपोत कार्यालयबाट पारित लिखतमा समेत लिखितरूपमा यी वादीले प्रतिवादीलाई अंशियार नदेखाएको र जग्गा किनबेचसमेत भएको देखिएबाट व्यवहार प्रमाणबाट पहिला नै अंशबन्डा भइसकेको देखिँदा मुनिलाललाई गोवर्धन चौधरीले अंश दिनु नपर्ने भनी वादीले दाबीबमोजिम प्रतिवादीबाट अंश पाउन नसक्ने ठहर गरेको सुरू उदयपुर जिल्ला अदालतको फैसला पुनरावेदन अदालत राजविराजबाट सदर भई सो फैसला अन्तिम भई बसेको देखिन्छ । यसप्रकार अंश मुद्दामा दाबी पुग्न नसक्ने भएपश्चात् आफ्नो समेत अंश हक लाग्ने पैतृक सम्पत्ति एकलौटी खाने नियत गरी गराएको फैसला बदर गरिपाउँ भन्ने पुनरावेदक/वादीको दाबी पुग्न सक्ने नदेखिँदा पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखिन आउने ।

प्रस्तुत मुद्दाका पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीबिचको मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा मूल पुर्खा झोटी माइझका छोराहरू कारी र लेलहु भएको देखिन्छ । कारीका छोराहरू

३ भाइमध्ये जोखनदास, हचरू र अच्छुलाल भन्ने देखिन्छ । जोखनका छोरा कन्तलाल र गोवरधन भएको, हचरूको छोरा बलदेव भन्ने देखिन्छ भने अच्छुलालका छोरा अकलुदास र मुनिलाल भएको भन्ने देखिन्छ । मु.स.गर्ने मुनिलालका छोरा रामचन्द्र भन्ने देखियो भने लेलहुका एक मात्र छोरा बनहुँ भएको र बनहुँको श्रीमती ठिठरीदेवी भएकोमा विवाद देखिँदैन । पुनरावेदकले ठिठरीको सम्पत्तिमा आफ्नो हक कसरी लाग्ने हो स्पष्ट रूपमा उल्लेख गर्न सकेको नपाइएको, वादी र निजका दाजुबिच नै २०४५ सालमा बन्डापत्र गर्दा हामी दुई भाइ अंशियारहरूभन्दा अरू अंशियार कोही छैन भन्ने उल्लेख गरेको र आफूहरूले यी प्रतिवादीहरूको अंश लिन बाँकी रहेको भन्ने पनि उल्लेख गर्न सकेको नदेखिँदा निज ठिठरीदेवीसमेत पुनरावेदकको एकासगोलकी अंशियार रहेको भन्ने पुष्टि नभएकोले निजले ठिठरीको सम्पत्ति अंशबापत प्राप्त गर्ने अवस्था देखिएन । दाबीको जग्गाहरू पुनरावेदकको बाबुको हाँगाका सन्तानका बिचमा बन्डा लाग्ने प्रकृतिको सम्पत्ति रहेको भए सो सम्पत्तिमा यी पुनरावेदकका अतिरिक्त निजका अन्य समान अंशियारको दाबी परेको समेत नदेखिएको, ठिठरीको मृत्यु कहिले भएको हो भन्नेसम्म पुनरावेदकले खुलाउन नसकेको र निजको मृत्युपश्चात् निजको जग्गामा अपुतालीका माध्यमबाट हक कायम गराउन नसकेकोसमेतबाट वादीको पुनरावेदन जिकिर विश्वासयोग्य नदेखिने ।

तसर्थ, माथि विवेचित आधार तथा कारणहरूबाट ठिठरीको सम्पत्तिमा आफ्नो हक कसरी लाग्ने भन्ने स्पष्ट दाबी नभएको, ठिठरीदेवी पुनरावेदक वादीको एकासगोलको अंशियार नदेखिएको, पुनरावेदकका अतिरिक्त अन्य अंशियारको दाबी नपरेको, विभिन्न समयमा निजका अंशियारहरूबिच बन्डापत्र भएको देखिएको, ठिठरीको सम्पत्ति अबन्डाको हो भनी कतैबाट पुष्टि हुन नआएको, ठिठरीको मृत्युपछि पुनरावेदकले आफ्नो हक कायम गराएकोसमेत नदेखिएको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६५।१०।०८ को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।१०।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी
कम्प्युटर: रवि दुवाल

**इति संवत् २०७६ साल मङ्सिर १७ गते रोज ३ शुभम् ।**

२२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-CR-००८७, लागु औषध (हिरोइन), नेपाल सरकार वि. किरण पोख्रेलसमेत

बरामद भएको लागु औषध प्रतिवादीहरूले बिक्री वितरण गर्दै गरेको अवस्थामा पक्राउ परेका वा यो यसलाई यति रूपैयाँमा बिक्री गर्ने गरेको भनी अभियोगपत्रमा स्पष्ट खुलाएकोसमेत देखिँदैन । प्रतिवेदकको मौकाको प्रतिवेदन र अदालतसमक्षको बकपत्रबाट समेत प्रतिवादीहरूले लागु औषध बिक्री वितरण गरेको भन्ने उल्लेख भएको देखिँदैन । लागु औषधको बरामद परिमाण र अभियोग लगाइएका प्रतिवादीहरूको संख्यासमेतबाट उक्त लागु औषध यी प्रतिवादीहरूले बिक्री वितरण गर्ने उद्देश्यले ल्याएको देखिन नआई सेवन गर्ने प्रयोजनकै लागि ल्याएको रहेछ भनी मान्नुपर्ने देखिँदा निज प्रतिवादीहरूले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (छ) बमोजिमको कसुर गरेको देखिन आएको ।

अतः प्रतिवादीहरूले लागु औषध (हेरोइन) को बिक्री वितरण गर्ने, निकासी वा पैठारी गर्ने, खरिद गर्ने, सञ्चय गर्ने राख्ने वा ओसारपसार गर्ने कार्य गरेको नदेखिई प्रतिवादीहरूले अन्य लागु औषध सेवन गर्ने कसुर गरेको देखिएकोले प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (छ) (१) अनुसार जनही पाँच वर्ष कैद र पाँच हजारका दरले जरिवाना हुने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट २०७५/०३/०५ मा भएको फैसला नमिलेको हुँदा केही उल्टी भई प्रतिवादीहरू सुमन अधिकारी, किरण पोख्रेल, सन्देश राई र कुन्दन खड्कालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को

दफा ४ को (छ) को कसुरमा सोही ऐनको दफा १४ (१) (ङ) बमोजिम जनही एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६/२/५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७७ साल कार्तिक १९ गते रोज ४ शुभम्।**

२३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CI-१२६४, उत्प्रेषणयुक्त परमादेश, आदेश जोशी वि. सुखाडी महतो खुलवटसमेत

पुनरावेदकले पुनरावेदन अदालत हेटौंडामा दिएको ०७१-WO-०३८२ को उत्प्रेषण परमादेशको रिट निवेदनको मिसिलमा रहेको तारेख पर्चा हेर्दा २०७२ साल असोज १३ गते निजलाई अदालतमा उपस्थित हुन भनी तारेख तोकिएकोमा निजले अदालतबाट तोकी पाएको उक्त तारेख गुजारेको बेहोरा मिति २०७०।९।२९ मा प्रमाणित भएको पाइयो । तत्कालीन अवस्थामा कायम रहेको पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३६क. मा म्याद तारेख थाम्ने थमाउनेसम्बन्धी व्यवस्था रहेकोमा सोबमोजिम तारेख थमाएको भन्ने पुनरावेदन जिकिर रहेकोसमेत देखिएन । तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ८ को उपदफा २ अन्तर्गत निवेदन गर्ने निवेदकले तारेख गुजारी बसेमा कानूनबमोजिम थाम्न पाउने म्याद गुज्रेपछि त्यस्तो निवेदन तामेलीमा राखिने छ भन्ने साबिक पुनरावेदन नियमावली, २०४८ को नियम ३६ख.मा भएको कानूनी व्यवस्थाबमोजिम पुनरावेदन अदालत हेटौंडाबाट निवेदकको रिट निवेदन तामेलीमा राख्ने गरी भएको आदेश अन्यथा मान्न नमिल्ने ।

पुनरावेदकले साबिक पुनरावेदन अदालत हेटौंडामा दिएको उत्प्रेषण परमादेशको रिट निवेदन तामेलीमा राख्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।११।१२ को आदेश कानूनसम्मत र मिलेकै देखिँदा सदर हुने । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७६ साल पौष ६ गते रोज १ शुभम् ।**

२४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CI-००१४, फैसलाबमोजिम फैसला बदर मुद्दा दर्ता गरी कारबाही चलाइपाउँ, निर्मला जोशी वि. वसकलियादेवी खुलवटीनसमेत

पुनरावेदक प्रतिवादी पुनरावेदन जिकिर हेर्दा सरजुग महतो धानुकको छोरा रामनारायणले विवादित जग्गाको मोही नामसारी गराइपाउँ भनी दिएको फिराद दाबी खारेज भई सो मुद्दा अन्तिम भएको र सरजुग महतो खुलवट मोही स्रेस्तामा कतै नभएको अवस्थामा उक्त प्रमाणको विवेचना नगरी भएको फैसला बदर गरिपाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ । अञ्चल नारायणी, जिल्ला पर्सा, पञ्चायत मानियारी वडा नं.६ को कि.नं.१ को १-१-१५ को जग्गाको जग्गाधनी हरदेवमान जोशी र जग्गा कमाउनेको नामथरमा सर्युग महतो धानुक भन्ने उल्लेख भएको मिसिल संलग्न मोहीको १ नं. लगतबाट देखिन्छ भने हरदेवमान जोशीको जग्गाधनी प्रमाण पुर्जा हेर्दा उक्त जग्गाको मोहीको महलमा सरजुग महतो धानुक, मनियारी ५ भन्ने उल्लेख भएको देखिन्छ भने २०३८।३।३ मा उक्त जग्गा लेनदेन गर्दाको राजीनामा लिखतमा दिने हरदेवमान जोशी र जग्गा लिनेमा सरजुग महतो धानुक भन्ने उल्लेख भएको देखिन्छ । सोही लिखतमा मोहीको महलमा सरजुग महतो धानुक नै उल्लेख भएबाट सरजुग महतो धानुक नै उक्त वडा नं.६ कि.नं.१ को जग्गाको मोही भएको प्रमाणित हुने ।

मिति २०३८।३।३ मा हरदेवमान जोशीले सरजुग महतो धानुकलाई गरिदिएको राजीनामाको लिखत र २०३८।३।४ मा सरजुग महतो धानुकले निर्मलादेवी जोशीलाई गरिदिएको राजीनामाको लिखतलाई यी वादीका पिताले चुनौती दिई बदर गराउन सकेको पाइँदैन । उक्त लिखतमा मोहीको नाम

सरजुग महतो धानुक भनी स्पष्टसँग उल्लेख भएको देखिन्छ । उक्त लिखतबाट सरजुग महतो धानुक नै मोही रहेको तथ्य पुष्टि भएको ।

प्रमाण ऐन, २०३१ को दफा २६ ले देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था गरेको छ । यी वादीले आफ्नो बाबु सुखाडी महतो खुलवट विवादित कि.नं.१ को जग्गाको मोही थिए भनी मोहीको लगत, मोहियानी हकको प्रमाणपत्र, जग्गाधनीको जग्गाधनी दर्ता स्रेस्तालगायतका प्रमाणबाट पुष्टि गर्न सकेको नपाइने ।

मिति २०३८।३।३ मा सरजुग महतो धानुकले उक्त कि.नं.१ को ज.बि.१-१-१५ जग्गा जग्गाधनीबाट राजीनामा प्राप्त गरी जग्गाधनीको हक प्राप्त गरिसकेपश्चात् एउटै व्यक्ति मोही र जग्गाधनी हुन नसक्ने अवस्था भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ (ख) को प्रावधानबाट स्पष्ट देखिन्छ । यही प्रावधानको आधारमा २०५१।१।४ गते भूमिसुधार कार्यालय, पर्साको मोहीको लगत कट्टा गर्ने गरी भएको निर्णय कानूनअनुरूप नै भएको देखिने ।

विवादित कि.नं.१ को जग्गाको साबिक मोही यी वादीका पिता सरजुग महतो खुलवट नभई सरजुग महतो धानुक रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिएको तथा जग्गाधनी र मोही एउटै व्यक्ति नहुने भई मोहीको लगत कट्टा गर्नेगरी भूमिसुधार कार्यालय पर्साबाट भएको मिति २०५१।१।४ को निर्णय कानूनसम्मत रहेको अवस्थामा मोहीको महलमा नाम उल्लेख नभएका सरजुग महतो खुलवटको नाउँमा मोही हक यथावत् कायम गर्नेगरी भएको भूमिसुधार कार्यालय, पर्साको मिति २०७०।१०।२४ को फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।०३।०७ को फैसला मनासिब मान्न मिल्ने नदेखिने ।

विवादित जग्गाको सरजुग महतो धानुकको नाउँमा कायम रहेको मोही लगत कट्टा गर्ने भनी मिति २०५१।०१।०४ मा भूमिसुधार कार्यालय, पर्साबाट भएको निर्णय बदर गरी वादीका पिता स्वर्गीय सरजुग महतो खुलवटको मोही यथावत् कायम हुने ठहर गरेको भूमिसुधार कार्यालय, पर्साको मिति २०७०।१०।२४ फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।३।७ को फैसला उल्टी भई सुरू फिराद दाबी नपुग्ने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

**इति संवत् २०७६ साल पौष ६ गते रोज १ शुभम् ।**

२५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CI-००१३, मोही नामसारी गरिपाऊँ, आदेश जोशी वि. सुखाडी महतो खुलवट

प्रतिवादी सरजुग महतो धानुकको छोरा रामनारायणले उक्त कित्ता नम्बर १ को जग्गामा मोही नामसारी गरिपाउँ भनी दिएको मिसिल नम्बर ३३/३४४ को मुद्दामा वादी दाबी खारेज हुने गरी भएको फैसला अन्तिम रहेबाट सरजुग महतो धानुक मोही भएको सो फैसला अन्यथा नभएकोमा सो फैसला विरूद्धको फैसलामा फैसला अन्तिमताको सिद्धान्त विपरीत आफ्नो जीवनकालमा मोही हक कायम गर्न नसकेका सरजुग महतो खुलवटका छोरालाई मोही हक कायम गराउन दाबी गर्ने हकदैयासमेत नहुँदा तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला बदर हुनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा मिति २०३८।३।३ मा हरदेव मान जोशीले सरजुग महतो धानुकलाई उक्त जग्गा राजीनामा गरिदिएको र सरजुग महतो धानुकले निर्मलादेवी जोशीलाई मिति २०३८।३।४ मा राजीनामा गरी जग्गा लेनदेन भएका लिखतहरू यथावत् रहेको, हरदेवमान जोशीको नाममा रहेको जग्गाधनी दर्ता स्रेस्तामा मोहीको नाम सरजुग महतो धानुक रहेको, सरजुग महतो धानुकले जग्गाधनीको हक प्राप्त गरिसकेपश्चात् मोहियानी हक कायम रहन नसक्ने भई मोही लगत कट्टा भइसकेको हुँदा वादीका पिता सुखाडी महतो मोही कायम हुन नसक्ने भनी भूमिसुधार कार्यालयको मिति २०७०।१०।२४ को मोही लगत कायम गर्ने निर्णय सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला उल्टी हुने भनी यसै

लगाउमा रहेको ०७५-CI-००१४ को मुद्दामा फैसला भएको हुँदा यी वादीका नाममा मोही नामसारी हुने ठहऱ्याई गरेको भूमि सुधार कार्यालयको निर्णय सदर गरेको साबिक पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब मान्न नमिल्ने।

जिल्ला पर्सा, गा.वि.स. मनियारी वडा नं. ६, कि.नं.१ को ज.वि.१-१-१५ कित्ताकाट भई कायम भएको कि.नं.९३८को ज.वि.०-१२-१६ को जग्गाको मोही स्व.पिता सर्जुग महतो खुलवटको नामबाट हकवाला छोरा सुखाडी महतो खुलवटको नाउँमा मोही नामसारी हुने ठहर गरेको भूमि सुधार कार्यालय, पर्साको मिति २०७०।१०।२४ को फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।३।७ को फैसला उल्टी हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

**इति संवत् २०७६ साल पौष ६ गते रोज १ शुभम् ।**

**इजलास नं.४**

२६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-१७५२, मानव बेचबिखन तथा ओसारपसार, मंगल सिंह थिङ वि. नेपाल सरकार, ०७२-CR-१८९१, विमलामाँया भोम्जन वि. नेपाल सरकारसमेत

प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङले लिएको जिकिर सम्बन्धमा हेर्दा प्रतिवादी निज रसुवा जिल्ला भोर्ले गा.वि.स. वडा नं. ५ स्थायी घर भई घरमा श्रीमती र छोराछोरीसमेत रहेका देखिन्छ । प्रतिवादी बिमलामाया भोम्जनको जिल्ला मकवानपुर नामटार गा.वि.स. वडा नं. ७ घर भई ऐ. वडा नं २ मा बसोबास रहेको र जाहेरवाला पीडिताहरूको स्थायी बसोबाससमेत जिल्ला मकवानपुर नामटार नै रहेको देखिन्छ । प्रतिवादी बिमलामाया भोम्जनका ज्वाइँ सुभाष थिङको माध्यमबाट यी प्रतिवादीको चिनजान बिमलामाया भोम्जनसँग भएको भन्ने तथ्य रहेको छ। वैदेशिक रोजगारको सिलसिलामा नामटार आउँदा जाँदा जाहेरवालाहरूसँग चिनजान भएको भन्ने खुलाएको पाइन्छ । प्रतिवादीले पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई विवाह गरी श्रीमती बनाई लगेको भने पनि निज पीडिताका अभिभावक संरक्षकलाई जानकारी गराएको देखिएन। जाहेरवाला पीडिताले प्रतिवादीउपर आफूलाई प्रतिवादीले बिक्री वितरण गर्नका लागि लगेको भनी किटानी जाहेरी दिई सोहीबमोजिमको बयान गरी अदालतबाट प्रमाणितसमेत भएको छ। अदालतमा उपस्थित भई स्वतन्त्र रूपमा बकपत्र गर्दासमेत प्रतिवादीले विवाह गरी लगेको भनी स्पस्ट बकपत्र गरेको नदेखिई, प्रतिवादीले भारत लान्छु र उही विवाह गर्छु, काममा लगाइदिन्छु भनेका थिए। प्रतिवादी बिमलामाया भोम्जनले मलाई फकाएर प्रतिवादी मंगल सिंहसँग पठाएको हो भन्ने बकपत्र गरेको देखिन्छ । प्रतिवादीको भनाइबमोजिम निजले विवाह गरेर गएको भए यसरी आफ्ना पतिउपर मानव बेचबिखानको उजुरी दिई बिक्री वितरण गर्न लगेको हो भनी अदालतमा समेत बकपत्र गर्नुपर्ने अवस्था रहँदैन। भरखरै विवाह गरेका पतिलाई यसरी आरोप लगाउनुपर्ने अन्य कुनै कारण अवस्था रहेको भन्ने मिसिल संलग्न प्रमाणहरूले देखिएन । पीडिताको बकपत्रलाई हेर्ने हो भने पनि विवाह गर्न भारत नै जानुपर्ने अवस्था रहँदैन। विवाह गरेको हो भन्ने स्पस्ट देखिने प्रमाणहरू बनाई विवाह गर्न सकिने हुन्छ । अतः प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङले जाहेरवाला परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई विवाह गर्ने भनी ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याई, अभिभावक संरक्षकलाई जानकारी नदिई, बसोबास गरिरहेको स्थानबाट छुट्टाई लिई गएको भन्ने देखिने।

अर्का जाहेरवाला परिवर्तित नाम ३१ (०७२/०७३/१ का सम्बन्धमा हेर्दा यी प्रतिवादीसँग लेनदेनको कारोबार रहेको भन्ने मौकाको जाहेरी, पीडिताको अदालतबाट प्रमाणित भएको बयान, अदालतको बकपत्रबाट देखिएको छ । पैसाको कुरा गर्न प्रतिवादीले हेटौंडा बोलाएकोले जाँदा प्रतिवादीले

अहिले पैसा छैन, भारत जाउँ, उतै काम लगाई दिउँला, यो पैसा पनि फिर्ता गरिदिन्छु भनेपछि घरमा केही खबर नगरी प्रतिवादीसँग गएको हुँ भनी बकपत्र गरेको देखिँदा आफूले लिएको सापट पैसा फिर्ता दिने बहाना बनाई पैसाको प्रलोभन देखाई घरबाट हेटौंडा बोलाई आफूसँगै लगेको भन्ने देखिने ।

जाहेरवाला पीडिता र प्रतिवादी हेटौंडा, नारायणघाट, महेन्द्रनगर जाँदा बाटोमा कसैले सोधेमा श्रीमती र बहिनी भन्नु भनी प्रतिवादीले सिकाएको, गाडीमा ग्यास्ट्रिकको औषधी भनी चक्की खान दिएको, खाएपछि निद्रा लागे जस्तो झुम्म भएको भन्ने पीडिताहरूको बकपत्रबाट देखिन्छ । महेन्द्रनगर लजमा बसेपछि भोलिपल्ट प्रतिवादीले २ वटा मोटरसाइकल बोलाएको एउटा मोटरसाइकलमा प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङ र अर्कोमा पीडिता जाहेरवालाहरू चढी २ घन्टाजति गई मोटरसाइकलबाट ओर्ली पैदल हिँड्दै गएको अवस्थामा प्रक्राउ परेको भन्ने पीडिताहरूको भनाइ रहेको छ । प्रतिवादीले जुन तौरतरिकाबाट महेन्द्रनगरसम्म पुऱ्याए, त्यहाँबाट नेपाल भारत सिमाना पुऱ्याउन अरू नै व्यक्तिको मद्दत लिएको देखिन्छ, अन्जान ठाउँमा २ वटा मोटरसाइकलसमेतको बन्दोबस्त गरी लाने काम गरेका छन्, प्रतिवादीले सही नियतले भारततर्फ लगेको भन्ने नदेखिने ।

मानव बेचबिखन ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गत कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको होइन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनुपर्ने व्यवस्था सोही ऐनको दफा ९ ले गरेको छ । यसको अर्थ वादीले अभियोग लगाउँदैमा आफ्नो दायित्व पूरा गरेको हुन्छ भन्न खोजिएको होइन । प्रतिवादीउपरको अभियोग पुष्टि हुने प्रमाण वादीले नै पुऱ्याउनुपर्छ । मानव बेचबिखन जस्तो सङ्गठित रूपमा गरिने अपराधमा वारदातबाट पीडित व्यक्ति स्वयं नै प्रत्यक्ष प्रमाण हुन्छ । निजले मौकामा दिएको जाहेरी दर्खास्त र घटनाक्रम उल्लेख गरी गरेको बयानले धेरै महत्त्व राख्ने हुन्छ । अभियुक्तले समेत घटना क्रमका सम्बन्धमा उल्लेख गरेको कुरासमेतलाई हेरी अपराध भए, नभएको के हो ? निष्कर्षमा पुग्नुपर्ने हुँदा भएको घटना गलत हो, लगाएको आरोप झुट्टा छ, जे भएको हो त्यो कानूनबमोजिम वैध हो भनी अभियोग दाबीबाट सफाइको माग गर्ने प्रतिवादीले नै आफूले भनेको सो कुराको प्रमाण गुजार्नुपर्ने ।

निज प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङको घरमा श्रीमती छोराछोरी सन्तान रहेको भन्ने खुल्न आएको छ । पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) सँग विवाह गर्ने उद्देश्यले मात्र भारततर्फ लानुपर्ने अवस्था हुँदैन । घरमा श्रीमती भएको जानकारी पीडितालाई नदिई विवाह गर्ने भन्ने बहानामा पीडितालाई फकाइ भारततर्फ लाने कार्य गरेको स्वाभाविक मान्न मिलेन । मकवानपुरबाट भारततर्फ लान हेटौंडा कन्चनपुर लामो दुरी पार गर्दै भारतको सीमा विन्दुमा सम्म पुऱ्याउने कार्य भइसकेको छ । बसमा यात्रा गर्दा पीडिताहरूलाई निन्द्रा लाग्ने औषधी खुवाइएको भन्ने पनि देखिन्छ । चाँडोचाँडो भारततर्फ लैजाने उद्देश्यले मोटरसाइकलमा सीमा नाकामा पुऱ्याएको देखिन्छ । प्रतिवादीले कञ्चनपुर महेन्द्रनगरबाट भारतको सिमाना गड्डा चौकीसम्म पीडिताहरूलाई पुऱ्याउन शङ्का नलाग्ने उपाय अपनाउन पीडिताहरूलाई वास्तविक नाता सम्बन्ध नभन्नु भनी सिकाएको र सार्वजनिक यातायातबाट नलगी मोटरसाइकलको बन्दोबस्ती मिलाई दुइजना पीडिताहरूलाई एउटै मोटरसाइकलमा चढाई आफू अर्कै मोटरसाइकलमा चढी सीमा नाकासम्म पुऱ्याइसकेको पुष्टि भएको छ । यस प्रकार पीडिताहरूको अभिभावकहरूसँग सहमति स्वीकृति नलिई एकाएक २ जना पीडिताहरूलाई विदेश भारततर्फ लाने कार्य गरेकोबाट निज प्रतिवादीले रोजगारीको लागि पीडिताहरूलाई लिई गएको भन्ने देखिन आउँदैन । मानव बेचबिखन जस्तो अपराधमा सोझा साझा अशिक्षित महिलालाई विभिन्न प्रलोभनमा पारी प्रपञ्च मिलाई फकाइ लाने कार्य भएको हुन्छ । प्रतिवादीका वास्तविक नियतबारेमा पीडिताहरूले पत्तै नपाउने हरसम्भव प्रयास गरिएको हुने ।

वस्तुतः यस प्रकारको कसुरमा प्रतिवादीले

पीडितालाई के कस्तो झुठ्ठा कुरा भन्न लगाएको र कसरी विदेश भारतसम्म पुऱ्याउने कार्य गरेको भन्ने तथ्य प्रमाणको महत्त्व हुन्छ । प्रतिवादीले सो अपराध गर्न वास्तविक कुरा उजागर नगर्न के कस्तो तरिका अपनाएका छन् र सीमासम्म पुऱ्याउने जुन तौर तरिका हतकण्डा प्रयोग गरेका छन् निज प्रतिवादीले गरेको कार्यबाट नै मनसाय तत्त्व पहिल्याउनुपर्ने अवस्था रहन्छ । यसप्रकारको कसुरमा निर्दोषिता पुष्टि गर्ने प्रमाणको भार प्रतिवादीमा नै रहन्छ । निज पुनरावेदक प्रतिवादीले पीडिताहरूलाई भारतमा लगी बेचबिखन, वेश्यावृत्ति लगाउने उद्देश्यले नै लाने कार्य गरेको देखिँदा निज प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (क) (ख) बमोजिमको कसुर गरेकोमा पुष्टि भएको हुँदा सोही ऐनको दफा १५ (१) (ङ) १ बमोजिम १० वर्ष कैद र रू.५०००० हजार जरिवाना ऐ. को दफा १७ बमोजिम पीडिताले रू.२५००० जनही क्षतिपूर्ति भराइपाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा नदेखिने ।

अर्का पुनरावेदक प्रतिवादी बिमलामाया भोम्जनको पुनरावेदन जिकिरतर्फ विचार गर्दा निज प्रतिवादी बिमलामाया भोम्जनकै घरमा पीडिता नाम परिवर्तित ३१ (०७२/०७३/२) र सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङ आउने गरेको भन्ने पनि देखिन्छ । पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२ समेतले मौकामा दिएको जाहेरी दर्खास्तबाट प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङको घर राम्रो छ, तिमीलाई मन पराएको रहेछ, विवाह गर्दा हुन्छ केही परेमा म जिम्मेवारी छु भनी फकाई मिति २०७२।३।२५ मा साथ लगाई पठाएको हो भनी जाहेरी दिएको देखिन्छ । पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२ ले सोही बेहोराको बयान गरी अदालतबाट प्रमाणित भएको बयानमा समेत उल्लेख गरेको र सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङले पनि पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) सँग प्रतिवादी विमलामायाको घरमा चिनजान भएको र निजकै घर पीडित परिवर्तित नाम ३१ (०७२/०७३/२) सँग विवाह गर्ने कुरा भएको साथै सो कार्यमा प्रतिवादी विमलामायाको पनि संलग्नता रहेको थियो भनी बयान गरेको पाइन्छ । पतिको मृत्यु भएको पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई सहप्रतिवादी मंगल सिंह थिङसँग विवाह गर्न उक्साउने, फकाउने परिपञ्च गर्ने कार्यमा निज प्रतिवादीको समेत हात रहेको तथ्य स्पष्ट भएको छ । आफ्नो छिमेकी चिनजान रहेकी पीडितालाई प्रतिवादी विमलामायाले सोझो चित्तले भलाई गर्ने नियतले सो कार्य गरेको भए इष्टमित्रहरूलाई सो तथ्यको बारेमा जानकारी हुन आउँथ्यो । रसुवा घर भएका विवाहित सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङलाई मकवानपुरमा पीडितालाई भेटाइदिने पीडिताले राम्रोसँग चिनजान नै नभएका व्यक्तिलाई विवाह गर्न फकाउने आदि कार्य निज प्रतिवादीले गरेका छन् । अन्यथा पीडितालाई सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङले भारत लैजाने कार्य गर्न सक्ने अवस्था नै रहँदैन । अतः निज प्रतिवादी विमलामायाले पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङसँग जान फकाएको हुँदा पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई प्र. प्रेम भन्ने मंगल सिंह थिङले भारततर्फ लाने कार्य गरेको देखिने ।

पीडिता परिवर्तित नाम ३१ ( ०७२/०७३/१) स्वयंम प्र. प्रेम भन्ने मंगल सिंह थिङसँग हेटौंडामा भेट गरी निजको साथमा गएको देखिन्छ । निज पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/१) प्र. बिमलामायाको घरमा गएको र निज प्रतिवादीले भारततर्फ जान फकाएको भन्ने निजै पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/१) ले भन्न सकेकी छैनन् । निज पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/१) ले आफू भारतसम्म जाने कार्यमा निज प्रतिवादी विमलामायाको कुनै संलग्नता छैन भनी अनुसन्धानको क्रममा नै भन्दै आएकी छिन् । सहपीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) को बयान र बकपत्रबाट पनि निज पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/१)

हेटौंडामा भेटेको र चिनजान भएको भनी उल्लेख गरेका छन् । अतः निज पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/१) लाई सह प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङसँग भारतमा जाने लाने कार्यमा निज प्रतिवादी विमलामायाको कुनै भूमिका रहेको नदेखिने।

निज प्रतिवादी विमलामाया पीडिताहरूसँग साथै भारततर्फ जाने कार्य गरेको पनि देखिँदैन । निज आफ्नो गाउँघरबाट पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) र सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङ सँगसँगै हेटौंडासम्म पनि आएको देखिँदैन। अतः पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङसँग विवाह गर्न भनी फकाइदिने प्रपञ्च मिलाई दिने कार्य गरेको र सोको परिणाम सहप्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङले पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) लाई भारततर्फ लाने कार्य गरेको हुँदा निज प्रतिवादीले पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) को हकमा सम्म मानव बेचबिखन तथा ओसारपसार कसुर गर्न दुरूत्साहन गर्ने मतियारको सम्म कसुर गरेको पुष्टि हुने।

फौजदारी कसुरमा कसुरको मात्राअनुसार सजाय गर्नु फौजदारी न्याय प्रशासनको मूल मर्म हो, कसुरमा संलग्नताको मात्राभन्दा बढी सजाय गर्नु न्यायोचित हुँदैन । घटित अपराधमा प्रतिवादीहरूको अलगअलग भूमिका भएपछि निज मुख्य अभियुक्त हुन्, वा मुख्य अभियुक्तलाई सहयोगसम्म गरेका मतियार हुन सो हेर्नुपर्छ । मानव बेचबिखान तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको समग्र कानूनी व्यवस्था हेर्दा पनि अपराध गर्ने मूल प्रतिवादी र मतियारलाई अलग अलग सजायको व्यवस्था गरेको देखिन्छ। ऐनको दफा १५ ले सजायको व्यवस्था गर्दा मुख्य अभियुक्त र मतियारलाई अलगअलग सजायको व्यवस्था गरेको छ। ऐनको दफा १५ (१) (ज) मा मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साह, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था भएबाट स्पष्ट हुन्छ। प्रतिवादी बिमलामाया भोम्जनको संलग्नता प्रमाण कागजबाट मतियारसरहको देखिन आएकोले प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) (ङ)१ को कसुर गरेको पुष्टि हुने नआई सोही ऐनको १५ (१) (ज) को कसुरको मतियारसम्म भएको पुष्टि हुँदा सोबमोजिमको सजाय गर्नुपर्नेमा सो नगरेको हदसम्मको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिन नआउने।

अतः पुनरावेदक प्रतिवादी प्रेम भन्ने मंगल सिंह थिङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)ऐन, २०६४ को दफा १५ (१) (ङ)१ बमोजिम दश वर्ष कैद रू.५०,०००।- जरिवाना र ऐ.ऐनको दफा १७ बमोजिम पीडिताहरूलाई जनही रू.२५,०००।– क्षतिपूर्ति भराइपाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।११।४ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी बिमलामाया भोम्जनले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५ (१) (ङ)१ को कसुर गरेको पुष्टि हुन नआई सोही ऐनको १५ (१) (ज) को कसुरमा पीडिता परिवर्तित नाम ३१ (०७२/०७३/२) को हकमा मतियारसम्म भएको पुष्टि हुँदा निजलाई सोही ऐनको १५ (१) (ङ)१ बमोजिम १० वर्ष कैद ५०,०००।- जरिवाना र पीडिताहरूले जनही रू.२५,०००।- क्षतिपूर्ति भराइपाउने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७२।११।४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी बिमलामाया भोम्जनलाई ऐ. ऐनको दफा १५ (१) (ज) बमोजिम ५ वर्ष कैद र रू.२५,००० जरिवाना र पीडिता परिवर्तित नाम ०७२/०७३/२ ले सम्म ऐ. ऐनको दफा १७ बमोजिम रू १२,५०० क्षतिपूर्तिसमेत भराइपाउने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटरः राधिका घोरासाइने

**इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम्।**

२७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** ०७३-CR-१६६४, कर्तव्य ज्यान, भुगोल माझी वि. नेपाल सरकार, ०७३-CR-१६६३, धनबहादुर माझी वि. नेपाल सरकार, ०७३-CR-१५७३, रमिला माझी वि. नेपाल सरकार

प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरूलाई समग्रतामा हेर्दा, वारदात रातको समयमा जंगलमा भएको भन्ने देखिँदा घटनाको प्रत्यक्षदर्शी नहुनु स्वाभाविक नै देखिन्छ । मृतकको लास जाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट धेरै दिनदेखि लासलाई ढुङ्गा माटोले पुरेर राखेको कारण लास सडे गलेको अवस्थामा फेला परेको र मृत्युको कारणसमेत पत्ता लाग्न नसकेको (Cause of Death is Undermined) भन्ने पनि देखिन्छ । मेघबहादुर माझीलाई मार्ने सबै तारतम्य मिलाउने प्रतिवादी रमिला माझी रहेको भन्ने कुरा प्रतिवादी धनबहादुर माझी र रमिला माझीको बिचमा प्रेम सम्बन्ध रहेर विवाह गर्ने निश्चित हुनु, सो कुरा मृतक मेघबहादुरलाई चित्त नबुझ्नु, मेघबहादुर र धनबहादुर तथा मेघबहादुर र रमिलाका बिचमा वैमनस्यता देखिनु, मुआब्जाबापत प्राप्त भएको रकमबाट धनबहादुरको नाममा किनेको ट्याक्टर र मोटरसाइकलको विषयलाई लिएर मृतकसँग पटक पटक झै-झगडा हुनु र उक्त रकममा रमिलाको आँखा लाग्नु, सो कुरा धनबहादुर माझीसँग गरेर निजलाई समेत सहमत गराउनु, लास पत्ता नलाग्दासम्म ३ हप्तादेखि हराएको भनिएको भाइ मेघबहादुरका बारेमा कुनै खोजतलास नगरिकन उल्टै काठमाडौं गएको बहाना बनाउनु र लास पत्ता लागेपछि मात्र जाहेरी दिनु जस्ता परिस्थितिजन्य प्रमाणहरूबाट खम्बिर हुन आयो । लास बरामद भएको स्थान तथा लासलाई लुकाउने उद्देश्यले खाल्डोमा हाली माटोले पुरेको भन्ने घटनास्थल मुचुल्काको बेहोराबाट देखिन आएको छ । होटलबाट मृतकलाई मोटरसाइकलमा राखी जंगलमा लगेको र मारिसकेपछि कसैले थाहा नपाउने गरी लास गाडेको कार्यहरूबाट प्रतिवादीहरू रमिला माझी र धनबहादुर माझीले मार्ने सल्लाह गरी योजना बनाई सोही मुताबिक प्रतिवादी भुगोल माझीलाई समेत प्रलोभनमा पारी तीनै जनाको मिलेमतोबाट मृतक मेघबहादुर माझीलाई कर्तव्य गरी मारेको तथ्य मालाकार रूपमा पुष्टि हुन आउने ।

साबिक मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धीको महलको १३ (३) नं. मा “लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिन नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ” ऐ. महलको १३ (४) नं. मा “जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा वचन दिनेलाई...जन्मकैद गर्नुपर्छ” कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको सन्दर्भमा मृतक मेघबहादुर माझीलाई कर्तव्य गरी मार्न वचन दिने प्रतिवादी रमिला माझीलाई ज्यानसम्बन्धी महलको १३ (४) नं. बमोजिम र प्रतिवादीहरू धनबहादुर माझी र भुगोल माझीलाई ऐ. महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहरी भएको उच्च अदालत पाटन हेटौंडा इजलासको फैसला मुनासिब नै देखिने ।

सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७२/१२/०२ मा प्रतिवादी रमिला माझीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (४) नं. बमोजिम र प्रतिवादीहरू धनबहादुर माझी र भुगोल माझीलाई ऐ. महलको १३ (३) नं. बमोजिम जन्मकैद हुने ठहरी भएको फैसला सदर हुने ठहरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।०९।०५ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृतः हेमा पाण्डे
कम्प्युटरः देविमाया खतिवडा (देबिना)
**इति संवत् २०७७ साल कार्तिक २८ गते रोज ६ शुभम् ।**

२८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CR-०३४६, कर्तव्य ज्यान र जबरजस्ती चोरी, भानबहादुर विष्ट वि. नेपाल सरकार

साथै, प्रतिवादी भानबहादुर विष्टको घरमा निजले लुकाइराखेको स्थानबाट N लेखेको २ तोला तौल भएको सुनको सिक्री थान १ बरामद भएको भन्ने तथ्य मिति २०७४।०५।१० को बरामदी खानतलासी मुचुल्काबाट देखिन्छ । मृतको लासनजिकै ६ इन्च फलाम र ४ इन्च कालो प्लास्टिकको भाग गरी जम्मा १० इन्च भएको Kiwi लेखेको धारिलो चक्कु थान १ ढुङ्गाले च्यापेको अवस्थामा बरामद भई लासको नजिक रहेका ढुङ्गा रगतले लतपतिएको भन्ने तथ्य बरामदी तथा घटनास्थल मुचुल्काबाट पुष्टि भएको छ । यसरी मिसिल संलग्न रहेका किटानी जाहेरी दरखास्त, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन घटना विवरण कागजलगायत अदालतसमक्ष साक्षीले गरेको बकपत्र बेहोराबाट प्रतिवादी भानबहादुर विष्टको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको साबिती बयान समर्थित भएको देखिँदा प्रतिवादी भानबहादुर विष्टले ढुङ्गा र चक्कुले प्रहार गरी मृतक नरेन्द्रबहादुर कुँवरको कर्तव्य गरेको तथ्य पुष्टि हुन आउने ।

मिसिल संलग्न कागजातहरूबाट प्रस्तुत वारदात रातको समयमा प्रतिवादीले अत्यधिक मादक पदार्थ सेवन गरी होटलबाट चक्कुसमेत साथमा लिई मृतकलाई एकान्तस्थल नहरको छेउमा लगी मृतक निदाइरहेको अवस्थाको मौका छोपी चक्कु र वारदातस्थलमा उपलब्ध ढुङ्गाले मृतकको टाउकोजस्तो संवेदनशील अंगमा पटक पटक प्रहार गरी निर्मम तवरबाट कर्तव्य गरको देखिन्छ । घटना घटाइसकेपश्चात् मृतकको पाइन्टको खल्तीबाट N लेखेको सुनको सिक्री झिकी आफ्नो साथमा राखी मोटरसाइकल, ब्लु बुक, पर्स र मोबाइल यत्रतत्र फालिदिई मोटरसाइकल नहरछेउ किनारामा लडाई घटनालाई तोडमोड गरी दुर्घटना भएको जस्तो देखाउने प्रयास गरेको भन्ने देखिँदा प्रतिवादीले मृतकलाई मार्ने मनसाय नरहेको र न्याय निरूपणको कार्यमा सहयोग पुऱ्याएकोले कम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

साबिक मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १३ (३) नं. मा "लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ.." भनी कानूनी व्यवस्था गरको पाइयो । त्यस्तै, चोरीको महलको ४ ले जबरजस्ती चोरीको परिभाषा गरी सोही महलको १४ (२) नं. मा सजायको व्यवस्था गरेको सन्दर्भमा प्रतिवादी भानबहादुर विष्टले मृतक नरेन्द्रबहादुर कुँवरलाई ढुङ्गाले हानी कर्तव्य गरी मृतकको सुनको सिक्रीसमेत चोरी लगेको पुष्टि भएकोले साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) नं. बमोजिमको कसुरमा सोही महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र चोरीको महलको ४ नं. बमोजिमको कसुरमा सोही महलको १४ (२) नं. बमोजिम ४ वर्ष १ महिना १५ दिन कैदको सजाय हुने ठहरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मनासिब नै देखिने ।

उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसलाबमोजिम प्रतिवादी भानबहादुर विष्टलाई ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको

महलको १४ (२) नं. बमोजिम जरिवानाबापतसमेत कैद सजाय हुने ठहरेकोमा सो सजायको कार्यान्वयनतर्फ विचार गर्दा, केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २ (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भनी कानूनी व्यवस्था गरेको देखिन्छ । प्रतिवादी भानबहादुर विष्टलाई साबिक मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरे तापनि सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था गरेको देखिँदा निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय गर्नुपर्ने देखियो । साथै, साबिक मुलुकी ऐनको चोरीको महलको १४ (२) नं. बमोजिम जबरजस्ती चोरी गर्नेलाई जरिवानाबापतसमेत कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को चोरी तथा डाँकासम्बन्धी कसुरको परिच्छेदमा जरिवानाबापतसमेत कैद सजाय गर्ने कानूनी व्यवस्था रहेको नदेखिँदा निज प्रतिवादीलाई जरिवानाबापत समेत कैद गर्न मिल्ने नदेखिने ।

प्रतिवादी भानबहादुर बिष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (३) नं. बमोजिमको कसुरमा सोही महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र निज प्रतिवादीले मुलुकी ऐन, चोरीको महलको ४ नं. बमोजिमको कसुरमा सोही महलको १४ (२) नं. बमोजिम ४ वर्ष १ महिना १५ दिन कैदको सजायसमेत गर्ने गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७५।०२।२२ मा भएको फैसला सदर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७६।०२।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादी भानबहादुर विष्टलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्व तथा चोरीको महलको १४ (२) नं. बमोजिम जरिवानाबापतसमेत कैद हुने ठहर भए तापनि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २ (ख) अनुसार सर्वस्व तथा चोरीको कसुरमा जरिवानाबापत समेत कैद गर्न निमिल्ने हुँदा सो हदसम्म उक्त सजाय कार्यान्वयन नहुने भई निज प्रतिवादी भानबहादुर विष्टलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटरः देविमाया खतिवडा (देबिना)

**इति संवत् २०७७ साल कार्तिक २३ गते रोज १ शुभम्।**

## इजलास नं.५

२९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१४६३, जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन, नेपाल सरकार वि. जगदिश अग्रवाल

प्रतिवादीउपर परिवर्तित नाम जनसेवा ४(१) र ४(२) लाई जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन गरेकोमा कानूनबमोजिम कारबाही गरी क्षतिपूर्तिसमेत दिलाइपाउँ भनी किटानी जाहेरी परेको देखिन्छ । प्रतिवादी जगदिशप्रसाद अग्रवालले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको भए पनि निजको जिकिर विश्वसनीय देखिँदैन । प्रतिवादीउपर जाहेरवालाले कुनै पूर्वरिसइवीको कारणबाट झुठ्ठा उजुरी गरेका होलान् भनी विश्वास गर्ने आधार देखिँदैन । पीडित नाबालिकाहरूलाई पैसा, चक्लेट

र मिठाई दिने प्रलोभन देखाई आफ्नो गोदाममा लगी जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन गरेको हो भनी निज पीडित बालिकाहरूको कागज भएको देखिन्छ । पीडितहरूले प्रतिवादी जगदिशप्रसाद अग्रवाललाई पहिचान गरी मानिस सनाखत गरेकोसमेत देखिन्छ । सनाखत गरिएको कुरालाई प्रतिवादीले समेत स्वीकार नै गरेको देखियो। प्रतिवादीले आरोपित कसुर गरेको तथ्य खुलाई पीडित बालिकाहरू तथा जाहेरवालाले अदालतमा बकपत्र गरेकोसमेत देखिन्छ। कलिलो उमेरका पीडित बालिकाहरूले झुट्ठा वा बनावटी कुरा गरी प्रतिवादीलाई फसाउनुपर्ने कारण र अवस्था देखिएन। स्वाभाविक र मालाकार रूपमा घटनाक्रम खुलाई जाहेरी, घटना विवरण कागज र बकपत्र भएको देखिँदा यसलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखियो। घटनापश्चात् पीडितहरूले हात मुख धुने, पखाल्ने काम गरेको र केही लामो समय व्यतीत भएपछि स्वास्थ्य परीक्षण गरिएको र घटना वारदातको प्रकृतिका दृष्टिले पनि स्वास्थ्य परीक्षणबाट घटनासम्बन्धी कुनै चिह्न देखा नपर्नु स्वाभाविक देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तयार गर्ने डा. युजिन डोल्मा बुलुङ्ले पीडकले निजको लिङ्ग पीडितको मुखमा हालेको र पीडितको तिघ्राबिचमा लिङ्ग घुसाएको भनी पीडितले भनेको कुरा उल्लेख गर्दै पीडितको स्वास्थ्य परीक्षणबाट त्यस्तो किसिमको लक्षण नदेखिन सक्ने भनी उल्लेख गरी बकपत्र गरेको पाइयो। समग्रमा हेर्दा प्रतिवादीउपरको अभियोग दाबी प्रमाणबाट पुष्टि भएको देखियो । यस अवस्थामा प्रतिवादीलाई आरोपित कसुरको अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको सुरू फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेको नदेखिने।

अतः प्रतिवादीलाई सफाइ दिने गरी भएको सुरू जिल्ला अदालत तथा उच्च अदालत पाटनको मिति २०७४/३/१३ को फैसला उल्टी हुन्छ र प्रतिवादी जगदिशप्रसाद अग्रवाललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ९ क. नं. बमोजिमको कसुर गरेकोमा सोही महलको ३ (१) नं. बमोजिम १० (दश) वर्ष र ऐ. ९क. नं. बमोजिम थप १ (एक) वर्ष समेत गरी कुल ११ (एघार) वर्ष कैद सजाय भई सोही महलको १०क. नं. बमोजिम प्रतिवादीबाट पीडित परिवर्तित नाम जनसेवा ४(१) र ४(२) लाई जनही रू. २५,०००।- का दरले क्षतिपूर्तिसमेत भराइदिने ठहर्ने।

प्रतिवादी जगदिशप्रसाद अग्रवाललाई कुल ११ वर्ष कैद हुने ठहर भएको छ। निज प्रतिवादीले २०३७ सालमा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा उमेर वर्ष २८ भनी उल्लेख भएको पाइयो। निजले २०७१ सालमा बयान गर्दा आफ्नो उमेर ६२ वर्ष भनी उल्लेख गरेको देखिन्छ। मिसिल कागजातबाट निजको उमेर हाल ६८ वर्ष भएको छ भन्ने देखिएको छ । वस्तुतः निज प्रतिवादीको उमेर सम्बन्धमा विवाद पनि देखिँदैन । प्रतिवादी जगदिशप्रसाद अग्रवालको स्वास्थ्यमा समस्या रहेको भनी देखिने औषधोपचारसम्बन्धी केही कागजातसमेत पेस हुन आएको पाइयो। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) (क) बमोजिमको सुविधा निजलाई दिनु नपर्ने कुनै मनासिब कारण रहेको कुरा मिसिलबाट देखिँदैन। यसका अतिरिक्त निवेदक नरध्वज गुरूङ विरूद्ध उच्च अदालत पोखरासमेत तथा निवेदक भक्तबहादुर गुरूङ विरूद्ध चितवन जिल्ला अदालतसमेत भएका विवादहरूका सन्दर्भमा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) (क) बमोजिम २५ (पच्चिस) प्रतिशत कैद छुटको सुविधा निजले पाउने नै देखियो। अतः प्रतिवादी जगदिशप्रसाद अग्रवाललाई भएको कुल ११ (एघार) वर्ष कैदमध्ये २५% ले हुन आउने २ (दुई) वर्ष ९ (नौ) महिना कैद छुट दिई निजलाई कुल ८ (आठ) वर्ष ३ (तीन) महिना कैदमा राख्ने।

इजलास अधिकृत : मोहनप्रसाद बेलबासे

कम्प्युटर : विजय खड्का

**इति संवत् २०७७ साल कार्तिक २४ गते रोज २ शुभम्।**

३०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०६११, घुस / रिसवत लिई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. सञ्जयकुमार यादव

मिसिल संलग्न कागजातहरूबाट घुमखहरे खरायोचौर सिँचाइ आयोजनाको काम सम्पन्न भई काम सम्पन्न भएको प्रतिवेदन आर्थिक प्रशासन शाखालाई दिइसकेपश्चात् अन्तिम भुक्तानी लिइसकेको कुरा उपभोक्ता समितिका अध्यक्ष थीरलाल उपाध्याय उपस्थित भई बकपत्र गरिदिएको पाइन्छ । यसका साथै निजले स्वास्थ्यको कारणले आफूले नभ्याउने भएबाट सिँचाइको पैसा किन घटी भएछ भनी नवराज पौडेललाई बुझ्न पठाएकोमा प्रतिवादीसँग वादविवाद भएको आरोपमा आएर यी सब काम भएछन् भनी लेखाएकोसमेत पाइने।

यसैगरी निवेदक उजुरवाला नवराज पौडेलले उपस्थित भई बकपत्र गर्दा यी प्रतिवादीले कुनै रकम माग नगरेको क्वान्टीटी बढी निकाल्न सक्दिन भनी भनेको कारणले आवेशमा आई फसाउने नियतले सम्म यी काम भएको हुन् भनी मौकाको उजुरी बेहोरा खण्डित हुने गरी बकपत्र गरिदिएको पाइने।

प्रस्तुत मिसिलमा सबैभन्दा मुख्य कुरा नवराज पौडेलले मिति २०७३।४।५ मा उजुरी दिनुभन्दा अगावै अर्थात् मिति २०७३।३।२९ मा आयोजनाको अन्तिम किस्ता लिइसकेको भन्ने कागज प्रमाणबाटै देखिएको छ। यसरी उजुर गर्नुअगावै रकमको भुक्तानी लिनु दिनुभएको अवस्थासमेतमा उल्लिखित आधार, प्रमाण र कारणसमेतबाट प्रतिवादीउपरको आरोपित कसुर प्रमाणित भएको नदेखिँदा विनाआधार प्रमाण प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहर गरी मागबमोजिम सजाय गर्दा न्यायसङ्गत हुने नदेखिने।

तसर्थ, उल्लेख भई विवेचना भएको आधार प्रमाणहरूबाट प्रतिवादीले घुस / रिसवत माग गरी लिई भ्रष्टाचार गरे भन्ने आरोपित कसुर सप्रमाण पुष्टि प्रमाणित भएको भन्ने नदेखिँदा प्रतिवादीउपरको आरोप दाबी पुग्न नसकी आरोप दाबीबाट प्रतिवादीले सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।४।२३ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत :- बिना गौतम

कम्प्युटर :- मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल आषाढ ४ गते रोज ५ शुभम्।**

३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०४४०, किर्ते जालसाज, सुभाषकुमार यादव वि. सुर्जिदेवी सुतिहारसमेत

यसरी तत्काल प्रचलनमा रहेको मुलुकी ऐन किर्ते कागजको महलको १८ नं. बमोजिम काम गरेको मितिबाट हदम्याद सुरू हुने भई ऐनले तोकेको हदम्याद दुई वर्षभित्र फिराददाबी लिई अदालतमा प्रवेश गर्नुपर्नेमा नि.नं.६६२५, ने.का.प.२०५५, अङ्क ११, पृष्ठ ३६६-६३७ मुद्दामा प्रतिपादित सिद्धान्तको समेत प्रतिकूल हुने गरी तोकिएको हदम्याद नघाई मिति २०४१।१०।१५ को २०४१ सालको कुत बुझेको र २०४२।१०।१० को २०४२ सालको कुत बुझेको रसिद तथा मिति २०५८।०९।०७ मा गनपतिलाल दासको नाममा तामेल भएको म्यादको विषयसमेतलाई लिएर २०६७।०३।०८ मा आएर फिराद दायर गरेको देखिँदा पुनरावेदक वादीको फिराद हदम्याद नघाई दायर भएको देखियो । जहाँसम्म २०५९।०५।२७ मा अदालत व्यवस्थापन तथा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ ले किर्ते कागजको १८ नं. मा संशोधन गरी थाहा पाएको मितिबाट हदम्यादको गणना हुने गरी व्यवस्था गरिएको सन्दर्भ हो । सो सम्बन्धमा अघिल्लो ऐन क्रियाशील रहेको अवस्थामा घटित कार्यको लागि संशोधित पछिल्लो ऐन आकर्षित नहुने भएकोले काम भए गरेको मितिबाट तोकिएको हदम्यादभित्रै फिराद लिई अदालत प्रवेश गर्नुपर्ने दायित्व पुनरावेदक वादीबाट निर्वाह भएको नदेखिने।

प्रस्तुत मिसिलमा हकाधिकारको प्रश्नसमेत

समावेश रहेकोले त्यसतर्फ हेर्दा २०४१ र २०४२ सालमा कुत बुझेको रसिद र २०५८।०९।०७ मा तामेल भएको म्यादको विषयलाई लिएर विवाद सिर्जना भएको र कुत बुझेको भनिएको विवादित जग्गामा २०६५।०४।२१ मा मात्रै बकसपत्रको लिखतको माध्यमले पुनरावेदक वादीलाई हक प्राप्त भयो भन्ने देखिँदा अगाडि नै भइसकेको कामकुराको लागि पछिल्लो लिखतबाट हक कायम भएको भनी त्यसलाई आधार बनाई आफूले जग्गाप्राप्त गर्नुअगावै भएको विषयमा विवाद गर्ने हकाधिकार पुनरावेदक वादीलाई रहेको भन्ने पनि नदेखिने।

हदम्याद र हकाधिकार भन्ने कुराले विवादको सुनुवाइ हुने नहुने भन्ने विषयमा महत्त्वपूर्ण स्थान राख्ने गर्दछ । जसको जुन कुरामा हक पुग्छ उसले नालेश गर्ने हकाधिकार प्राप्त गर्दछ र यसरी हकाधिकार प्राप्त गर्नेले ऐनले तोकेको समय अर्थात् हदम्यादभित्र आफ्नो दाबी लिई अदालत प्रवेश गरेको हुनुपर्दछ अन्यथा हकाधिकार नभएको व्यक्तिले दाबी लिई प्रवेश गरेको र ऐनले तोकेको हदम्याद व्यतीत भइसकेपश्चात् अदालत प्रवेश गरेको अवस्थामा त्यस्तो फिरादबाट सुनुवाइ हुन सक्ने नहुने। त्यसैले माथि उल्लेख भई विवेचना भएको आधार, कारणसमेतबाट पुनरावेदक वादीको फिराद हकाधिकारको अभावमा हदम्याद व्यतीत भइसकेपछि दायर भएको देखिँदा यस्तो फिरादबाट मुद्दाको कारबाही र तहकिकात गरिरहनुपर्ने आवश्यक नहुँदा फिराद दाबीअनुसार जालसाज ठहर गरी भएको सुरू फैसला उल्टी गरी पुनरावेदक वादीको फिराद दाबी तत्काल प्रचलनमा रहेको अ.बं.१८० नं. बमोजिम खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।११।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- ओजा लामिछाने

**इति संवत् २०७६ साल फागुन ४ गते रोज १ शुभम्।**

३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७४-WO-०९४६, उत्प्रेषणयुक्त परमादेशसमेत, डा. खेमनाथ कोइराला वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, भक्तपुरसमेत

कमेरोटार जग्गा एकीकरण आयोजनाले मिति २०७१।५।१९ मा गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरेपछि निवेदकले रीतपूर्वक दरभाउपत्र पेस गरेकोमा सो आयोजनाले निवेदकले पेस गरेको दरभाउपत्र र बोलपत्र उसै बखत खोली सकेको, विपक्षी आयोजनाउपर तत्कालीन पुनरावेदन अदालत पाटनमा परेको निवेदक तेजमाया वाडेसमेतको ०७१-WO-०२२३ उत्प्रेषणसमेतको मुद्दामा अविलम्ब कारबाही गरिदिनु भनी परमादेशको आदेश जारी भएकोमा आयोजनाबाट निजलाई जग्गा फिर्ता दिन नपर्ने निर्णय भएको देखियो । यसै क्रममा विपक्षी आयोजनाले निवेदकको रकम फिर्ता दिने भनी मिति २०७२।१२।३मा गरेको निर्णय र सोअनुसार गरेको पत्राचारसमेत बदर गरिपाउन उच्च अदालत पाटनमा दायर गरेको संवत् ०७२-WO-०८७८ नं. को रिट निवेदनमा उच्च अदालत पाटनबाट विपक्षी आयोजनाको रकम फिर्ता गर्ने निर्णय तथा पत्राचार बदर हुने ठहरी मिति २०७३।७।२४ मा भएको फैसला अन्तिम भइरहेको स्थितिमा विपक्षी आयोजनाको उपभोक्ता समितिको मिति २०७४।७।२४ र आयोजना व्यवस्थापन उपसमितिको मिति २०७४।९।११ को निर्णयले जग्गा र निर्माण सामग्रीको मूल्य वृद्धि भएको कारण देखाई निवेदकलाई बोलपत्र आह्वान गरेको समयको मूल्यमा जग्गा दिन नसकिने हुँदा निवेदकले राखेको धरौटी फिर्ता दिने गरी निर्णय गरेको देखियो । यसरी उच्च अदालतको मिति २०७३।७ २४ को फैसलाले बोलपत्र सम्बधमा शीघ्र निर्णय गर्नु भनी अन्तिम रहिरहेको अवस्थामा अदालतको सो फैसलालाई बेवास्ता गरी आयोजनाले गरेको उक्त निर्णय अदालतको फैसलाको बर्खिलाप भई कानूनसम्मत मान्न नसकिने।

प्रस्तुत विवादित जग्गाको सम्बन्धमा सार्वजनिक खरिद ऐनको प्रावधान आकर्षित हुँदैन भन्ने आयोजनाको जिकिर सम्बन्धमा विचार गर्दा,

काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ३२ (२) प्राधिकरणले विनियमावली नबनाएसम्म प्राधिकरणको आर्थिक प्रशासनसम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम हुने छ भनी उल्लेख भएको देखियो। सोबमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरणले विनियमावली बनाएको भन्नेसमेत देखिँदैन । तसर्थ सार्वजनिक खरिद ऐन, नियमावलीका प्रावधान आकर्षित हुनेमा विवाद देखिएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (२)मा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारबाही रद्द गर्ने प्रक्रिया उल्लेख भएको पाइन्छ । जसअनुसार "केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आह्वान गर्न सकिने छैन" भन्ने कानूनी प्रावधान रहेको पाइयो । सो कानूनी व्यवस्थाबमोजिमको कुनै अवस्थासमेत प्रस्तुत विवादमा रहेकोसमेत देखिँदैन । उल्लिखित कानूनी आधारबिना आयोजनाले आफ्नो आर्थिक लाभ हानिलाई आधार मानी दूषित मनसाय राखी जग्गा र निर्माण सामग्रीको मूल्य वृद्धि भएको कारण जनाई धरौटी रकम फिर्ता गर्ने र जग्गा बिक्री नगर्ने निर्णय कानूनी एवं औचित्यताको आधारमा त्रूटिपूर्ण देखिन आयो । निवेदकको तर्फबाट बोलपत्र सम्बन्धमा केही गरे बिराएको नदेखिएको अवस्थामा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रियाअनुसार बोलपत्र खोल्नेसम्मका प्रक्रिया पूरा भइसकेको अवस्थामा आयोजनाको लाभ हानिलाई आधार बनाई निवेदकले कानूनबमोजिम दाखिल गरेको रकम फिर्ता गर्ने गरेको आयोजनाको उपभोक्ता समितिबाट मिति २०७४।७।२४ मा भएको निर्णय, सो निर्णयलाई अनुमोदन गर्ने गरी आयोजना व्यवस्थापन उपसमितिबाट भएको मिति २०७४।९।११ को निर्णय कानूनसम्मत् देखिन नआउने।

कमेरोटार जग्गा एकीकरण आयोजनाले मिति २०७१।५।१९ मा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित घडेरी बिक्रीको सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचनाको प्रकरण ५ मा उल्लिखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने अधिकार आयोजनालाई रहेको भन्ने जिकिर कानून व्यवसायीले लिएको सन्दर्भमा करिब चार वर्षसम्म आयोजनाबाट निर्णय हुन नसकेको अवस्था छ । रिट निवेदकको कुनै गलत कार्यका कारण निर्णय ढिला भएको भन्ने अवस्था विद्यमान छैन । कानूनी शासनमा स्वेच्छाचारी तवरले निर्णय गर्ने अधिकार कसैलाई पनि हुँदैन । हरेक निकायका कामकारबाही विधिसम्मत र कानूनी प्रक्रियाअनुसार हुनुपर्दछ । समयको लामो अन्तरालपछि केवल आयोजनाको लाभ हानिलाई आधार मानी सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचनाको दरभाउपत्र स्वीकृत गर्ने, नगर्नेसम्बन्धी सर्त देखाई कानूनबमोजिम प्रकाशित बोलपत्रअनुसार पेस भएको बोलपत्रसमेत खोली सकेको अवस्थामा अस्वीकृत गर्ने आयोजनाको उपभोक्ता समितिबाट मिति २०७४।०७।२४ मा भएको निर्णय, सो निर्णयलाई अनुमोदन गर्ने गरी आयोजना व्यवस्थापन उपसमितिबाट भएको मिति २०७४।९।११ को निर्णयले कानूनी औचित्यता प्राप्त गर्न सक्ने नदेखिने।

सरकारी वा ऐनबमोजिम स्थापित सार्वजनिक निकायले आफूले गरेको वाचा र प्रतिवद्धता र आश्वासनबमोजिम कार्य गर्दछन् भनी नागरिकले वैधानिक अपेक्षा (Legitimate expectation) राख्नु स्वाभाविक हुन्छ । प्रस्तुत मुद्दामा आयोजनाले दरभाउपत्र माग गरिसकेपछि निवेदकले दरभाउपत्रमा उल्लिखित सर्तबमोजिम कारबाही हुन्छ भनी दरभाउपत्र पेस गरेको देखियो । दरभाउपत्र कानूनबमोजिम लामो समयसम्म कारबाही नभई राखेको भन्ने निवेदन बेहोरा र सोसाथ पेस भएका प्रमाण कागजात एवं लिखित जवाफको बेहोरासमेतबाट देखियो । निवेदकको वैध अपेक्षाविपरीत करिब ४ वर्षपछि धरौटी रकम फिर्ता लिन आउनु भनी पत्राचार गर्नेसमेतका आयोजनाको

निर्णय वैधानिक अपेक्षाको सिद्धान्त प्रतिकूल भई मनासिब एवं युक्तिसङ्गत मान्न नमिल्ने।

विपक्षी कमेरोटार जग्गा एकीकरण आयोजनाले आफ्नो फाइदा वा बेफाइदा या लाभ हानिलाई आधार बनाई अदालतबाट भएको फैसला एवं प्रचलित कानूनी व्यवस्थाको खिलाफ हुने गरी, सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचनामा दरभाउपत्र (बोलपत्र) स्वीकृत गर्ने, अस्वीकृत गर्नेसम्बन्धी सर्त देखाई आयोजनाले दरभाउपत्र (बोलपत्र) अस्वीकृत गरेको देखिएको, उक्त सूचनाले स्वेच्छाचारी तवरले निर्णय गर्ने अधिकार आयोजनालाई दिएको भनी मान्न मिल्ने नदेखिएकोसमेतबाट कमेरोटार जग्गा एकीकरण आयोजनाबाट निवेदकले दाबी गरेको दरभाउपत्र (बोलपत्र) बमोजिमको जग्गा निवेदकलाई नदिई धरौटी फिर्ता गर्ने गरी भएको निर्णयलाई मनासिब मान्न नसकिने।

तसर्थ, उपर्युक्त विवेचित आधार, कारणबाट विपक्षी कमेरोटार जग्गा एकीकरण आयोजनाको उपभोक्ता समितिबाट मिति २०७४।७।२४ मा भएको निर्णय, सो निर्णयलाई अनुमोदन गर्ने गरी आयोजना व्यवस्थापन उपसमितिबाट भएको मिति २०७४।९।११ को निर्णय, आयोजनाको मिति २०७४।१०।०३ को पत्र तथा सोबमोजिम भए गरिएका काम कारबाही अदालतको फैसला एवं प्रचलित कानून प्रतिकूल भई त्रुटिपूर्ण देखिन आएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब, निवेदकले दरभाउपत्रमा बुझाउन कबोल गरेको दररेटबमोजिमको रकममध्ये भुक्तानी गर्न बाँकी रकम बुझाउने मनासिब मौका दिई बाँकी रकम बुझाएमा निवेदकले दाबी गरेको दरभाउपत्र (बोलपत्र) बमोजिमको जग्गा निवेदकका नाउँमा हस्तान्तरण गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत:- दुर्गाप्रसाद बस्याल

कम्प्युटर :- विजय खड्का

**इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम्।**

यसमा यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएको छ :

- ०७४-WO-०९४७, उत्प्रेषणयुक्त परमादेशसमेत, अधिवक्ता रामबहादुर राउत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, भक्तपुरसमेत
- ०७४-WO-०९९६, उत्प्रेषणयुक्त परमादेशसमेत, टंककुमार रायमाझी वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, भक्तपुरसमेत

३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७६-WH-०४०६, बन्दीप्रत्यक्षीकरण, शिशिर कुमार भुषाल वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

निवेदक शिशिरकुमार भुषालउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २५७ बमोजिम मुद्रासम्बन्धी कसुर (खोटा चलन) मुद्दा चलेको देखियो । सो मुद्दामा नियमित न्यायिक प्रक्रियाबाट सुनुवाइ गरिएको र तहतह अदालतले प्रमाणको मूल्याङ्कन गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने भनी आदेश गरेको पाइयो । सुनुवाइ प्रक्रियामा हदम्याद, हकदैया वा अधिकारक्षेत्रात्मक त्रुटि कायम रहेको, वा प्रवृत्त धारणा राखी कानून प्रतिकूल थुनामा राखेको भन्ने देखिँदैन । न्यायिक दृष्टिले हेर्दा गम्भीर अन्यायको अवस्था कायम रहेको भन्ने पनि देखिँदैन। यस अवस्थामा अदालतले प्रमाणको मूल्याङ्कन गरी भएको थुनछेकको आदेशउपर रिट क्षेत्राधिकारबाट प्रमाण मूल्याङ्कनको उपयुक्तता परीक्षण गर्नु मनासिब नहुने।

अतः निवेदक शिशिरकुमार भुषालउपर मुद्रासम्बन्धी कसुर तथा लागु औषध मुद्दासमेत चलेको, नियमित न्यायिक प्रक्रियाबाट निजलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी तह-तह अदालतबाट आदेश भएको, यस प्रकारको थुनालाई गैरकानूनी थुना

भन्न मिल्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- वीरेन्द्रबहादुर मल्ल

कम्प्युटर : विजय खड्का

**इति संवत् २०७७ साल आश्विन ८ गते रोज ५ शुभम् ।**

३४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७०-CR-१५९५, डाँका, नेपाल सरकार वि. बलप्रसाद वि.क. समेत

प्रतिवादीमध्येका नन्दबहादुर घर्ती मगर, पूर्णबहादुर घर्ती मगर र प्रदिप भन्ने पूर्णबहादुर घर्ती मगरउपर मिति २०६७/५/२९ र २०६७/७/३ को डाँका चोरीको वारदातमा संलग्न रहेको भनी छुट्टाछुट्टै डाँका चोरी मुद्दा दायर भई दुवै मुद्दामा सुरू तथा पुनरावेदन अदालतबाट फैसला हुँदा यी प्रतिवादीहरूलाई डाँका चोरी गरेको ठहर भएको देखिन्छ । प्रस्तुत मुद्दाको वारदात मिति २०६७/५/२९ रहेकोमा यस मुद्दाको वारदातभन्दा पछाडि घटेको मिति २०६७/०७/०३ को वारदातलाई प्रथम पटक मानी प्रस्तुत मुद्दाको वारदातलाई दोस्रो पटक कायम गर्न कानून तथा न्यायको दृष्टिले मिल्ने देखिएन । प्रस्तुत मुद्दाको वारदातपछाडि वारदात कायम भएको अर्को मुद्दासमेत एकै दिन फैसला भएकोमा मिति २०६७/५/२९ गते वारदात भएको प्रस्तुत मुद्दामा दोस्रो पटक कायम नभई मिति २०६७/०७/०३ गते वारदात भएको मुद्दामा दोस्रो पटक कायम हुने देखिएकोले प्रस्तुत मुद्दामा दोस्रो पटक कायम गर्ने गरेको हदसम्म सुरू अदालतको फैसलालाई उल्टी गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन नआउने ।

अतः विवेचित आधार, कारणबाट सुरू फैसला केही उल्टी गरी प्रतिवादीमध्येका नन्दबहादुर घर्ती मगर, पूर्णबहादुर घर्ती मगर र प्रदिप भन्ने पूर्णबहादुर घर्ती मगरलाई दोस्रो पटकको कसुर कायम गर्न मिल्ने नदेखिँदा निज तीन जना प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको १४ (४) नं. बमोजिम ६ वर्ष कैद सजाय र रू. १२,०००/- जरिवाना ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७०/१०/१३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः- सृजना गौतम

**इति संवत् २०७६ साल माघ २७ गते रोज २ शुभम् ।**

## इजलास नं.६

३५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-१२१३, उत्प्रेषणयुक्त परमादेश, अध्यक्ष शैलेन्द्रकुमार चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

नेपालको संविधानको धारा २५ (२) ले सार्वजनिक हितका लागि बाहेक राज्यले व्यक्तिको सम्पत्ति अधिग्रहण गर्न रोक लगाएको छ भने धारा २५ (३) ले व्यक्तिको सम्पत्ति अधिग्रहरण गर्दा क्षतिपूर्तिको आधार दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत विवादमा विवादित जग्गा कुनै नागरिकको नभई कानूनी व्यक्ति सार्वजनिक विद्यालयको देखिन्छ । सार्वजनिक हितका लागि खोलिएका यस्ता विद्यालयहरूका भौतिक पूर्वाधारहरू भविष्यको आवश्यकतासमेतलाई आधार बनाई विद्यालयका जग्गालगायतका भौतिक सम्पत्तिहरूको संरक्षण गर्नु विद्यालयको मात्र नभई राज्यको पनि दायित्व हुने ।

उल्लिखित परिप्रेक्ष्यमा २०३४ सालदेखि नै श्री प्राथमिक विद्यालय छिटाहाको नाममा दर्ता कायम रहेका विवादित कित्ता जग्गाहरूको स्वामित्वको अभिलेख मालपोत कार्यालयमा नै रहेको र सोको स्वामित्व अन्त कतै नसरेको अवस्थामा दर्तावाला जग्गाधनी विद्यालयलाई कुनै जानकारी सूचना नै नदिई कोही कसैको नाममा दर्ता नरहेको भन्ने बेहोराको टिप्पणी सदर गरी आफूखुसी सरकारको नाममा दर्ता कायम गरेको मालपोत कार्यालय सुनसरीको

कार्यलाई कानूनसम्मत मान्न सकिने अवस्था देखिएन । राज्यक्षेत्रभित्रका जग्गाको संरक्षण र उपयोगको लागि हितकारी ढङ्गले निर्णय गर्न पाउने अधिकार जिल्लास्थित मालपोत कार्यालयलाई हुन्छ । विना आधार र कारण सरकारी सम्पत्ति अनधिकृत रूपमा दर्ता भएको अवस्थामा मालपोत ऐनको दफा २४ को प्रयोग गरी व्यक्तिको नाममा भएको दर्ता बदर गर्न पनि सक्ने हुन्छ । सो गरिएको हो भन्ने पनि टिप्पणी निर्णयबाट देखिँदैन । विनाआधार र कारण मनोमानी ढङ्गले एक सामुदायिक विद्यालयको स्वामित्वमा रहेको जग्गा विना सूचना र जानकारी सरकारको स्वामित्वमा सार्ने असीमित अधिकार मालपोत कार्यालयलाई प्रदान गरिएको मान्न पनि मिलेन । लोकतान्त्रिक शासन प्रणालीमा राज्यका कुनै पनि निकायलाई प्राप्त अधिकार असीमित हुन सक्दैन । हरेक निकाय र अधिकारीले निश्चित मूल्य, मान्यता र सिद्धान्तलाई आधार मानेर आफ्नो निर्णय अधिकारको प्रयोग गर्नुपर्ने हुन्छ । यस अवस्थामा जिल्लास्थित कुनै निकाय वा संस्थाको स्वामित्वमा रहेको जग्गालाई मन्त्रिपरिषद्को निर्णय निर्देशन र विभागीय पत्राचार भएको भन्ने मात्र आधारमा कायम रहेको जग्गाधनी विद्यालयलाई सूचना नै नदिई आफूखुसी सरकारको नाममा सार्ने गरी टिप्पणी उठाई सो टिप्पणी सदर गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल हुने गरी भएको पाइएको हुँदा सो निर्णय कायम रहन सक्ने नदेखिने ।

जग्गाधनी विद्यालयलाई सुनुवाइको मौका नै नदिई सो जग्गा सरकारको नाममा दर्ता कायम गर्ने गरी गरेको निर्णयले न्यायिक मान्यता प्राप्त गर्न नसक्ने भई त्रुटिपूर्ण हुँदा मन्त्री परिषद्को मिति २०५०।९।८ को निर्देशन, सोबमोजिमको विभागीय पत्राचारसमेतको आधारमा मालपोत कार्यालय सुनसरीबाट मिति २०५१/०२/१३ मा भएको टिप्पणी निर्णय र तत्पश्चात् भए गरेका पत्राचारहरूसमेतलाई उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब विद्यालय व्यवस्थापन समिति, स्थानीय तहका सम्बन्धित नगरपालिकासमेतका सरोकारवाला निकाय र व्यक्तिसमेतलाई राखी जग्गामा विद्यालयको सार्वजनिक प्रयोगमा बाधा नपर्ने र सार्वजनिक सम्पत्तिको हिनामिना र दुरूपयोग हुन नहुने कुरालाई समेत दृष्टिगत गरी विवादित जग्गा दोहोरो भएको ठाउँमा हटाउने र विद्यालयको नाममा दर्ता गर्ने सम्बन्धमा पुनः कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७७ साल असार ३० गते रोज ३ शुभम्।**

३६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०६९६, हातहतियार खरखजाना, नेपाल सरकार वि. अशोककुमार ठाकुरसमेत

जाहेरवालाले स.फौ.नं ०६६-०२३२५ को अपहरण तथा शरीर बन्धक र विष्फोटक पदार्थसम्बन्धी मुद्दामा बकपत्र गर्दा दायाँ तर्फको हात पाखुरा समात्ने अपहरणकारीलाई मैले चिनिन भनी (स.ज९) मा भने पनि घटनास्थल प्रकृति मुचुल्कामा सहप्रतिवादी नरेश कुमार कुशवाहा कट्टुवा पेस्तोलसहित पक्राउ पर्दा यी प्रतिवादी अशोककुमार ठाकुरसमेत पक्राउपर्नुको साथै बरामदी मचुल्कामा प्रतिवादी अशोक कुमार ठाकुरले सहीछापसमेत गरेको देखिन्छ । यस्तो अवस्थामा निज प्रतिवादी अशोककुमार ठाकुरलाई जिल्ला प्रशासन कार्यालय सिराहाले सफाइ दिएको फैसला केही उल्टी भई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० (३) बमोजिम रू.५०,०००।- जरिवाना गरेको सो हदसम्मको फैसला मिलेकै देखिन आयो । निज प्रतिवादी अशोककुमार ठाकुरलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० (२) बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

प्रतिवादी बिक्रम भन्ने विजयचन्द्र गुप्ताको हकमा विचार गर्दा, निज प्रतिवादीउपर किटानी नाम

उल्लेख गरी जाहेरी दिएको अवस्था छैन । घटनास्थल प्रकृति मुचुल्का हेर्दा निज हतियारसहित मौकामा पक्राउ परेको अवस्था पनि देखिँदैन । निज प्रतिवादीले जिल्ला प्रशासन कार्यालयमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । सहप्रतिवादी नरेश कुशवाहा महतोले मौकामा देवकुमार शाहलाई अपहरण गरी बन्धक बनाइराखेको अवस्थामा प्रहरीले मसमेतलाई पक्राउ गरेको हो भनी यी प्रतिवादीसमेतलाई पोल गरी बयान कागज गरे पनि अन्य कुनै वस्तुनिष्ठ प्रमाण कागजबाट प्रतिवादी विक्रम भन्ने विजयचन्द्र गुप्ताको हकमा सम्म अभियोग मागदाबी पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादी विक्रम भन्ने विजयचन्द्र गुप्तालाई सुरू जिल्ला प्रशासन कार्यालयले सफाइ दिई पुनरावेदन अदालत राजविराजबाट सदर गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी अशोककुमार ठाकुरको हकमा मागदाबीबमोजिम हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२) र ५ (१) को कसुरमा सोही ऐनको दफा २० (३) बमोजिम तजबिजी रू.५०,०००।- (पचास हजार) रूपैयाँ जरिवाना हुने र अर्को प्रतिवादी विक्रम भन्ने विजयचन्द्र गुप्ताको हकमा सफाइ हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल माघ २ गते रोज ६ शुभम् ।**

३७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-RB-०७२२, बैंकिङ कसुर, नेपाल सरकार वि. भिमबहादुर खत्री

प्रतिवादीले अदालतसमक्ष गरेको बयानलाई पुष्टि गर्ने गरी, प्रतिवादी पक्राउ परेपछि निजका मानिस मेरो सम्पर्कमा आएकोमा बुझ्दै जाँदा निजले मेरा मानिसलाई रकम दिइसकेका रहेछन् र बाँकी रकम रू. नौ लाखसमेत दिइसकेका हुँदा भर्पाईसमेत गरिदिएको थिएँ । भर्पाई प्रतिवादीले पेस गरेका होलान् । प्रतिवादीसँग तत्काल सम्पर्क हुन सकेको भए प्रस्तुत जाहेरीसमेत दिन आउनुपर्ने अवस्था थिएन । मैले प्रतिवादीसँगबाट पाउनुपर्ने रकम पाइसकेको छु भनी अदालतसमक्ष उपस्थित भई जाहेरवाला पृथ्वीबहादुर राउतले बकपत्र गरेको देखिन्छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ मा देहायको कार्य गर्न नहुने भनी देहाय (ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक दिन नहुने भनी उल्लेख भएको पाइन्छ भने दफा १५ (१) मा कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र ३ महिनासम्म कैद हुन सक्ने कानूनी व्यवस्था गरेको पाइन्छ । प्रतिवादी भिमबहादुर खत्रीले आफ्नो खातामा पर्याप्त रकम नभएको कुरा जान्दा जान्दै एन.एम.बि. बैंक लिमिटेडको चेक काटी दिएकोमा सो चेक भुक्तानी नभई चेक बाउन्स भएको देखिएको हुँदा प्रतिवादीले बैंकिङ कसुर तथा सजय एन, २०६४ को दफा ३ (ग) बमोजिमको कसुर गरेको देखिन आयो । तर उक्त चेकमा उल्लेख भएको रकममध्ये जाहेरवालालाई रू.१८,००,०००।– (अठार लाख) जाहेरी गर्नुपूर्व नै र रू.९००,०००।– (नौ लाख) जाहेरी परेपछि तिरिसकेको भनी प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेकोमा सो बेहोरालाई जाहेरवालाले समेत स्वीकार गरी अदालतमा उपस्थित भई बकपत्र गरी पुष्टि गरेको देखिन्छ । यसरी चेकमा रू.२७,००,०००।– (सत्ताइस लाख) भनी उल्लेख गरे तापनि जाहेरीपूर्व नै प्राप्त गरिसकेको रकमलाई बिगो कायम गर्न मिलेन भनी रू. ९,००,०००।– (नौ लाख) बिगो कायम गरी प्रतिवादी भिमबहादुर खत्रीलाई सोही ऐनको दफा १५ (१) बमोजिम बिगो बराबर जरिवाना र १० (दश) दिन कैद सजाय गर्ने गरी भएको उच्च अदालत पाटन वाणिज्य इजलासको फैसलालाई अन्याय भन्न मिल्ने अवस्था नदेखिने ।

प्रतिवादी भिमबहादुर खत्रीले अभियोग दाबीबमोजिम बैंकिङ कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १५ (१) बमोजिम कैद दिन १० (दश) र रू. ९००,०००।– (नौ लाख रूपैयाँ) जरिवाना हुने ठहर्छ । बिगोको हकमा जाहेरवालाले जाहेरी अगाडि र पछाडि गरी चेकमा उल्लिखित रकम प्राप्त गरिसकेको भनी प्रतिवादीले मौकामा र अदालतमा गरेको बयानको बेहोरालाई जाहेरवाला पृथ्वीबहादुर राउतले अदालतमा उपस्थित भई बकपत्र गरी सो बेहोरालाई स्वीकार गरेको देखिँदा जाहेरवालालाई बिगो भराइरहनु परेन भनी उच्च अदालत पाटनको वाणिज्य इजलासबाट मिति २०७५।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७७ साल असार २८ गते रोज १ शुभम्।**

३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-RB-०९८४, बैंकिङ कसुर, कृष्णचन्द्र ठकुरी वि. नेपाल सरकार

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटी दिन" नहुने बेहोरा उल्लेख भई सोही ऐनको दफा १५(१) मा "कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो भराई बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने व्यवस्था गरेको पाइन्छ। जाहेरवालाले दाबी गरेको चेक यी प्रतिवादीको भएकोमा प्रतिवादीको स्वीकारोक्ति रहेको, प्रतिवादीको चेक खातामा पर्याप्त मौज्दात नरहेको कारण चेक सटही हुन नसकेको बैंकको पत्र र उल्लिखित कानूनी व्यवस्थाको आधारमा प्रतिवादीले दाबीबमोजिमको कसुर गरेको देखिएकोले यी प्रतिवादी कृष्णचन्द्र ठकुरीलाई बिगो रू.१६,६४,०००।- कायम गरी सोही बिगोबमोजिम रू.१६,६४,०००।- जरिवाना र १० दिन कैद सजाय हुने ठहर गरी उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी कृष्णचन्द्र ठकुरीले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अनुसार कसुर गरेकोले निजलाई सोही ऐनको दफा १५ (१) अनुसार रू.१६,६४,०००।- जरिवाना र १० (दश) दिन कैद सजाय हुने तथा जाहरेवालाले प्रतिवादीबाट बिगोबमोजिमको रकम रू.१६,६४,०००।- भराई लिन पाउने गरी सुरू उच्च अदालत पाटनबाट मिति २०७५।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७७ साल पौष ६ गते रोज २ शुभम्।**

३९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७१-CR-१०४४, ०५५८, ०७३०, सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. भरतकुमार यादवसमेत, भरतकुमार यादव वि. नेपाल सरकार, ब्रम्हदेव यादव वि. नेपाल सरकार

केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको मिति २०७०।०१।१५, चलनी नं. ४४३७ साथ संलग्न परीक्षण प्रतिवेदन हेर्दा, निज प्रतिवादी भरतकुमार यादवको नमुना औंठाछापहरू र भर्पाई फायलहरूमा भएको औंठाछाप एक आपसमा मेल नखाएको भन्ने देखिन्छ। यसरी वादी नेपाल सरकारले शङ्कारहित तवरबाट निज प्रतिवादी भरतकुमार यादवउपरको अभियोग पुष्टि गर्न नसकेको हुँदा साथै रू.५० हजार गा.वि.स. सचिव भरतकुमार यादवलाई दिएको हो भन्ने सहप्रतिवादी ब्रम्हदेव यादवको भनाइ अन्य कुनै प्रमाण कागजबाट पुष्टि हुन सकेको देखिएन । यस्तो अवस्थामा केवल सहअभियुक्तको पोलको आधारमा निज प्रतिवादी भरतकुमार यादवले नै लिए खाएको भन्ने स्पष्ट रूपमा स्थापित नभएको अवस्थामा भ्रष्टाचारजस्तो कसुरमा सजाय गर्न मिल्ने

देखिएन । यस्तै प्रकृतिको मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासबाट ने.का.प. २०६४ अङ्क ५ नि.नं. ७८४८ मा "भ्रष्टाचारको कसुर गरेको भन्ने प्रमाणको भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोजन पक्षले खम्बिर गराउन सकेकोसमेत नदेखिई सोको पुष्ट्याइँ गर्ने शङ्कारहित र दुविधारहित ठोस, स्पष्ट भरपर्दो र तथ्यपूर्ण प्रमाणसमेत रहे भएको नदेखिँदा भ्रष्टाचार जस्तो व्यक्ति मात्रको नैतिकतासँग सम्बन्धित अभियोगमा कसुरदार ठहर्‍याउन न्यायोचितसमेत नहुने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यसरी मिसिल संलग्न कागज प्रमाणबाट निज प्रतिवादीउपरको अभियोग शङ्कारहित तवरबाट पुष्टि हुन आएको नदेखिँदा विशेष अदालत काठमाडौंको मिति २०७१।५।३।३ को फैसला उल्टी भई निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी ब्रम्हदेव यादवको हकमा हेर्दा, बिगो रू.१ लाख मात्र भ्रष्टाचार गरेको ठहर गरी भएको विशेष अदालतको मिति २०६९।०५।०३ को फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म बदर गरी निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भनी पुनरावेदन जिकिर लिएको र प्रतिवादी ब्रम्हदेव यादवले बाल संरक्षण भत्ताबापत प्राप्त रकम पूरै वितरण भएको कुरा अभिलेखबाट प्रस्ट रहेको अवस्थामा बिगो नासे, मासे, खाएको भन्न नमिल्ने अवस्थामा कसुर कायम गरी सजाय गरेको फैसला बदर गरी अभियोग मागदाबीबाट फुर्सद दिलाइपाउँ भन्ने प्रतिवादी ब्रम्हदेव यादवले पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रतिवादी ब्रम्हदेव यादवले विशेष अदालतमा बयान गर्दा सिनुरजोडा गा.वि.स.को बाल संरक्षण भत्ता २०६८ श्रावणदेखि ०६९ आषाढ मसान्तसम्मको रू.८,९०,०००।- रकम गा.वि.स सचिव भरतकुमार यादवबाट चेकमार्फत लिएको र सम्बन्धित व्यक्तिलाई नै वितरण गरेको हुँ । आफैँ औंठाछाप लगाई लिए खाएको छैन, म निर्दोष हुँदा सजाय हुनुपर्ने होइन भनी कसुरमा इन्कार रही बयान गरे पनि निजले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा आफू सिनुरजोडा गा.वि.स. को प्राविधिक सहायक पदमा कार्यरत रहेको, २०६८ श्रावणदेखि २०६९ असार को बाल संरक्षण भत्ता वितरण गर्न चेकबाट रू. ८ लाख ९० हजार गा.वि.स. सचिव भरतकुमार यादवबाट प्राप्त गरेको हुँ र भत्ताबापतको रकम वितरण गरी भरपाईमा समेत सम्बन्धित व्यक्तिले नै औँठाछाप लगाएको हो साथै सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम रू.१,००,०००।- (एक लाख) मा रू. ५०,०००।- (पचास हजार) गा.वि.स सचिवलाई दिई रू. ५०,०००।- (पचास हजार) आफैँले राखेको हो भनी  कसुर स्वीकार गरी बयान गरेको देखिन्छ । केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको मिति २०७०।०२।०८ को  चलानी नं. ५२९६ साथ संलग्न परीक्षण प्रतिवेदन हेर्दा, सिनुरजोडा गा.वि.स.को बाल संरक्षण भत्ता भरपाईमा लगाइएका विवादित औंठा छापमा पुजाकुमारीसमेतका १४० जनाको भरपाईमा र अरूण मण्डलसमेत ४८ जनाको नामको भर्पाईमा लगाइएको औंठाछाप Loop Pattern र एकै व्यक्तिको औंठाछाप हो । उक्त औंठाछाप सिनुरजोडा गा.वि.स. का प्राविधिक सहायक ब्रम्हदेव यादवसँग लिएको दायाँ र बायाँ हातको बुढी औंलाको औंठाछाप Loop pattern एकै व्यक्तिको औंठाछाप हो फरक छैन भन्ने उल्लेख भएको देखिन्छ र उक्त परीक्षण प्रतिवेदन दिने विशेषज्ञहरू अरूण बस्नेत र सुदर्शन शेरचनसमेतले प्रतिवेदनको बेहोरा ठिक छ भनी बकपत्र गरेको पाइन्छ । यस स्थितिमा निज प्रतिवादी ब्रम्हदेव यादवले बालसंरक्षणबापतको रकम अनियमितता गरेको कुरा स्थापित भएको देखिन आउने ।

निज प्रतिवादी ब्रम्हदेव यादवले के कति रकम अनियमितता गरेको भन्ने सम्बन्धमा विशेष अदालतबाट फैसला हुँदा ४ (चार महिना) कैद र बिगोबमोजिम रू.१,०००००।– (एक लाख) जरिवाना र बिगोबमोजिम निज प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) सिनुरजोडा गा.वि.स.ले भराइपाउने गरी फैसला भएको सन्दर्भमा हेर्दा, निज प्रतिवादीउपर बिगो रू.४,५१,२००।– कायम गरी आरोपपत्र

मागदाबी लिएको देखिन्छ । निज प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम रू.१,००,०००।- मा रू.५०,०००।- (पचास हजार) गा.वि.स.सचिवलाई दिई रू.५०,०००।- (पचास हजार) आफैँले राखेको हो भनी कसुर स्वीकार गरी बयान गरेको देखिन्छ । तर सहप्रतिवादी गा.वि.स का सचिव भरतकुमार यादवले उक्त रकम बाँडी लिएको कुरामा इन्कार गरी खण्डनसमेत गरेको देखिन्छ । प्रहरी विधिविज्ञानशालाको परीक्षण प्रतिवेदनबाट १८८ जनाको औंठाछाप एउटै व्यक्तिको औंठाछाप हो भनी उल्लेख भएको र उक्त परीक्षण प्रतिवेदन ब्रम्हदेव यादवसँग मिलेको भन्ने देखिन्छ । तर सम्बन्धित व्यक्तिले रकम प्राप्त नभएको भन्ने कुनै उजुरी भएको मिसिल संलग्न कागजबाट देखिँदैन । सही नमिलेको भन्ने आधारमा थप अनुसन्धान गरी बिगो यकिन गर्नुपर्नेमा सो नगरी मुद्दा दर्ता हुन आएको भन्ने देखिएको छ । यस स्थितिमा प्रतिवादीले मासे खाएको भनी स्वीकार गरेको बिगोलाई नै भ्रष्टाचार गरेको बिगो मान्नुपर्ने हुँदा विशेष अदालतबाट बिगो कायम गरेको मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । अतः विशेष अदालतबाट निज प्रतिवादी ब्रम्हदेव यादवको हकमा बिगो रू. ५०,०००।- (पचास हजार) कायम गरेको हदसम्म मिलेको नदेखिई केही उल्टी हुने ठहर्छ । बिगोको हकमा निजउपर बिगो रू.१,००,०००।- (एक लाख) ठहर भई अन्य कैद तथा जरिवानाको हकमा विशेष अदालतको फैसला मिलेकै देखिन आयो । वादी नेपाल सरकारको अन्य पुनरावेदन जिकिर र पुनरावेदक प्रतिवादी बम्हदेव यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी भरतकुमार यादव र ब्रम्हदेव यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा रू.१,०००००।- (एक लाख) नेपाल सरकारको हानि नोक्सानी गरेको ठहरी ऐ. ऐनको दफा ३ (१) (ग) बमोजिम जनही ४ महिना कैद र बिगो बमोजिम रू.१,०००००।- (एक लाख) जरिवाना हुने र जनही रू.५०,०००।– (पचास हजार) का दरले सिनुरजोडा गा.वि.स. ले भरि पाउने ठहर गरी विशेष अदालतबाट भएको फैसला केही उल्टी भई प्रतिवादी भरतकुमार यादवले सफाइ पाउने र प्रतिवादी बम्हदेव यादवको हकमा लागेको कैद ४ (चार महिना) र बिगोबमोजिमको जरिवाना रू.१,०००००।- (एक लाख) मा कुनै परिवर्तन नभई बिगोको हकमा मात्र अब निज प्रतिवादीबाट रू.१,००,०००।- (एक लाख) सिनुरजोडा गा.वि.स.ले भराइपाउने ।

इजलास अधिकृत:- शारदादेवी पौडेल

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल पुस २८ गते रोज ३ शुभम् ।**

## इजलास नं.७

४०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०८८१, १७०८, ०७४-CR-००४२, गैंडा मारी खाग बिक्री व्यवसाय, तिलकराम चौधरी वि. नेपाल सरकार, ऋषिकान्त बस्ताकोटी वि. नेपाल सरकार, नेपाल सरकार वि. अर्जुन पंगेनीसमेत

पुनरावेदक प्रतिवादीहरू ऋषिकान्त बस्ताकोटी, तिलकराम चौधरी र आङ्गजेन लामाकातर्फबाट उपस्थित विद्धान कानून व्यवसायीहरूले बहसका क्रममा प्रतिवादीहरूको मौका तथा मुद्दा हेर्ने अधिकारीसमक्षको बयान प्रतिवादीहरूलाई डर, धाक, धम्की दिई त्रासदीपूर्ण वातावरणमा गराइएको हुँदा अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि नहुँदासम्म सो बयानलाई प्रमाणमा लिन मिल्दैन । प्रतिवादीहरू कसुरदार हुन् भन्ने कुरा निजहरूको बयानबाहेक अन्य स्वतन्त्र प्रमाण मिसिलमा केही देखिँदैन । मुद्दाको अभियोजन अनुसन्धान र तहकिकात सबै एउटै निकायबाट गरिने भएकोले आफूले दायर गरेको मुद्दामा सफल हुन र देखाउनका लागि पक्षहरूलाई अनाहकमा फसाउने गरी भएको छ भनी गर्नुभएको बहस तथा पुनरावेदक वादी नेपाल

सरकारका तर्फबाट सफाइ पाएका प्रतिवादीहरूसमेत आरोपित कसुरमा संलग्न रहे भएको अवस्थामा निजहरूलाई समेत सजाय गरिनुपर्दछ भनी गर्नुभएको बहस जिकिरसमेतलाई विचार गरी हेर्दा प्रस्तुत मुद्दामा गैंडा मारी सोको खाग बिक्री भएको कुरा माथि विभिन्न प्रकरणमा उल्लिखित तथ्यहरूबाट स्थापित भइसकेको र उक्त गैंडा मारी खाग बिक्री गर्ने कार्यमा के कुन प्रतिवादीहरू संलग्न रहेका छन । अवैध चोरी सिकारीमा संलग्न हुने मानिसहरूले निर्दोष जंगली जनावरहरूलाई मारी सोको अंग झिकी व्यापार गर्ने र नाफा कमाउन लालायित हुनेहरूले जंगलमा लुकीछिपी गरेको कामको प्रत्यक्षदर्शी कोही नहुने, नरहने र निर्दोष पशुहरूले आफूहरूमाथि भएको आक्रमणको जानकारी गराउन नसक्ने हुँदा सोसमेतलाई मनन गरी साथै हालसम्मका न्यायिक अभ्यासहरूलाई समेत हेरी परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कन गरिनुपर्ने । यस अवस्थामा प्रतिवादीहरूको साबिती बयानलाई अन्य प्रमाणबाट पुष्टि नहुँदासम्म प्रमाणमा लिइनु हुँदैन भन्ने विद्वान् कानून व्यवसायीहरूको तर्कसँग सहमत हुने अवस्था रहेन । साथै अभियोग लगाइएका सबै प्रतिवादीहरू कसुरदार हुन् भन्ने वादी नेपाल सरकारको बहस जिकिरसँग सहमत हुने अवस्था पनि नदेखिने ।

अतः प्रस्तुत मुद्दामा प्रतिवादीहरू तिलकराम चौधरी, आङ्गजेन लामा र ऋषिकान्त चौधरीले गैंडा मारी सोको खाग बिक्री गरी प्राप्त गरेको रकम बुझी लिए खाएको कुरामा स्वीकार गरी बयान गरेको र निजहरूउपर प्रतिवेदक र मौकामा कागज गर्ने वेदबहादुर खडकासमेतको कागज बेहोरासमेतबाट प्रतिवादीहरू तीनैजना कसुरदार रहेको बेहोरा पुष्टि हुन आएको देखियो । अन्य प्रतिवादीहरू जीतबहादुर महतो, अर्जुन पंगेनी र खिरीनारायण चौधरीले गैंडा मारी सोको आखेटोपहार बिक्री गर्ने कार्यमा संलग्न रहेको प्रमाण वादी पक्षले पेस गर्न नसकेको, अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा इन्कार रहेको अवस्था एवम मौकामा आफू कसुरमा साबित भई बयान गर्ने प्रतिवादीहरू ऋषिकान्त वस्ताकोटी, तिलकराम चौधरी र आङ्गजेन लामाले यी प्रतिवादीहरूलाई पोल गरी बयान गरेको नदेखिएकोले निजहरूसमेत कसुरदार हुँदा सजाय गरिनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा बहससँग सहमत हुन सकिने अवस्था नदेखिने ।

अतः यस अदालतबाट मिति २०७६।३।२४ मा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्न्वयन) ऐन, २०७४ को दफा ८ बमोजिम कसुर ठहर हुने गरी आदेश भई सजाय निर्धारणको लागि पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूबाट भएको कसुरहरूको मात्रा तथा आरोपित कसुरमा यी पुनरावेदक प्रतिवादीको संलग्नताको अवस्था एवं परिस्थितिसमेतका आधारमा पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।२० को फैसला केही उल्टी गरिदिएको छ । अबः पुनरावेदक प्रतिवादीहरूमध्ये तिलकराम चौधरीलाई पुनरावेदन अदालत, हेटौंडाबाट ७ वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना भएकोमा ५ वर्ष कैद, ऋषिकान्त वस्ताकोटीका हकमा ५ वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवाना भएकोमा ५ वर्ष कैद हुने ठहर्छ र पुनरावेदन नगर्ने आङ्गजेन लामाका हकमा ८ वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना भएकोमा ५ वर्ष कैद हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ / अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम् ।**

४१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६७-WO-०३४६, उत्प्रेषणयुक्त परमादेश, बटुकृष्ण कार्कीसमेत वि. श्रम अदालत अनामनगर काठमाडौंसमेत

कस्तो अवस्थामा पुनर्बहाली गर्ने र कस्तोमा नगर्ने भन्ने सम्बन्धमा विचार गर्दा रोजगारसँग सम्बन्धित कानूनमा व्यवस्थापकले गरेको निर्णय बदर हुने अवस्थालाई समेत विचार गर्नुपर्ने हुन्छ । सामान्यतया, कुनै कर्मचारी तथा कामदारलाई सेवाबाट हटाउने गरी

भएको निर्णयमा सारवान् पक्ष र कार्यविधि पक्ष दुवै त्रुटिपूर्ण भएको अवस्थामा वा कार्यविधि पूरा गरेको तर सारवान् पक्ष नै प्रमाणित नभएको अवस्थामा सेवामा पुनर्बहाली गरी पूर्ववर्ती पारिश्रमिक (back wage) अर्थात् सेवाबाट हटाएदेखि पुनर्बहाली नभएसम्मको पारिश्रमिक पाउनुपर्ने हुन्छ । तर सेवाबाट हटाउने व्यवस्थापकको निर्णयमा उल्लेख भएको सारवान् पक्ष अर्थात् आचरण पक्ष कामदार कर्मचारीको खराब रहेको अवस्थामा सेवाबाट हटाउने व्यवस्थापकले गरेको निर्णय बदर गर्नुपर्ने देखिँदैन । यसरी नै निवेदकको तर्फबाट निज विपक्षीलाई हटाइएको समयावधि लामो भइसकेको, प्रत्यर्थीले गरी आएको लघुवित्तसम्बन्धी कार्य निवेदक संस्था सहभागी भई स्थापना भएको घ वर्गको प्रतिष्ठानको रूपमा क्रियाशील भई हाल यस संस्थाले निज विपक्षीले गरिआएको काम नगरेको भनी उल्लेख गरेको तथा निवेदक प्रतिष्ठानले निजहरूलाई लगाउँदै आएको काम छाडिसकेको भन्ने कुरा बहसको क्रममा समेत उल्लेख भएबाट जुन व्यवसायको प्रयोजनार्थ यी विपक्षीलाई सेवामा लगाइएको थियो सो व्यवसायमा यी निवेदक संस्था हाल संलग्न नरहेको परिवर्तित सन्दर्भसमेत रहेको देखियो । निज विपक्षी राम शाहीले मिति २०६५।११।१८ मा संस्थाको केन्द्रीय कार्यालयमा कम्प्युटर प्रिन्टरलगायत भौतिक सामग्री तोडफोड गर्ने, त्यहाँ कार्यरत कर्मचारीलाई कुटपिट गर्ने, गाली गलौज गर्नेसमेतको कार्य गरेकोले सार्वजनिक अपराध ऐनअन्तर्गतको कसुर भएकोले जिल्ला प्रशासन कार्यालय ललितपुरबाट निजलाई रू.२५००।- जरिवाना गरेउपर निजले कुनै किसिमको उपचार नखोजी उक्त कार्य स्वीकारी बसेको देखिन्छ । यस प्रकृतिको आचरणबाट यी विपक्षीले संस्थाको हितमा काम गर्ने विश्वास गुमाइसकेको र आफैँले स्वेच्छाले अनुपस्थित रही बरबुझारथ गरिसकेको पनि देखियो । यसरी आफू कार्यरत रहेको प्रतिष्ठानमा शान्ति सुरक्षामा खलल पर्न नदिनु कर्मचारीको पनि कर्तव्य हुन्छ । कुनै पनि सम्पत्तिको अपचलन, तोडफोड गर्ने कार्य सामान्य आचरणभित्र पर्ने विषय होइन । आफूलाई चित्त नबुझेको विषय प्रस्तुत गर्ने कानूनबमोजिमका प्रक्रिया हुँदाहुँदै कसैलाई कुटपिट गर्ने वा प्रतिष्ठानको सम्पत्ति भाँच्ने बिगार्ने नष्ट गर्ने आचरणलाई कुनै दृष्टिकोणबाट पनि कानूनसङ्गत मान्न सकिने अवस्था हुँदैन । विपक्षीले मिति २०६६।४।२६ देखि नै तोकिएको कार्य क्षेत्रमै नगई निवेदक संस्थालाई बरबुझारथ गरी स्वेच्छाले आफूलाई सेवाबाट अलग गरिसकेपछि संस्थाबाट अनुचित एवम् गैरकानूनी फाइदा लिन र आफूले संस्थालाई पुऱ्याएको क्षतिबारे तथ्य लुकाई श्रम अदालतमा पुनरावेदन लिई गएको देखिन आएको तथा श्रम अदालतले उपर्युक्त विषयहरूको समुचित विवेचना नगरी पुनरावेदन सुनी पुनर्बहाली गर्नु भन्ने मिति २०६७।३।३० फैसला कानून तथा न्यायका मान्य सिद्धान्तहरूअनुरूप देखिँदैन, अत: प्रस्तुत रिट निवेदनमा उत्प्रेषणको आदेश जारी भई श्रम अदालतको मिति २०६७।३।३० को फैसला बदर हुने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल असार २७ गते रोज ६ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-WO-०३४७, उत्प्रेषणयुक्त परमादेश, बटुकृष्ण कार्कीसमेत वि. श्रम अदालतसमेत
- ०६७-WO-०५८२, उत्प्रेषणयुक्त परमादेश, बटुकृष्ण कार्कीसमेत वि. श्रम अदालतसमेत
- ०६७-WO-०५८३, उत्प्रेषणयुक्त परमादेश, बटुकृष्ण कार्कीसमेत वि. श्रम अदालतसमेत

४२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७७-WH-०१५५, बन्दीप्रत्यक्षीकरण, नमुना राना ठकुरी वि. उच्च अदालत पोखरासमेत

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) मा फरार रहेको कसुरदार वा यो यस्तो मुद्दाको कसुरदारले यो कैदमा बस्नु नपर्ने

सुविधा माग गर्न सक्दैन वा मिल्दैन भनी प्रतिबन्ध लगाएको अवस्था छैन । यो सुविधा माग गर्ने कसुरदार मुद्दा फैसला हुँदाका बखत अदालतमा हाजिर भएको वा थुनामा नै रहेको हुनुपर्छ वा फरार रहेको हुनुहुँदैन वा प्रहरीले पक्राउ गरेपछि निवेदन दिएमा यो सुविधा पाउने छैन भनी कुनै बाध्यात्मक व्यवस्था नगरेको । खास अवस्थाको कसुरदारको हकमा त्यो सुविधा दिन नखोजिएको भए ऐनमा नै प्रस्टसँग उल्लेख हुनुपर्ने । ऐनमा त्यस्तो व्यवस्था गरेको देखिँदैन । ऐनको व्यवस्थामा यो अधिकार अदालतलाई न्यायको रोहमा उपयुक्त ठहराएको अवस्थामा विवेकसङ्गत रूपमा प्रयोग गर्न दिइएको छ । कानूनले यो सुविधा नपाउने किटान गरेको अवस्था बाहेक अन्य अवस्था परिस्थिति विचार गरी अदालतले आफ्नो स्वविवेक प्रयोग गर्न बाधा नदेखिने ।

निवेदकउपर भएको सजायको मात्रा र कसुर गर्दाको अवस्थालाई हेर्दा निवेदकबाट भएको कसुर गम्भीर प्रकृतिको नदेखिएको, यसै अवस्था र प्रकृतिको मुद्दामा सुविधा माग गरी विगतमा दर्ता भएका निवेदनहरूमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा प्रदान भएको देखिएको, देशभर कोरोनाको महामारी फैलँदै गएको र यस्तो अवस्थामा भिडभाडयुक्त कारागारमा सङ्क्रमणको जोखिमबाट निवेदकले सुरक्षित रहन पाउनु निजको संवैधानिक र कानूनी हकसमेत हुने, कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी रहेको अवस्थामा भिडभाड कम गर्दै शारीरिक दूरी कायम राख्न सकिने अवस्थालाई ध्यान दिनुपर्ने, यी रिट निवेदकलाई एक वर्ष मात्र कैदको सजाय भएको अवस्था, निजलाई सुविधा दिएर कैदबाट छुटकारा दिँदा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएको परिवर्तित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ ले रकम तिरेर कैद बस्न नपर्ने सुविधा दिन सकिने गरी कानूनी व्यवस्था गरेको साथै विशेषत: नेपालभर कोभिड-१९ को महामारी फैलिएको, कारागारहरू अझ जोखिम बढी भएका क्षेत्रमा पर्ने सन्दर्भ, परिस्थिति एवं कानूनी व्यवस्था तथा यी निवेदिकासँग भएका नाबालिग बच्चाको सर्वोत्तम हितसमेतलाई विश्लेषण नगरी यी रिट निवेदकले भुक्तान गर्न बाँकी कैदबापत रकम बुझाउन नपाउने, कैदमा नै बस्नुपर्ने भनी तनहुँ जिल्ला अदालतबाट मिति २०७७।५।२६ मा भएको आदेश र सोही आदेशलाई सदर गर्ने गरी उच्च अदालत, पोखराबाट मिति २०७७।७।२० मा भएको आदेश कानूनको मनसायअनुरूप नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको ।

रिट निवेदकको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा नयाँ कानूनले दिने व्यवस्था गरेको परिप्रेक्ष्यमा उल्लिखित आधार कारणहरू खुलाई यो आदेशसहितको मिसिल प्राप्त भएपछि यथाशक्य चाँडो पेसीमा चढाई पुन: उपयुक्त आदेश गर्नु भनी तनहुँ जिल्ला अदालतका नाउँमा यो परमादेश जारी गरिदिएको ।

इजलास अधिकृत: भूमिप्रसाद शर्मा

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल पौष २८ गते रोज ३ शुभम् ।**

**इजलास नं.९**

४३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-१७१२, कर्तव्य ज्यान, धनराज खत्री वि. नेपाल सरकार

मिति २०६९/०७/०८ गते दिउँसो १४:३० मानिसको स्वरमा बरबराइरहेको आवाज सुनी झ्यालबाट बाहिर हेर्दा घरको आँगनको बाटो भएर धनराज खत्री अत्यधिक मात्रामा रक्सी सेवन गरेको अवस्थामा आफ्नो घरतर्फ जाँदै गरेको र निजभन्दा अलि अगाडि एक जना तत्काल मैले पछाडिबाट देख्दा चिन्न नसकिएकी कालो सुरुवाल, गुलावी स्वेटर र हातमा कालो रंगको पोलिथिन झोला बोकेकी महिला

जाँदै गरेकी देखेकी थिएँ । आफूले घरनजिकको बाटो भएर पछाडिपट्टिबाट देखेकी महिलाको शरीरमा भएका लुगा कपडा, कालो रंगको पोलिथिनलगायतका सरसामान घटनास्थलमा मृतक लासमा देखिनुमा निज ललुदेवी जेठारा नै भएकी र धनराज खत्रीले निज ललुदेवी जेठारालाई जबरजस्ती करणी गरी कर्तव्य गरी मारी फालेकोमा मलाई पूर्ण विश्वास लाग्दछ र निज धनराज खत्री आपराधिक प्रवृत्तिका व्यक्ति हुन् समेत भनी भुवन धामीकी श्रीमती धौलीदेवी धामीले अनुसन्धान अधिकारीसमक्ष मौकामा व्यक्त गरी लेखाउनुका साथै सो बेहोरालाई पुष्टि गरी अदालतमा समेत बकी लेखाइदिएको र कालो सुरुवाल, गुलावी स्वीटर र हातमा कालो रङ्गको पोलिथिन झोला बोकेकी महिला भन्ने निजले दिएको मृतकको हुलिया वारदात स्थलमा फेला परेको मृतकले लगाएको कपडासँग मेल खाएको पाइने ।

प्रतिवादी धनराज खत्रीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई मृतकको लास जाँच प्रकृति मुचुल्का, मौकामा बुझिएका धौलीदेवी धामी, गिऱ्या सार्की, कालीदेवी खातीसमेतले गरेको घटना विवरण कागज तथा निजहरूको अदालतमा भएको बकपत्रसमेतले पुष्टि भएको देखिँदा यी प्रतिवादी धनराज खत्रीले नै ललुदेवी जेठारालाई जबरजस्ती करणी गरी ज्यानसमेत मारी मृतकले लगाएको गरगहनासमेत लुटी अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी धनराज खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराधमा सोही ऐनको १३ नं. को देहाय ३ बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू बझाङ जिल्ला अदालतबाट मिति २०७३।३।१३ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत दिपायलको मिति २०७४।०२।१६ को फैसला कानूनसम्मत देखिन आएकोले आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी धनराज खत्रीको मौकाको साबिती, लास जाँच प्रकृति मुचुल्का, बरामदी मुचुल्कासमेतबाट यिनै प्रतिवादी धनराज खत्रीले मृतक ललुदेवी जेठारालाई जबरजस्ती करणी गरेपश्चात् सलले घाँटी कसी कर्तव्य गरी ज्यान मारेको तथ्य स्थापित भई अभियोग पुष्टि हुन आएकोले प्रतिवादी धनराज खत्रीलाई अभियोग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा ऐ.को १३ नं. को देहाय ३ बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू बझाङ जिल्ला अदालतको मिति २०७३/०३/१३ को फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत दिपायलको मिति २०७४।०२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था भएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख)मा "कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था भएबाट सर्वस्व हुने गरी सजाय नहुने हुँदा निज प्रतिवादी धनराज खत्रीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । पुनरावेदक प्रतिवादी धनराज खत्रीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम् ।**

४४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-CR-१२२३, बाल यौन दुराचार (जबरजस्ती कारणी), नवराज पाण्डे वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी नवराज पाण्डेको आरोपित कसुरमा संलग्नता छ, छैन भन्ने सम्बन्धमा विचार गर्दा आफूले जाहेरवालीको छोरीलाई कोठामा लगी कट्टु खोली निजको सुसु गर्ने ठाउँमा मुसार्ने, औंला छिराउने केही गरेको होइन भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गर्ने पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मौकामा बयान गर्दा पीडित जमिनमा बिच्छाएको गलैंचामा बसेको अवस्थामा निजलाई सुत्न लगाई कट्टु तल सारी निजको योनिमा हात लगी मुसारी दिँदा निज रून कराउन लागेपछि हातले मुख थुनिदिएकोसमेत भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ । मिति २०७३।१२।७ गते दिउँसो आफ्नी छोरी पीडित वर्ष ६ की परिवर्तित नाम कृष्ण गण्डकी कोठामा एक्लै भएको समयमा छोरीलाई प्रतिवादीले निजको कोठामा चिया खान भनी बोलाई चिया खाएपछि गलैंचामाथि सुत्न लगाई पीडितले लगाएको कट्टु खोली खुट्टा फटाई सुसु चलाई मुसारी औंलासमेत राखिदिएको भनी बताएकोले निज नवराज पाण्डेलाई पक्राउ गरी कानूनबमोजिम गरिपाउँ भन्ने जाहेरवाला परिवर्तित नाम कृष्णगण्डकी -१ ले पुनरावेदकउपर किटानी जाहेरी दिएको र सो जाहेरी बेहोरालाई समर्थन हुने गरी निज जाहेरवालाले सुरू रूपन्देही जिल्ला अदालतमा उपस्थित भई बकपत्र गरिदिएको र Ruptured Hymen भन्नेसमेत बेहोरा उल्लेख भएको पीडितको शारीरिक परीक्षण प्रतिवेदन रहेको तथा कोठामा आफू एक्लै भएको भनेपछि प्रतिवादीले चिया खान सँगै लगेका हुन्, चिया खाएपछि प्रतिवादीले गलैंचामाथि सुत्न लगाई चकलेट खान दिन्छु, हल्ला नगर भन्दै आफूले लगाएको कट्टु खोलिदिई दुवै खुट्टा फटाई आफ्नो सुसुमा हातले मुसारी औंला योनिभित्र हाली चलाउँदा दुखेकोले रूँदा केहीबेर हातले मुख थुनिदिएको र रून छाडेपछि यो कुरा कसैलाई नभन भनी कोठामा पठाएका हुन्, योनि तथा टाउकोसमेत दुखेकोले कोठामा एक्लै रूँदै बसेकी थिएँ भन्नेसमेत पीडितको अनुसन्धान अधिकारीसमक्ष मौकामा भएको कागज र प्रतिवादीले आफ्नो कोठामा लगी कट्टु खोली सुसु चलाई सुसु गर्ने ठाउँमा आफ्नो औंला छिराई मेरो मुख थुनिदिएका हुन् भनी मौकाको कागजलाई समर्थन हुने गरी पीडित परिवर्तित नाम कृष्ण गण्डकीले अदालतमा समेत उपस्थित भई गरिदिएको बकपत्रसमेतबाट प्रतिवादीको मौकाको बयान समर्थित भइरहेको देखिन्छ। प्रतिवादीले आफ्नो सुसु गर्नेमा औंला छिराएकाले दुखेबाट रोएको भन्ने पीडितको भनाइ Hymen Ruptured भन्ने निजको शारीरिक परीक्षण प्रतिवेदनबाट समर्थित भइरहेकाले आफूले पीडितको योनिमा औंलाले मुसारेकोसम्म हो भन्ने प्रतिवादीको भनाइ तथ्यतः अन्यथा रहेको देखिने।

जबरजस्ती करणी जस्तो आपराधिक कार्य कसुरदारले एकान्त, अन्देखा जस्ता ठाउँमा घटाउने गर्दछ । यस्तो अपराधमा सामान्यतः प्रत्यक्षदर्शी नहुन सक्छ । यस्तो अपराधमा पीडित स्वयम् प्रत्यक्ष र जीवित प्रमाण हुँदा निजको भनाइलाई अन्य वस्तुगत प्रमाणले अन्यथा प्रमाणित नभएसम्म सर्वमान्य प्रमाणको रूपमा स्वीकार गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा पीडितको HYMEN Ruptured भन्ने पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट देखिन्छ । शारीरिक परीक्षण जस्तो भौतिक परीक्षणबाट देखिएका तथ्यले झुटो बोल्दैन भन्ने मान्नुपर्ने हुन्छ। भौतिक परीक्षणबाट प्रमाणित हुने सो प्रमाण तत्काल सङ्कलन गरिएको हुँदा जबरजस्ती करणी जस्तो कसुरमा शारीरिक परीक्षण प्रतिवेदनको ज्यादै महत्त्व हुन्छ। साथै पीडित परिवर्तित नाम कृष्ण गण्डकीले आफूलाई पुनरावेदक प्रतिवादी नवराज पाण्डेले जबरजस्ती करणी र बाल यौन दुराचार नगरेको अवस्था भए पीडितले पुनरावेदक प्रतिवादीबाट सो कार्य भयो भनी बाल मस्तिष्कबाट अभियोग लगाउने कुरा सामान्यतः हुँदैन । साथै यी

पुनरावेदक प्रतिवादीउपर जाहेरवालाले झुठ्ठा अभियोग लगाउनुपर्नेसम्मको तथ्ययुक्त र भरपर्दो कुनै पनि कारण यी पुनरावेदक प्रतिवादीले प्रस्तुत गर्न सकेकोसमेत पाइँदैन र पीडितले अदालतमा समेत उपस्थित भई गरेको उल्लिखित बेहोराको बकपत्रबाट पीडितउपर सो आपराधिक कार्य भएको पुष्टि भइरहेको छ । प्रतिवादीको अदालतको इन्कारी बयान मिसिल संलग्न प्रमाणबाट अन्यथा प्रमाणित भइसकेको अवस्था हुँदा निजको उक्त बयानको आधारमा निजलाई निर्दोष मान्न सकिने अवस्था नरहने ।

पुनरावेदक प्रतिवादीले पीडितको यौनाङ्ग खेलाएको, योनिमा औंला छिराएको भन्ने प्रतिवादीउपर जाहेरी परेको, सोहीअनुरूपको पीडितको मौकाको कागज र अदालतमा भएको बकपत्र र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष कट्टु खोली सुसु गर्ने चलाएको स्वीकारोक्ति बयान भए पनि माथि उल्लेख भएअनुसार पीडितको शारीरिक परीक्षण प्रतिवेदन र पीडितको भनाइसमेतबाट निजले पीडितको योनिमा औंला नै छिराएको पुष्टि भई निजको उक्त भनाइ अन्यथा देखिएकोसमेत र माथि उल्लिखित तथ्य प्रमाणहरूबाट अभियोग दाबी पुष्टि हुन आएकाले यी प्रतिवादी नवराज पाण्डेले पीडित ६ वर्षकी नाबालिकालाई अप्राकृतिक मैथुन गरी माथि उल्लिखित कानून प्रतिकूल अपराध गरेको पुष्टि हुन आएबाट निज प्रतिवादी नवराज पाण्डेलाई जबरजस्ती करणीको महलको १ नं. र ९क. नं. को कसुरमा १० वर्ष कैद र ऐ. को ९क. नं. बमोजिम थप ६ महिना कैद सजायसमेत हुने तथा पीडितले प्रतिवादीबाट क्षतिपूर्ति स्वरूप पचास हजार रूपैयाँसमेत पाउने ठहर्‍याई भएको रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला कानून एवं प्रतिपादित सिद्धान्तअनुरूप भई मिलेकै देखिन आउने ।

प्रतिवादी नवराज पाण्डेलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ९क. नं. को कसुरमा ऐ.को ३ (१) नं. बमोजिम १० वर्ष कैद र ऐ. को ९क. नं. बमोजिम थप ६ महिना कैदसमेत हुने तथा पीडितले निज पुनरावेदक प्रतिवादीबाट पचास हजार रूपैयाँ क्षतिपूर्ति पाउने गरी भएको रूपन्देही जिल्ला अदालतको मिति २०७३।१२।१४ को फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत तुलसीपुर बुटवल इजलासको मिति २०७५।०३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः- तारादेवी महर्जन

कम्प्युटरः- सरस्वती दाहाल

**इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम् ।**

४५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७६-RC-०१३९, कारागारबाट थुनुवा भागेको, नेपाल सरकार वि. धनराज खत्री

प्रतिवादीको मौकाको बयान तथा अदालतमा भएको बयान, जाहेरवाला ईश्वरबहादुर सिंह र घटना विवरण कागज गर्ने मानिसहरूले किटानी पोल गरी गरेको कागज तथा अदालतसमक्ष गरिदिएको बकपत्रसमेतबाट यी प्रतिवादीले सुरक्षाकर्मीसमेतलाई छली कारागारको पर्खाल नाघी भागेको तथ्य शङ्कारहित तवरले पुष्टि हुन आयो । प्रतिवादी धनराज खत्री आरोपित रहेको कर्तव्य ज्यान मुद्दामा मिति २०७३।३।१३ मा फैसला हुँदा निजलाई सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू बझाङ जिल्ला अदालतले गरेको फैसला उच्च अदालत दिपायलबाट सदर हुने ठहर्‍याएको फैसला आज यसै इजलासबाट सदर हुने ठहरी सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) ले प्रतिवादीलाई सर्वस्व नहुने भई जन्मकैदको सजाय हुने ठहरी फैसला भएको छ । अब निज प्रतिवादी धनराज खत्रीलाई थुनाबाट भागी गएतर्फको कसुरमा कारागार ऐन, २०१९ को दफा २४(४) बमोजिम निजलाई

भएको जन्मकैदको डेढी बढाई सजाय हुनेमा ऐ. ऐनको दफा २४ (६) मा उपदफा (३) (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाबमोजिम सजाय गर्दा २० वर्षभन्दा बढी कैद हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेअनुसार निजलाई २० वर्षभन्दा बढी कैद सजाय हुन सक्ने अवस्था नहुँदा सुरू अदालतबाट निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम कारागार ऐन, २०१९ को दफा २४ (४) को कसुरमा ऐ.को दफा २४ (६) समेतलाई दृष्टिगत गरी सोही दफा २४ (४) बमोजिम २० वर्ष कैद सजाय हुने गरी भएको फैसला सदर गर्ने गरेको उच्च अदालत दिपायलको मिति २०७४।०२।१६ को फैसला कानूनसम्मत देखिन आउने ।

तसर्थ, प्रतिवादी धनराज खत्रीलाई अभियोग मागदाबीबमोजिम कारागार ऐन, २०१९ को दफा २४ (४) को कसुरमा ऐ.को दफा २४ (६) समेतलाई दृष्टिगत गरी सोही दफा २४ (४) बमोजिम २० वर्ष कैद सजाय हुने ठहर गरी भएको सुरू बझाङ जिल्ला अदालतको मिति २०७३।३।१३ को फैसला सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम् ।**

## इजलास नं.१०

४६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०६८७, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. मुकेस कुमार शर्मा (लोहार) समेत

घाउ जाँच केस फाराममा Gun Shoot injury over Rt. Shoulder Rt. Side of the chest भन्ने उल्लेख भएको देखिन्छ भने घाइते सुरेन्द्र साह कलवारसमेतको बकपत्रबाट गोली पटक पटक प्रहार भएको हो भनी उल्लेख गर्न सकेको देखिँदैन । साथै गोली प्रहार गर्ने रामभरोस राय यादव हुन् भनी जाहेरवाला राकेसकुमार, घाइतेकी श्रीमती रम्भा देवी र घाइते स्वयंले समेत भनेको अवस्थामा यी प्रतिवादीहरू मुकेसकुमार शर्मा र श्यामनन्दन कुमार यादवले गोली चलाएका हुन् भन्ने अन्य विश्वासिलो भौतिक एवं स्वतन्त्र प्रमाण मिसिल संलग्न रहेको देखिन आएन । यसै सन्दर्भमा पुनरावेदक वादी नेपाल सरकार विरूद्ध प्रत्यर्थी प्रतिवादी विष्णुकुमार याख्खा राईसमेत भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट ने.का.प. २०७६, अङ्क ४, नि.नं.१०२४६ मा “घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् वा निजका परिवारले कसुरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन / अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शङ्का र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने” भन्ने प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा केवल जाहेरी दर्खास्तमा किटानी नाम उल्लेख भएकै एक मात्र आधारमा फौजदारी दायित्व सिर्जना हुन्छ भनी मान्न नमिल्ने ।

आरोप लगाएर मात्र हुँदैन लगाएको आरोप समर्थित भई पुष्टि भएको पनि देखिनुपर्दछ । प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेका, निजहरूको इन्कारी भनाइ बेहोरा उपस्थित भई बकपत्र गर्ने निजहरूको साक्षीको बकपत्र बेहोराबाट समर्थित भई पुष्टि भएको, जाहेरवाला, घाइते तथा बुझिएका मानिसहरूले समेत गोली प्रहार गर्ने रामभरोस राय यादव हुन् भनी आ-आफ्नो बेहोरा लेखाई यी प्रतिवादीहरूलाई पोल नगरेकोसमेतबाट प्रत्यक्ष, स्वतन्त्र र वस्तुनिष्ठ विश्वासयोग्य प्रमाणको अभावमा यी प्रतिवादीहरू मुकेसकुमार शर्मा र श्यामनन्दन कुमार यादवले आरोपित कसुर गरे भनी भन्न मिल्ने नदेखिँदा सुरू अभियोग मागदाबीबमोजिम नै निज प्रतिवादहरूलाई सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र पुनरावेदन जिकिरलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस जिकिरसँग

सहमत हुन नसकिने।

तसर्थ, विवेचित तथ्यगत आधार र कारणसमेतबाट प्रतिबादीहरू मुकेसकुमार शर्मा र श्यामनन्दन कुमार यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसुरमा सोही महलको १५ नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद गर्ने गरी सुरू अदालतबाट भएको फैसला उल्टी गरी अभियोग दाबीबाट यी प्रतिवादीहरू मुकेसकुमार शर्मा र श्यामनन्दन कुमार यादवले सफाइ पाउने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल जेठ १८ गते रोज १ शुभम्।**

**४७**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CI-०६६७, लिलाम दर्ता बदर दर्ता, शिवनाथ राउत अहिर वि. धर्मनाथ राउत अहिरसमेत

मुलुकी ऐन लेनदेन व्यवहारको ८ नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा घरको मुख्य भई कामकाज गर्ने व्यक्तिले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ भन्ने व्यवस्था गरिएको छ। उक्त कानूनी व्यवस्थाका आधारमा के कस्तो दायित्व गोश्वारा धनबाट बेहोरिन्छ भन्ने स्पष्ट देखिएको छ। प्रस्तुत मुद्दामा सगोलमै बसी धर्मनाथ राउतले लिएको ऋण सगोलको घर व्यवहार चलाउन नै लिएका हुन् भन्ने तथ्य मिसिल कागजातबाट नदेखिएको साथै एकाघरका अन्य जानकार अंशियारको सहीछाप वा मन्जुरीसमेत नलिई लिएको ऋणको दायित्व मन्जुरी नभएका अंशियारले बेहोर्नुपर्ने नदेखिने।

त्यसैगरी सोही महलको ९ नं. ले मुख्य भई कामकाज गरेकोमा बाहेक अरू अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भने निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहुले सो धनमा समाउन पाउँदैन। निजले आफैँले आर्जन गरेको वा आफूखुसी गर्न पाउने सम्पत्तिबाट मात्र लिन पाउँछ भन्ने कानूनी व्यवस्थालाई हेर्दा धर्मनाथ घरको मुख्य भई कामकाज गर्ने व्यक्ति नभई निजले आफ्नो व्यवहार गरेकोमा निजले आफैँले आर्जन गरेको वा निजको हक भोगलाग्ने आफूखुसी गर्न पाउने सम्पत्तिबाट मात्र साहुले लिन पाउने देखियो। यसरी निज धर्मनाथले आफूखुसी गर्न नपाउने दाइको अंश भाग लाग्ने सम्पत्तिबाट आफूले लिएको ऋणको दायित्व वहन गराउने कार्यलाई कानूनसम्मत मान्न मिल्ने नदेखिने।

प्रतिवादी धर्मनाथ राउत अहिर घरको मुख्य व्यक्ति भई घर व्यवहार सञ्चालन गरेका हुन् भन्ने निर्विवाद रूपमा पुष्टि हुन नसक्नुका साथै निजले परिवारका अन्य सदस्यहरूको मन्जुरी र जानकारीबिना लिएको ऋण के कुन प्रयोजनका लागि प्रयोग गरे भन्ने कहीँकतैबाट खुल्दैन। त्यसरी ऋण लिने र त्यसको प्रयोग पनि आफूखुसी गर्ने व्यवहारबाट परिवारका अन्य सदस्यहरू लाभान्वित हुन सक्ने अवस्था रहँदैन। त्यसका लागि कुनै पनि व्यवहार कि त घरको मुख्य व्यक्तिले गरेको व्यवहार हुनुपर्छ, कि त एकाघरका उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहार हुनुपर्छ। तर प्रस्तुत मुद्दामा धर्मनाथ राउत अहिरले कर्जा लिएको कुराको जानकारी शिवनाथलाई थियो वा निजको मन्जुरी लिइएको थियो भन्ने कुराको प्रमाण देखिएको छैन। एकाघरका अन्य अंशियार वा मुख्य व्यक्तिलाई कुनै जानकारी नै नदिई लिइएको ऋणको दायित्व वहनका लागि गरिएको भन्ने कुरा प्रस्तुत मुद्दाको तथ्यबाट देखिन्छ। तर कानूनले घरका मुख्य व्यक्तिको सहीछाप वा लिखत नभएको व्यवहार गोश्वारा धनबाट नबेहोरिने स्पष्ट व्यवस्था गरेको छ। तसर्थ घरको मुख्य व्यक्तिका रूपमा नरहेका यी प्रतिवादीले घरको जेठो अंशियार शिवनाथ राउत अहिरको मन्जुरी नलिई

लिएको ऋणको दायित्व बेहोर्नका बिगो भरिभराउतर्फ कारबाही चलाई डाँक लिलाम मुचुल्काबमोजिम यी पुनरावेदक वादीसमेतको अंश हक लाग्ने कि.नं.३८० हाल कि.नं.१७० को पूरा, कि.नं.९४९ को हालको कि.नं.४८२ को ०-५-० मध्ये उत्तरतर्फबाट ज.वि. ०-४-१२ जग्गा लिलाम गरी भरिभराउ गर्ने कार्यलाई कानूनअनुरूपको मान्न मिल्ने अवस्था नदेखिएबाट भाइ धर्मनाथले वादीसमेत एकासगोलमा रहँदाका अवस्थामा घर व्यवहार प्रयोजनका लागि लिएको ऋणको दायित्व यी वादीसमेतले बेहोर्नुपर्ने नै देखिँदा दाबीबमोजिमको लिलाम बदर दर्तासमेतको वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाले लिएको आधार र सिद्धान्त मनासिब नदेखिँदा उक्त फैसला बदर भई उल्टी हुने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट सुरू पर्सा जिल्ला अदालतको मिति २०६८।२।२० को डाँक लिलाम मुचुल्का, सोको आधारमा मालपोत कार्यालय पर्साबाट भएको मिति २०६८।३।१२ को दा.खा. नामसारी निर्णयसमेतका लिलामी कारबाही सदर कायम गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।९।१२ मा भएको फैसला उल्टी भई पुनरावेदक वादी शिवनाथ राउत अहिरको भाग जतिको लिलाम बदर भई यी पुनरावेदक वादीको दाबी पुग्ने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।**

४८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-२४६६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. केदार कटुवालसमेत

जाहेरीसाथ पेस गरेको मिसिल संलग्न कोहिनुर इन्टरनेसनल मेनपावर प्रा.लि.को लेटरप्याडमा प्रतिवादी केदार कटुवालले रू.१,५०,०००।- जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाउन भनी रकम बुझिलिई गरिदिएको कागज, कोहिनुर ओभरसिज कन्सल्टेन्सी प्रा.लि. लाई जाहेरवालाको भाइ गंगाबहादुर श्रेष्ठले बुझाएको रकमको रसिद, कोहिनुर ओभरसिज कन्सल्टेन्सी प्रा.लि. प्रतिवादी केदार कटुवालसमेतको नाममा दर्ता रहेको मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ। यसरी प्रतिवादी केदार कटुवालको नाममा कोहिनुर इन्टरनेसनल ओभरसिज कन्सल्टेन्सी प्रा.लि. दर्ता भएको, निज प्रतिवादी केदार कटुवालले जाहेरवालाबाट रकम बुझिलिई सोही प्रा. लि. को लेटरप्याडमा नै वैदेशिक रोजगारमा पठाइदिने बेहोरा उल्लेख गरी गरिदिएको कागज तथा जाहेरवाला र पीडितले सोही प्रा.लि.मा गई रकम दिएको भनी गरेको बकपत्रसमेतबाट यी प्रतिवादी केदार कटुवालले जाहेरवाला / पीडितलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम लिई भनेबमोजिम वैदेशिक रोजगारमा नपठाएको कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध देखिँदा निज प्रतिवादी केदार कटुवाललाई सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद तथा बिगो रू. १,५०,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रकमसमेत निजबाट जाहेरवालाले भराइपाउने ठहर गरी न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिँदा केही गरिरहनु नपर्ने।

जाहेरवालाको भाइ गंगा श्रेष्ठलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी झुठा आश्वासन दिई प्रलोभनमा पारी भनेबमोजिमको रोजगारीमा नपठाएको र लिए खाएको रकमसमेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराधमा निज प्रतिवादीहरू विष्णु खड्का, हेमनाथ पोख्रेलसमेतको संलग्नता रहेकोले यी प्रतिवादीहरू हेमनाथ पोख्रेल र विष्णु खड्कालाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने जिकिर रहेकोमा जाहेरवाला तथा पीडितले जाहेरी तथा बकपत्रमा प्रतिवादी हेमनाथ पोख्रेल र विष्णु खड्कासमेतको कसुरमा संलग्नता छ भनी उल्लेख

गरे तापनि जाहेरवालाले कोहिनुर ओभरसिज कन्सल्टेन्सी प्रा.लि.मा गई रकम बुझाई प्रतिवादी केदार कटुवालले रकम बुझी कम्पनीको तर्फबाट कागज गरिदिनुका साथै प्रतिवादी विष्णु खड्का उक्त कागजमा साक्षीसम्म बसेको र हेमनाथ पोख्रेलले उक्त प्रा.लि.को रसिद दिएको भन्ने देखिँदा साक्षीको हैसियत भएका व्यक्तिलाई जाहेरवालाले रकम बुझाएको र अर्का प्रतिवादी हेमनाथ पोख्रेलले रसिद दिएको भनी जाहेरवालाले उल्लेख गरेबाहेक यी प्रतिवादीहरूको अभियोग दाबीअनुसारको कसुरमा संलग्नता थियो भन्ने अन्य कुनै वस्तुनिष्ठ स्वतन्त्र र विश्वासनीय प्रमाण मिसिल संलग्न कागजातहरूबाट नदेखिने।

जाहेरवाला तथा पीडितले जाहेरी र बकपत्रमा प्रतिवादी विष्णु खड्काको उक्त कसुरमा संलग्नता रहेको भनी उल्लेख गरे तापनि अनुसन्धानमा तथा न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाको भाइलाई विदेश पठाउन भनी आफूले कुनै रकम नलिएको, जाहेरवालाले एउटा कागजमा साक्षी बसिदिनुपर्‍यो भनेकाले छिमेकीसमेत भएका नाताले जाहेरवालाको उक्त कागजमा साक्षीसम्म बसिदिएको हो भनी कसुरमा इन्कार रही प्रतिवादी विष्णु खड्काले गरेको बयानलाई अन्यथा हो भनी अभियोजन पक्षबाट वस्तुनिष्ठतवरले पुष्टि गर्न नसकेको साथै अर्का प्रतिवादी हेमनाथ पोख्रेलले कोहिनुर इन्टरनेसनल ओभरसिज कन्सल्टेन्सी प्रा.लि. बाट रकम बुझिलिएको रसिद जाहेरवालालाई दिएको हो भनी केवल जाहेरवालाले गरेको बकपत्रकै आधारमा यी प्रतिवादीहरू विष्णु खड्का र हेमनाथ पोख्रेललाई अभियोग दाबीअनुसारको कसुर ठहर गर्नु न्यायोचित नहुने देखिँदा यी प्रतिवादीहरू हेमनाथ पोख्रेल र विष्णु खड्कालाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको न्यायाधिकरणको फैसला मनासिब नै देखिएकोले अभियोग दाबीअनुसार नै यी प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित तथ्यगत आधार र कारणसमेतबाट प्रतिवादी केदार कटुवाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद तथा बिगो रू.१,५०,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रकमसमेत निज प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहर्‍याई यी प्रतिवादीहरू हेमनाथ पोख्रेल र विष्णु खड्कालाई अभियोग मागदाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७५।९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव) : माधव भण्डारी / गोविन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम्।**

४९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७८-WO-०३३५, परमादेशसमेत, नमराज अधिकारीसमेत वि. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

प्रकाशित विज्ञापनको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (च), १३, १८ ले प्रत्याभूत गरेको कानूनी तथा मौलिक हकमा आघात पारेकोले लुम्बिनी विकास कोषको मिति २०७१।६।१५ को विज्ञापन बदर गरी योग्यता पुगेका नेपाली नागरिकले खुला प्रतिस्पर्धा र समावेशीको रूपमा समेत आवेदन दिन सक्ने गरी परमादेशको आदेश जारी गरिपाउँ भनी पुन्यवती श्रेष्ठसमेत विरूद्ध लुम्बिनी विकास कोषसमेत भएको (०७१-WO-०३०९) रिट निवेदन परी अन्तरिम आदेशसमेत जारी भएकोले सो विज्ञापन कार्य रोकिएको देखिन्छ। साथै समानताको हकविपरीत हुने गरी लुम्बिनी विकास कोष कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी तेस्रो संशोधन विनियमावली, २०७१ को विनियम ३.१० (३) मा भएको साबिकको व्यवस्थाको सट्टा उमेरको हद नलाग्ने गरी सीमित प्रतियोगिताद्वारा पदपूर्ति गरिने भनी राखेको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (च), १३ (१), १८, १९, २७ सँग बाझिएको हुँदा बाझिएको हदसम्म उत्प्रेषणको

आदेशले बदर गरिपाउँ भनी सुजया अधिकारीसमेत विरूद्ध लुम्बिनी विकास कोषसमेत भएको उत्प्रेषण (०७१-MS-००३७) को रिट निवेदन परेको समेतको अवस्था देखिन्छ । तत् निवेदनहरू सुनुवाइ भई लुम्बिनी विकास कोषः कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०५८ मा भएको तेस्रो संशोधनमा साबिकमा रहेको विनियम ३.१० (३) को सट्टा देहायको संशोधित विनियम ३.१० (३) मा "कोषको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरूको हकमा प्रथम एक पटकलाई उमेरको हदबन्दी लागु नहुने गरी सीमित प्रतियोगिताद्वारा पदपूर्ति गरिने छ" भन्ने व्यवस्थाबमोजिम लुम्बिनी विकास कोष, पदपूर्ति समितिद्वारा एक पटकका लागि कोषको करार सेवामा कार्यरत कर्मचारीहरूलाई उमेरको हदबन्दी नलाग्ने गरी सीमित प्रतियोगिताद्वारा पदपूर्ति गर्ने गरी लुम्बिनी विकास कोषद्वारा प्रतियोगितात्मक सीमित परीक्षाको सूचना मिति २०७१।६।१५ मा प्रकाशित विज्ञापन नं. २०७१/७२ प्रा.२०१ देखि २०७१/७२ प्रा.२०९ सम्मको विज्ञापनको सूचना प्रकाशित गरेको कार्य कानूनअनुरूप नै प्रकाशित भएको देखिन आएकोले निवेदकहरूको मागबमोजिम उक्त विज्ञापनको सूचना बदर गरिरहन परेन भनी ०७१-WO-०३०९ को रिट निवेदन खारेज हुने ठहरी मिति २०७७।८।४ मा यस अदालतबाट फैसला भएको देखिन्छ । साथसाथै लुम्बिनी विकास कोष कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०५८ मा भएको तेस्रो संशोधनद्वारा संशोधित विनियम ३.१० (३) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (३) (च), धारा १३, १८, १९ तथा २७ एवं वर्तमान नेपालको संविधानको धारा १७ (२) (च), १८, २५, २७ र ३३ सँग बाझिएको अवस्था नदेखिएकोले ०७१-MS-००३७ रिट निवेदन खारेज हुने ठहरी यस अदालतको संवैधानिक इजलासबाट मिति २०७५।२।१८ मा फैसला भएको देखिन्छ । सर्वोच्च अदालतमा विचाराधीन उक्त मुद्दाहरूका कारणले मिति २०७१।०६।१५ मा प्रकाशित विज्ञापनबमोजिम पदपूर्ति प्रक्रिया अगाडि नबढेको र सर्वोच्च अदालतको उपर्युक्त फैसलापछि उक्त विज्ञापनबमोजिमको पदपूर्ति बढाउनका लागि च.नं.८७४ मिति २०७३।११।२४ को संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लोक सेवा आयोगमा पत्राचार हुँदा लोक सेवा आयोगको प.सं. ०७४।०७५, च.नं. ७, मिति २०७४।४।१ को पत्रमा उक्त विज्ञापन नेपालको संविधान जारी हुनुपूर्व नै भएको देखिँदा सो विषय आयोगको कार्यक्षेत्रभित्र नपर्ने भनी निर्णयसमेत भएको मिसिल संलग्न कागजातबाट देखिन आयो । यसरी उक्त विज्ञापनको परीक्षा सञ्चालनको लागि कोषले तालुक कार्यालयहरूसमक्ष समन्वय र पत्राचार गरे तापनि कोषको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०५८ मा भएको तेस्रो संशोधनद्वारा संशोधित विनियम ३.१० (३) को प्रावधानबमोजिम प्रकाशित विज्ञापनअनुसार परीक्षा सञ्चालन गरी स्थायी पदपूर्तिको कार्य सम्पन्न हुन सकेको पाइँदैन । परिणामतः हालसम्म पनि उक्त विज्ञापनबमोजिम परीक्षा सञ्चालनको कार्य नगरी लामो समयदेखि करार सेवामा रहेका कर्मचारीहरूको स्थायी नियुक्तिको कार्य हुन नसक्नाले करार सेवामा कार्यरत निवेदकहरूको वृत्ति विकासमा समेत असर पर्ने देखिन्छ । साथै कोषले उक्त प्रावधानअनुसार कोषमा रहेको रिक्त पदपूर्ति गरी कोषको काम कारबाही र सेवा प्रवाहलाई प्रभावकारी बनाउनसमेत सकेको नदेखिने।

लुम्बिनी विकास कोष कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०५८ मा भएको तेस्रो संशोधनमा साबिकमा रहेको विनियम ३.१० (३) को सट्टा देहायको संशोधित विनियम ३.१० (३) मा "कोषको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरूको हकमा प्रथम एक पटकलाई उमेरको हदबन्दी लागु नहुने गरी सीमित प्रतियोगिताद्वारा पदपूर्ति गरिने छ" भन्ने व्यवस्थाबमोजिम लुम्बिनी विकास कोष, पदपूर्ति समितिद्वारा एक पटकका लागि कोषको करार सेवामा कार्यरत कर्मचारीहरूलाई उमेरको हदबन्दी लागु नहुने गरी सीमित प्रतियोगिताद्वारा पदपूर्ति गर्ने

गरी लुम्बिनी विकास कोषद्वारा प्रतियोगितात्मक सीमित परीक्षाको लागि मिति २०७१।६।१५ मा प्रकाशित विज्ञापन र संशोधित विनियमको ३.१० (३) को प्रावधान सो कोषका कर्मचारीका लागि वैधानिक अपेक्षा (Legitimate Expectation) को अवधारणा निवेदकहरूको हकमा आकर्षित हुन आउने।

विपक्षी कोषबाट मिति २०७१।६।१५ मा प्रकाशित विज्ञापनबमोजिम मिति २०७१।७।१३ गतेसम्म परीक्षा दस्तुर तिरी मिति २०७१।७।२० गतेसम्म लुम्बिनी विकास कोषको प्रधान कार्यालयमा रीतपूर्वक दर्खास्त गर्ने उम्मेदवारका हकमा एक पटकको लागि सीमित प्रतियोगिताद्वारा पदपूर्ति गर्न गराउन परीक्षा सञ्चालन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव) : सुरेश के.सी. र माधव भण्डारी

कम्प्युटर : प्रेमबहादुर थापा

**इति संवत् २०७८ साल फागुन १६ गते रोज २ शुभम्।**

५०

**मा.न्या.श्री तेजबहादुर के.सी.र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७७-WO-१०४५, उत्प्रेषणसमेत, लाइफ केयर प्रिन्स डाइग्नोष्टिक सेन्टर प्रा.लि. वि. नेपाल ट्रष्टको कार्यालयसमेत

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३१ कमलादीस्थित कित्ता नं.२३३५ क्षेत्रफल ५-०-२-० को जग्गामा बनेको भवनलाई कन्सेप्ट डेभलपर्स प्रा.लि.लाई मिति २०५०।३।३ मा सम्झौता गरी सत्ताइस वर्षको लागि भाडा (लिज) मा दिइएकोमा मिति २०६६।९।२३ मा पूरक सम्झौतासमेत भई उक्त सम्झौताहरूको अवधि मिति २०७७।३।२ गतेसम्म मात्र कायम भएको र सो समयमा उक्त कन्सेप्ट डेभलपर्ससँग सम्झौता गरी यी निवेदकहरू सो भवनमा व्यापार व्यवसाय गरी बसी आएको देखिन्छ । समयावधि (लिज अवधि) समाप्त भएपश्चात् निवेदकहरूको प्रस्तुत विषयमा कुनै हकदैया तथा अधिकार कायम रहने भन्ने हुँदैन । करारीय सम्झौताबाट सिर्जित अधिकार सो करार कायम रहँदासम्म मात्र हुन आउँदछ । स्वतन्त्र रूपमा करार गरी सोको अवधि समाप्त भएपछि पनि करारका सर्तका सम्बन्धमा असम्बन्धित व्यक्तिबाट गरिएको दाबी कानूनसम्मत् भएको मान्न नमिल्ने।

नेपाल ट्रष्टको कार्यालय एउटा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हो । यसले व्यक्तिसरह करार गर्न र करारबमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न सक्दछ । नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ को उपदफा ३ (क) मा "उपदफा ३ बमोजिम कार्यक्रम सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्ने छ" भन्ने व्यवस्था गरेको छ । यसरी नेपाल ट्रष्टको कार्यालयले आर्थिक सामाजिक तथा अन्य सार्वजनिक हितको उद्देश्य प्राप्तिलाई समेत मध्यनजर राखी सञ्चालक समितिले नेपाल ट्रष्ट ऐन, २०६४ ले दिएको अधिकारअनुसार काठमाडौं महानगरपालिकालाई १० वर्षको लागि लिज भाडामा दिने सिफारिस गरी पठाएको तथा ट्रष्टको मिति २०७७।३।१ को सञ्चालक समितिको ५८ औं बैठकले सिफारिस गरी देखिन्छ । नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रहितमा प्रयोग हुने, ट्रष्टको सम्पत्तिको संवर्द्धन, संरक्षण, र यसको आय आर्जनका लागि ट्रष्ट सञ्चालक समितिले कार्यक्रम सञ्चालन गर्न सक्ने, त्यस्ता कार्यक्रम सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्ने कानूनी व्यवस्था रहेकोले उक्त कानूनी व्यवस्थाबमोजिम ट्रष्टले सम्पत्ति लिजमा लगाउन सक्ने कानूनी व्यवस्थालाई निवेदकले अन्यथा भन्न सकेको अवस्था नहुने । सोहीबमोजिम लिजमा लगाएकोमा सो अवधि समाप्त भएको अवस्थामा सो सम्बन्धमा कसैले लिज अवधि थप गरिपाउन निवेदन गरेकोमा अर्को पक्षबाट अवधि थप नहुँदैमा त्यस कार्यबाट कसैको कुनै

अधिकारमा आघात पारेको भनी दाबी गर्न कानूनसम्मत हुँदैन। करारको विषयमा करारका पक्षले करारबमोजिम नभएको अवस्थामा करारको परिपालना गराउनुपर्ने भएमा म्यादभित्र करारमा उपचारको व्यवस्था भएकोमा सोहीबमोजिम र सो नभएको अवस्थामा सम्बन्धित जिल्ला अदालतबाट उपचार प्राप्त गर्न सक्ने नै हुन्छ। रिट निवेदकको सम्बन्ध कन्सेप्ट डेभलपर्ससँग मात्र रहेको अवस्थामा उक्त निकायसँग कुनै विवाद भएमा सम्झौताका सर्तबमोजिम उपचार खोज्नुपर्नेमा वैकल्पिक उपचारको माध्यम हुँदाहुँदै रिट क्षेत्र आकर्षित हुन नसक्ने।

साथै मूल सरोकारवाला व्यक्ति सुवासराज काफ्लेले लिज अवधि थप गरिपाउँ भनी नेपाल ट्रष्टमा मिति २०७६।१।१५ मा दिएको निवेदनका सम्बन्धमा नेपाल ट्रष्टको मिति २०७६।७।७ को बैठकले कारणसहित अस्वीकार गरेको र त्यसको जानकारी निजलाई मिति २०७६।९।१५ मा नै भइसकेकोले सो निर्णय र जानकारीलाई निवेदकहरूले कुनै चुनौती नदिई हालसम्म चित्त बुझाई बसेको र प्रस्तुत रिट निवेदनमा पनि त्यसलाई चुनौती दिनसमेत सकेको पाइँदैन । यसरी निज सुवासराज काफ्लेलाई मिति २०७६।९।१५ मा निजको लिज अवधि थप गर्ने प्रस्ताव अस्वीकार गर्ने जानकारी नेपाल ट्रष्टले गराइसकेपछि काठमाडौं महानगरपालिकाले मिति २०७६।१०।२० मा कार्यालय प्रयोजनका लागि निवेदकले दाबी गरेको स्थान लिजमा लिन नेपाल ट्रष्टमा मनसाय पत्र पठाएकोसमेत देखिन्छ। उक्त मनसाय पत्रको आधारमा नेपाल ट्रष्टले मिति २०७६।१०।२२ को बैठकबाट काठमाडौं महानगरपालिकासँग आर्थिक प्रस्ताव माग गर्ने निर्णय गरे मुताबिक महानगरपालिकाको निर्णयबमोजिम मिति २०७६।१२।३ मा आर्थिक प्रस्ताव पेस गरेउपर छलफल भई नेपाल ट्रष्टले कानूनबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्मा सिफारिस गरी म.प. को मिति २०७७।३।२ को निर्णयबमोजिम काठमाडौं महानगरपालिकाको मागअनुसार उक्त स्थान कार्यालय प्रयोजनका लागि लिज वा भाडामा दिने निर्णय भएबमोजिम नै लिज प्रक्रिया अघि बढेको देखिन्छ । नेपाल ट्रष्ट ऐन र नियमावलीबमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी महानगरपालिकालाई लिजमा दिने गरी भएको सिफारिस एवम् निर्णयमा कुनै कानूनी त्रुटि भएको आधार, कारण र औचित्य रिट निवेदकहरूले देखाउन सकेकोसमेत पाइँदैन । नेपाल ट्रष्टले आफ्नो सम्पत्ति लिज वा भाडामा लगाउन सक्ने व्यवस्था नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ र ९ तथा ऐ. को नियमावलीको नियम ३, ४, ५ र ६ मा उल्लेख भएबमोजिम नै नेपाल ट्रष्टले महानगरपालिकाको कार्यालय प्रयोजनका लागि लिजमा दिन सकिने सिफारिस गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको कार्य कानूनले दिएको अख्तियारी र अधिकार क्षेत्रभित्रको विषयभित्रको देखिन आउँछ। कन्सेप्ट डेभलपर्स प्रा.लि.ले उक्त भवन करारमा लिएको अवधि समाप्त भएको हुँदा उक्त प्रा.लि. को भाडामा बसेका व्यक्ति, फर्म कम्पनीहरू पनि पछि सम्झौताबमोजिम भवनलाई भाडामा लिने काठमाडौं महानगरपालिकाले स्वीकारेमा बाहेक यी निवेदकहरू पुनः चाहेको समयसम्म उक्त भवनमा भाडामा बसिरहन पाउँ भनेर मिल्ने स्थिति नदेखिने।

निवेदकहरूको व्यवसायमा नै असर पर्ने गरी भवन खाली गर्नु भनी जारी सूचनासमेतका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी कन्सेप्ट डेभलपर्स प्रा.लि. को प्रस्तावबमोजिम गर्न परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृत (उपसचिव) : सुरेश के.सी.

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल फागुन १६ गते रोज २ शुभम्।**